"हरित संगमस्थल हाम्रो शहर, सुन्दर समृद्ध कोहलपुर नगर"

# कोहलपुर शैक्षिक झलक

# Kohalpur Educational Glimpse

वर्ष २ असार २०७८ अङ्क २



कोहलपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल


Building Back Better: toward a disability- inclusive, accessible and sustainable post COVID- 19 World"
कोभिड-१९ पश्चातको उत्कृष्ट पुनरागमनको सुनिश्चिता: अपाङ्गता भएका व्यक्तिहरुको पहुँच र दिगो विकासको लागि हामी सबैको प्रतिबद्धता। "
अपाङ्गता भएका व्यक्तिहरुको २९औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोजित
चित्रकला प्रतियोगिता
शीर्षक: अपाङ्गतामैत्री विद्यालय
समन्वय




बालविकास केन्द्रका लागि शैक्षिक सामग्री वितरण तथा शैक्षिक सामग्री प्रयोगको अभिमुखीकरण कार्यक्रम
मिति : २०७७ पुष १० र ११ गते
स्थान: कृष्ण माध्यमिक विद्यालय, कौशिला नगर, कोहलपुर


12th KRISA Running Shield Sports Meet


कोहलपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
2020/11/27 08:20


श्री जनज्ञानज्योति माध्यमिक विद्यालय
कोहलपुर न.पा.-२, कोशिलानगर, बाँके
कोहलपुर नगरपालिका स्तरीय
गणित शिक्षकहरूको
एक दिवसीय कार्यशाला गोष्ठी
२०७८ वैशाख ८ गते


समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचारहरू


Zillion
brother
Value meets reliability


आधारभूत तह (कक्षा १-८) सामुदायिक विद्यालयहरूलाई



# कोहलपुर शैक्षिक झलक
# Kohalpur Educational Glimpse

| | | |
|---|---|---|
| वर्ष २ | २०७८ | अङ्क २ |

**प्रकाशक**
कोहलपुर नगरपालिका
नगरकार्यपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**कोहलपुर शैक्षिक झलक, २०७८**

**प्रकाशक**

कोहलपुर नगरपालिका
नगरकार्यपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०७८ असार

प्रकाशन प्रति :

सल्लाहकार
लुटबहादुर रावत, नगर प्रमुख
सञ्जुकुमारी चौधरी, नगर उपप्रमुख
छविलाल नेपाली, प्रमुख प्रशासकीय अधिकृत
नारायणी वली, संयोजक, सामाजिक विकास समिति

संयोजन तथा लेखन
अनन्त कुमार पौड्याल

सम्पादन
रविलाल मिजार
शिला गौतम

तथ्याङ्क सङ्कलन
बलबहादुर नेपाली

वितरण व्यवस्थापन
कुसुम लामिछाने

वितरण सहयोगी
निलम बाल्मिकी
भरत चौधरी

# शुभकामना सन्देश

शिक्षा, युवा तथा खेलकुद शाखाको कार्यक्रम अनुसार "कोहलपुर शैक्षिक झलक-२०७८" को दोस्रो अङ्क प्रकाशन भएकोमा म अत्यन्त हर्षित छु । दोस्रो अङ्क प्रकाशित हुनुले शैक्षिक झलक प्रकाशन गर्ने कार्यको निरन्तरता हासिल भएको छ ।

शैक्षिक झलकको प्रस्तुत अङ्कमा कोहलपुर नगरपालिकाको समग्र अवस्थाको विवरण समेटिएको छ । शैक्षिक इतिहास र शैक्षिक सङ्घ/ संस्थाहरुको आधारभूत विवरणहरु दिइएको छ । सङ्घीय तथा स्थानीय शिक्षासम्बन्धी नीति, ऐन तथा केही कार्यविधिहरु समेत समावेश गरिएका छन् । यसबाट स्थानीय सरोकारवालाहरुमा शैक्षिक विवरण तथा नीतिहरु सम्बन्धमा जानकारी हुने छ । यसैगरी विद्यालयमा गएका अनुदान रकमहरुको विवरण पनि राखिएको छ । यसबाट पारदर्शिता र सूचना जस्ता सुशासनका पक्षहरुलाई कायम गर्न मद्दत पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

कोभिड-१९ दोस्रो लहरको संत्रास र कार्यालय कामको व्यस्तताका अतिरिक्त समयको सदुपयोग गरी शैक्षिक झलकको प्रकाशन गर्नुभएकोमा शिक्षा शाखाका प्रमुख लगायत सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । शैक्षिक झलक प्रकाशन गर्दै जाने कार्यक्रमले आगामी वर्षहरुमा समेत निरन्तरता पाउने नै छ भन्ने आशा गर्दछु ।

लुटबहादुर रावत
नगर प्रमुख
कोहलपुर नगरपालिका, बाँके

# शुभकामना सन्देश

कोहलपुर नगरपालिका, नगरकार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले कोहलपुरको शैक्षिक स्थितिलाई उजागर गर्ने शैक्षिक झलक-२०७८ प्रकाशन गरेकोमा शाखालाई बधाइ तथा धन्यवाद दिन चाहन्छु ।

शैक्षिक झलक प्रकाशनको नियमितता हुनु राम्रो कुरा हो । यसले कोहलपुरको शैक्षिक स्थिति विवरण उपलब्ध भएको छ । यसबाट सरोकारवालाहरुलाई नगरपालिकाको अद्यावधिक शैक्षिक स्थितिका बारेमा जानकारी लिन मद्दत गर्नेछ भन्ने मलाई लागेको छ ।

शैक्षिक झलकको प्रकाशनले विद्यालय शिक्षाको बारेमा नीति निर्माण गर्न, अनुगमन र नियमन गर्न महत्वपूर्ण निर्वाह गर्दछ । अहिलेको सूचना र जानकारीको युगमा नगरपालिकासँग सहकार्य गर्ने सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरुका लागि समेत शैक्षिक झलकको दोस्रो अङ्क उपयोगी बन्न सक्छ भन्ने मलाई विश्वास छ । साथै आगामी वर्षमा समेत यसै गरी शैक्षिक झलकको प्रकाशनले नियमितता पाउँदै जाने अपेक्षा व्यक्त गर्दछु ।

सञ्जुकुमारी चौधरी
नगर उप-प्रमुख
कोहलपुर नगरपालिका

# शुभकामना !

शैक्षिक झलकको प्रकाशन गर्ने कार्यले सुशासनको एउटा पक्षलाई सम्बोधन गर्दछ । यसले पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग गर्दछ । माग नगरीकनै सरोकारवालाहरुलाई सूचना उपलब्ध हुन्छ । शैक्षिक सुशासन र विद्यालय प्रभावकारिताका सूचकहरु सार्वजनिक हुन्छन् । यसले स्थानीय तहको शैक्षिक इतिहासको संरक्षण र सम्बर्द्धन गर्छ ।

यो कार्यथलोमा हासिल गरेको अनुभवलाई रचनात्मक कार्यमा सङ्गठन गर्ने एक तरिका पनि हो । यस अर्थमा कोहलपुर नगरपालिका, नगरकार्यपालिकाको एक शाखाको रुपमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखाले शैक्षिक झलक-२०७८ प्रकाशन गर्ने जमर्को गर्नु प्रशंसनीय कार्य हो ।

यसको झलकमा कोहलपुरको समग्र शैक्षिक स्थितिको तथ्याङ्क प्रस्तुति र विश्लेषण गरिएको छ । साथै विद्यालयका लागि आवश्यक पर्ने आलेख तथा नीतिगत सामग्रीहरु समेत समेटिएका छन् । आशा छ, यी सामग्रीहरु विद्यालय तथा शैक्षिक सरोकारवालाहरुका लागि उपयोगी हुनेछन् ।

कोभिड-१९ को लकडाउनको अप्ठेरो वातावरणमा समेत अहोरात्र खटेर शैक्षिक झलक-२०७८ प्रकाशन गर्न सक्षम हुनु भएकोमा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख तथा सबै कर्मचारीहरुलाई हार्दिक बधाइ दिन चाहन्छु । साथै आगामी वर्षमा समेत यसको निरन्तरताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

छविलाल नेपाली
प्रमुख प्रशासकीय अधिकृत

# शुभकामना !

कोहलपुर नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखाले आफ्नो वार्षिक कार्यक्रम अनुसार शैक्षिक झलकको दोस्रो अङ्क प्रकाशन गरी निरन्तरता प्रदान गर्न सफल भएकोमा शिक्षा शाखालाई हार्दिक बधाई दिन चाहन्छु ।

यस नगरपालिकामा रहेका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक विवरण तथा कोहलपुरको समग्र शैक्षिक स्थिति समेटिएको एउटा सन्दर्भ सामग्रीको अभाव खटिकएको थियो । शैक्षिक झलक पहिलो अङ्कले त्यो अभावलाई पूरा गर्यो । अब यो दोस्रो अङ्कले पहिलो अङ्कमा छुटेका केही कुराहरुलाई समेटन मद्दत गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

मूलत: विद्यालयका आधारभूत शैक्षिक तथ्याङ्क र केही नीतिगत जानकारीहरु समेटिएको प्रस्तुत शैक्षिक झलक विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सबै सरोकारवालाका लागि  एक सङ्ग्रहणीय स्रोत सामग्री सामग्री बन्ने छ भन्ने मलाई लागेको छ ।

कोरोना-१९ दोस्रो लहरको महामारीमा समेत समय व्यवस्थापन गरी यस झलक तयार गर्न जुट्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारी तथा सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

नारायणी ओली
संयोजक
कोहलपुर नगरपालिका

# दुई शब्द

सुचना र पारदर्शिता सुशासनका तत्वहरु हुन् । सुचनाले जानकारी उपलब्ध हुन्छ । जानकारी उपलब्ध भएपछि सेवा प्रदायक संस्थाबाट कसरी काम भइरहेको छ भन्ने कुरा सरोकारवालाहरुलाई थाहा हुन्छ । आफूले प्रवाह गरेको सेवा सुविधाका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउनु पर्ने दायित्व सार्वजनिक सेवा प्रदायक निकायहरुको पनि हो । यसबाट सेवाग्राहीहरुले समयमै प्राप्त गर्नु पर्ने सूचना उपलब्ध गर्न मद्दत पनि गर्दछ ।

विद्यालयहरुले सङ्घीय र प्रदेश सरकार तथा स्थानीय तहबाट विभिन्न शिर्षकहरुमा बजेट र कार्यक्रमहरु प्राप्त गर्दछन् । विद्यालयले पनि आफूलाई प्राप्त सीमित बजेटलाई अधिकतम सदुपयोग गर्न आवश्यक हुन्छ । यस्तै आर्थिक अनुशासन कायम गर्न तोकिएको शीर्षकमा प्रचलित नर्म्स र सीमाको अधिनमा रहेर मात्र खर्च गर्नुपर्ने प्रावधान छ । यसरी निकासा गरिएको रकम खर्च गर्दा प्रचलित शिक्षा ऐन, नियमावली, आर्थिक ऐन नियमावली, सार्वजनिक खरिद ऐन नियमावली र विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिका र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट जारी गरिएका कार्यक्रम कार्यान्वयन पुस्तिका, निर्देशन तथा परिपत्रहरुलाई आधार मान्नुपर्ने हुन्छ । नियमानुसार खर्च गरी आय व्यय विवरण दुरुस्त राखी तोकिएको समयमा आर्थिक लेखा परीक्षण गर्नुपर्ने हुन्छ । त्यसैगरी तोकिएको शीर्षक र प्रक्रिया अनुसार खर्च भएको छ कि छैन भनी सामाजिक परीक्षण पनि गर्नुपर्ने प्रावधान रहेको छ । यी सबै विद्यालयहरुको दायित्वमा पर्ने कुराहरु हुन् ।

यसै कुरालाई ध्यानमा राखी विद्यालयहरुलाई निकासा गरिएका विभिन्न किसिमका अनुदान रकमहरुको जानकारी गराउन र निकासा रकमलाई कार्यक्रम कार्यान्वयनमा नितिगत सहजीकरण गर्न कोहलपुर नगरपालिका तथा  शिक्षा युवा तथा खेलकुद शाखा हरदम प्रयत्नशील रहेको छ । यसका लागि कार्यविधि, पत्राचार, परामर्श, विद्यालय अनुगमन भ्रमण, बैठक तथा अनौपचारिक कुराकानी आदिका माध्यमबाट विद्यालयहरुलाई सहजीकरण गर्न विभिन्न प्रयासहरु गरिँदै आएका छन् ।

यसै सन्दर्भमा यस शिक्षा, युवा तथा खेलकुद शाखाले शैक्षिक सत्र २०७७ को अन्त्य तथा आ.व. २०७७/७८ को तेस्रो चौमासिक अवधिसम्ममा विद्यालय र यस शाखामा सम्पन्न गरिएका क्रियाकलापहरु र तिनको उपलब्धि विवरण सरोकारवालाहरुमा जानकारी होस् र विद्यालयलाई समेत आगामी दिनका लागि मार्गदर्शनका रुपमा उपयोग बनोस् भन्ने अभिप्रायले केही सन्दर्भ सामग्रीहरु सहित यस “कोहलपुर शैक्षिक झलक, २०७८” प्रकाशन गरिएको छ ।

प्रस्तुत झलक तयार गर्दा विवरण, नीतिगत प्रावधान तथा सन्दर्भ सामग्रीहरुलाई तथ्यगत रुपमा राख्ने प्रयास गरिएको  छ । तैपनि प्रस्तुतिका क्रममा केही विषयवस्तुगत तथा भाषाशैलीगत त्रुटिहरु भएका हुन सक्छन् । त्यस्ता कमी कमजोरीहरुलाई औँल्याई दिएर र रचनात्मक सुझाव दिएर आगामी दिनमा सुधार गर्ने अवसर दिनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्तमा, यसको प्रकाशनमा जानकारी र विवरण उपलब्ध गराई सहयोग गर्नुहुने यस शाखाका सम्पूर्ण कर्मचारी, विद्यालयका प्रधानाध्यापक तथा सरोकारवाला महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अनन्तकुमार पौड्याल
शिक्षा प्रमुख (उपसचिव/ अधिकृत दशौँ)

# विषयसूचि


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | कोहलपुर नगरपालिकाको सङ्क्षिप्त चिनारी | १ |
| २. | कोहलपुरको समग्र शैक्षिक स्थिति | ७ |
| ३. | संस्थागत विद्यालयको तहगत विद्यार्थी सङ्ख्या | ११ |
| ४. | आधारभूत तहमा वार्षिक मूल्याङ्कनको विद्यालयगत नतिजा | १२ |
| ५. | शिक्षा शाखाले आ.व.२०७७/७८ मा गरेका केही कार्यहरु | १२ |
| ६. | नेपालमा शिक्षाको वर्तमान अवस्था | १४ |
| ७. | विद्यालयको स्थापना वर्ष र प्रधानाध्यापकको नाम | १८ |
| ८. | सामुदायिक विद्यालयको तहगत विद्यार्थी सङ्ख्या | २० |
| ९. | सामुदायिक विद्यालयको तहगत शिक्षक सङ्ख्या | २१ |
| १०. | संस्थागत विद्यालयको तहगत विद्यार्थी सङ्ख्या | २२ |
| ११. | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सम्पर्क नम्बर | २४ |
| १२. | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा शिक्षा | २५ |
| १३. | कोहलपुरको अवधिक योजनमा शिक्षाको उद्देश्य र कार्यक्रम | ३० |
| १४. | सामुदायिक विद्यालयमा गएको वार्षिक अनुदानको सारांश | ३४ |
| १५. | शिक्षक दरबन्दी मिलान: प्रक्रिया र नतिजा | ४५ |
| १६. | कोहलपुर नगरपालिका शिक्षा ऐन, २०७६ | ४९ |
| १७. | आधारभूत तह (कक्षा-८) मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८ | ७४ |
| १८. | विद्यालयको बाल संरक्षण नीति, २०७८ | ९१ |
| १९. | शैक्षिक हब: अवधारणा पत्रको प्रस्ताव (मस्यौदा) | १०२ |
| २०. | मेयर,उपमेयर र वडाध्यक्षज्यूहरुको नाम र सम्पर्क नम्बर | १०९ |
| २१. | बाविकास केन्द्रमा गर्नुपर्ने न्यूनतम् क्रियाकलापहरु | ११० |

# कोहलपुर नगरपालिकाको सङ्क्षिप्त चिनारी

१. **भौगोलिक स्थिति, क्षेत्रफल र सिमाना :** संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ प्रशासनिक संरचना अनुसार कोहलपुर नगरपालिका प्रदेश नं. ५ को बाँके जिल्लामा पर्दछ। पृथ्वीको गोलार्द्धका आधारमा कोहलपुर नगरपालिका २८ डिग्री ७ मिनेट १२ सेकेण्ड देखि १८ मिनेट ५४ सेकेण्ड उत्तरी अक्षांस तथा ८१ डिग्री ३८ मिनेट २४ सेकेण्ड देखि ८१ डिग्री ४९ मिनेट ५१.६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ। यो नगरपालिका नेपालको मध्यपश्चिम तराई क्षेत्रमा पर्दछ। नगरपालिकाको कुल क्षेत्रफल १८४.२६ वर्ग की.मी. छ। कोहलपुर नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, पश्चिममा बैजनाथ गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको चुरे पहाड श्रृंखला र दक्षिणमा जानकी गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिका पर्दछ। बाँके जिल्लाको सदरमुकाम शहर नेपालगञ्ज देखि १० की.मी. उत्तरपट्टि रहेको कोहलपुर नगरपालिका साविकमा भेरी अञ्चल तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्दथ्यो।

२. **कोहलपुरको नामाकरण :** यस नगरपालिकाको नाम तेल पेल्ने कोलबाट भएको हो भन्ने विश्वास छ। कोल भनेको तेलहन जस्तै तोरी, आलस आदि पेलेर तेल उत्पादन गर्ने काठैकाठले बनेको घरेलु यन्त्र हो।

३. **नगरपालिकाको** स्थापना : विं. स. २०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम औपचारिक रुपमा साविकको कोहलपुर गाविस, रझेना गाविस र  समसेरगन्ज गाविस गाभिएर कोहलपद्रर नगरपालिका स्थापना भएको हो ।

४. **प्रशासनिक विभाजन :** कोहलपुर नगरपालिका सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल, प्रदेश नं. ५ को बाँके जिल्लामा पर्दछ। यस नगरपालिकामा जम्मा १५ वटा वडाहरु रहेका छन्। निर्वाचन क्षेत्र विभाजनका आधारमा कोहलपुर प्रदेश नं. ५ को निर्वाचन क्षेत्र नं. १ को ख तथा प्रतिनिधि-सभा निर्वाचनको क्षेत्र नं. १ मा पर्दछ।

५. **जनसङ्ख्या र जनजाति समुदाय :** कोहलपुर नगरप्रोफाइल-२०७४ मा दिइएको घरधुरी सर्वेक्षण, २०७३ को विवरण अनुसार कोहलपुर नगरपालिकामा कुल घरपरिवार १७,६८९ तथा कुल जनसङ्ख्या ८७,३०० रहेको छ। औसत जनसङ्ख्या वृद्धि दर ३.५३ प्रतिशत छ। जाति समुदायका आधारमा कोहलपुरमा कुल जनसङ्ख्यामध्ये पहाडी दलित (११ प्रतिशत), मधेसी दलित (२.२ प्रतिशत), पहाडी जनजाति तथा आदिबासी (९.८ प्रतिशत), मधेसी जनजाति तथा आदिबासी (२६.९ प्रतिशत), पहाडी ब्राम्हण/क्षेत्री/ ठकुरी/ सन्यासी (४३.६ प्रतिशत), मधेसी ब्रम्हण/ क्षत्री/ राजपुत (२ प्रतिशत), मुस्लिम (२.७ प्रतिशत), पहाडी अन्य(०.५ प्रतिशत), मधेसी अन्य (१.३ प्रतिशत) जाति लगायत खटिक, चिडीमार आदिजस्ता लोपान्मुख तथा सीमान्तकृत समुदायका मानिसहरु बसोबास गर्दछन्। वि.सं. २०७७ को घरधुरीको सर्वेक्षण अन्तरगत कोहलपुर नगरपालिकाले कुल जनसंख्या १,००,७२८ (महिला५२८३५ र पुरुष ४७८९३) रहेको छ। कोहलपुर नगरपालिकाको जनघनत्व ५५७(७१ रहेको छ।

६. **भाषाभाषी समुदाय:** कोहलपुर नगर प्रोफाइल अनुसार कोहलपुर नगरपालिकाको कुल जनसङ्ख्यामध्ये नेपाली भाषी ६९.२४ प्रतिशत, थारु २४.५१ प्रतिशत, अवधि ४.७ प्रतिशत, हिन्दी

१.१ प्रतिशत र मगरखाम, मैथिली, डोटेली, गुरुङ, भोटे र अन्य १ प्रतिशतभन्दा कम रहेका छन्।

७. **हावापानी :** यस क्षेत्रको हावापानी उपोष्ण कटिबन्धीय (subtropical) क्षेत्रमा पर्दछ । यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ग्रिष्म ऋतुमा ४६ डिग्री र न्यूनतम तापक्रम हिउँदमा ४ डिग्री सेल्सियससम्म पुग्छ। यहाँ वार्षिक सरदर वर्षा १९१२ मी.मी. हुने गर्दछ। सापेक्षित आद्रता औषत ७१.४ प्रतिशत रहन्छ।

८. **यातायात :** कोहलपुरबाट नेपालगन्ज, कर्णाली प्रदेश, पश्चिमको सिमाना कन्चनपुर गड्डाचौकी र पूर्वमा बुटवल, नारायणघाट हुँदै काठमाडौलगायत पूर्वी नेपालका विभिन्न शहरहरु जाने पक्की सडक यातायातको सुविधा छ। यहाँबाट सुर्खेत ८५ किलोमिटर, महेन्द्रनगर २०० किलोमिटर र काठमाडौ ५३५ किलोमिटरको दूरीमा पर्दछन्। कोहलपुरमा पूर्वपश्चिम महेन्द्र राजमार्ग तथा नेपालगन्जबाट सुर्खेत हुँदै कर्णाली प्रदेश जाने रत्न राजमार्ग मिल्ने चारवटा बाटोको मिलनविन्दु (चौराह) रहेको छ। त्यसैले कोहलपुरलाई यातायात सुविधाका हिसाबले महेन्द्र राजमार्गबाट सुदुर पश्चिम तथा कर्णाली प्रदेश जाने प्रवेशद्वारका रुपमा लिइन्छ। कोहलपुर नगरपालिका क्षेत्रभित्र समेत एक ठाउँबाट अर्को ठाउँ जानका लागि बाह्रै महिना मोटरगाडी चल्ने सडक मार्गहरु छन्। यहाँबाट १३ किलोमिटर दूरीमा नेपालगन्ज एअरपोर्ट रहेको छ। यस एअरपोर्टबाट काठमाडौ र कर्णाली तथा सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा जाने हवाइजहाजहरु चल्दछन्। कोहलपुरमा दुर्गम पहाडी जिल्लाहरुबाट बिरामी ल्याउन र आपतकालीन उद्दार कार्यका लागि हेलीप्याडहरु रहेका छन्।

९. **नदीनाला तथा तालतलैया :** यस नगरपालिका क्षेत्रको करिब ६० किलोमिटर क्षेत्रमा डुडुवाखोला, किरणनाला, सानो डुडुवानाला, इटानाला, रोहीणीखोला, रानीघाट लगायतका खोलाहरु बग्ने गर्दछन्। भूतैया ताल, जोरत्ते टप्पर, जोरत्ते सिमसार क्षेत्र र ताल यस नगरपालिकामा रहेका तातलैयाहरु हुन्।

१०. **धार्मिक स्थलहरु :** कोहलपुर धार्मिक विविधतायुक्त शहर हो। यहाँ धार्मिक सहिष्णुता झल्काउने विभिन्न धर्मावलम्बीहरुको धार्मिक स्थलहरु रहेका छन्। यस नगरपालिकामा कालिका मन्दिर, शिवमन्दिर, मनकामना मन्दिर, शिवालय, राधाकृष्ण मन्दिर, वैष्णोदेवी मन्दिर, जगन्नाथ किरण भवानी, रामजानकी मन्दिर, रानीघाट मन्दिर लगायतका दर्जनौँ हिन्दू धर्मवालम्बीहरुका मन्दिरहरु छन्। विलिभर्स चर्च, बेथेल चर्च, गेश्चमी चर्च आदि क्रिश्चियन धर्मवालम्बीहरुका प्रमुख चर्चहरु हुन्। जहामिया मस्जिद, जहाँमिया कादरी आदि यहाँका मुस्लिम धर्मवालम्बीहरुका धार्मिक स्थलहरु हुन्। साथै यहाँ बुद्ध धर्मवालम्बीहरुको बौद्ध स्तुप पनि रहेको छ।

११. **खेल मैदान :** यहाँ फराकिला खेल मैदानहरु रहेका छन्। अन्तरराष्ट्रिय क्रिकेट मैदान, तेह्र बिघा फुटबल मैदान, कोहलपुर बजारस्थित शहिद मञ्च आदि यहाँका मुख्य खेल मैदानहरु हुन्। यसबाहेक केही माध्यमिक विद्यालयहरुमा समेत प्रशस्तै फराकिला खेल मैदानहरु रहेका छन्।

१२. **उपलब्ध सरकारी सेवा तथा सुविधा :** कोहलपुर सुविधायुक्त आधुनिक शहरका रुपमा विकसित हुँदै गइरहेको नगरपालिका हो। यहाँ नगर कार्यपालिकाको कार्यालय, नगरकार्यपालिकाका शाखा कार्यालय र वडाकार्यालयहरु रहेका छन्। यहाँ सङ्घीय सरकार र प्रदेश सरकारका विभिन्न क्षेत्रीय कार्यालय र सरकारी संस्थानहरु रहेका छन्। इलाका प्रशासन, पर्यटन कार्यालय, इलाका प्रहरी कार्यालय, क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, सशस्त्र प्रहरी गण, नेपाली सेनाको मध्यपश्चिम पृतना

तालिम शिक्षालय, उच्च माध्यमिक शिक्षा परिषद्, आन्तरिक राजस्व अनुसन्धान कार्यालय, बाँके राष्ट्रिय निकुञ्ज, स्वास्थ्य चौकी र आयुर्वेद औषधालय यहाँका प्रमुख सरकारी कार्यालयहरु हुन्। नेपाल राष्ट्र बैङ्कको क्षेत्रीय भवन निर्माणाधीन अवस्थामा रहेको छ।

१३. **सङ्घीय तथा प्रदेश सरकारका कार्यालयहरुः** इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, राष्ट्रिय परीक्षा बोर्ड, प्रविधिक तथा व्यावसायिक तालिम परिषद्को क्षेत्रीय कार्यालय, बाँके राष्ट्रीय निकुञ्ज यहाँ रहेका सङ्घीय सरकारका कार्यालयहरु हुन्। प्रदेश सरकारको प्रदेश सरकारको पर्यटन बोर्डको कार्यलय रहेको छ।

१४. **सरकारी संस्थानहरु :** नेपाल विद्युत प्राधिकरण, नेपाल टेलीकम, नेपाल टेलिभिजन क्षेत्रीय प्रशारण सेवा, गोरखापत्र संस्थान क्षेत्रीय कार्यालय, राष्ट्रिय वाणिज्य बैङ्क, नेपाल बैङ्क लिमिटेड, कृषि विकास बैङ्क आदि यस नगरपालिकामा रहेका प्रमुख सरकारी संस्थानहरु हुन्।

१५. **खानेपानीः** कोहलपुर साना शहर खानेपानी आयोजना, विराट खानेपानी आयोजना नगरपालिकामा सञ्चालित खानेपानी आयोजनाहरु हुन्। यी आयोजनाहरुले नगरपालिकामा भूमिगत पानी तानेर पाइपमार्फत् खानेपानी उपलब्ध गराएका छन्।

१६. **स्वास्थ्य सेवा :** कोहलपुर नगरपालिकामा एक वटा मेडिकल कलेज, ३ वटा स्वास्थ्य चौकी, ३ वटा निजी अस्पताल, १ आयुर्वेद औषधालयहरु रहेका छन्। हालै कोहलपुर नगरपालिकाबाट १५ शैय्याको एक कोभिड अस्पताल निर्माण भई सञ्चालनमा आएको छ।

१७. **विद्युत र सञ्चार माध्यम :** यस नगरपालिकाका प्रायः सबै वडाका शहर-बजार र ग्रामीण बस्तीहरुमा नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रशारणबाट विद्युत सेवा उपलब्ध छ। नगरपालिकाको प्रायः सबै बजार क्षेत्रमा नेपाल टेलीकमबाट लेन्डलाइन, प्रिपेड र पोस्टपेड मोबाइल फोन सेवा तथा एडीएसएल इन्टरनेट सेवा उपलब्ध छ। एलसेलबाट टेलीकमबाट प्रिपेड मोबाइल फोन सेवा तथा डाटा इन्टरनेट सेवा उपलब्ध छ। यसका अतिरिक्त कोहलपुरमा अप्टिकल फाइबरबाट घर अफिसहरुमा इन्टरनेट उपलब्ध गराउने सेवा प्रदायक कम्पनीहरु समेत रहेका छन्। नेपालको आधिकारिक तथा सरकारी राष्ट्रिय दैनिक समाचारपत्र गोरखापत्र दैनिकको पश्चिमाञ्चल संस्करण कोहलपुरबाट नै प्रकाशित हुन्छ। यसैगरी कान्तिपुर, नागरिक न्युज पश्चिम टुडे, समाचारपत्र दैनिक, नयाँ पत्रिका दैनिक हरेक दिन बिहान उपलब्ध हुने राष्ट्रिय पत्रिकाहरु हुन्। मिसन टुडे, युगयान दैनिक यहाँका स्थानीय बजारबाट प्रकाशित हुने प्रचलित पत्रिकाहरु हुन्।

१८. **रेडियो प्रसारण सेवा :** कोहलपुरमा रेडियो नेपालको केन्द्रिय तथा क्षेत्रीय मिडियम वेभ (५७६ किलो हर्ज सुर्खेत) तथा एफएम (१०० मेगाहर्ज चमेरे डाँडा) प्रसारण सेवा सुन्न सकिन्छ। यसका अतिरिक्त कोहलपुर एफएम (१०१.२ मेगाहर्ज), प्रतिबोध एफएम (१०२.४ मेगाहर्ज) र रेडियो मिसन (१०३.५ मेगाहर्ज) ले स्थानीय स्तरमा शहरबासीका लागि राष्ट्रिय, स्थानीय र अन्तरराष्ट्रिय समाचार, मनोरञ्जन, अन्तरवार्ता, स्थानीय गतिविधिका लाइभ रिपोर्टङ, शैक्षिक तथा सामुदायिक जागरणका कार्यक्रम तथा व्यापार-व्यवसाय प्रबर्द्धनका विज्ञापनहरु प्रसारण गर्ने गर्दछन्। यी प्रसारणहरु सम्बन्धित रेडियोबाट निर्मित इन्टरनेट वेबसाइट तथा सामाजिक सञ्जालका लिङ्कहरुमार्फत् समेत सुन्न सकिन्छ।

१९. **टेलिभिजन प्रसारण सेवा :** कोहलपुरमा नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारण केन्द्र रहेको छ। यस प्रसारण केन्द्रबाट नेपाल टेलिभिजनको केन्द्रिय प्रसारण लगायत कोहलपुर टीभी नामक अलग्गै च्यानलबाट समेत श्रव्यदृश्य कार्यक्रमहरु प्रसारण हुन्छ। यी प्रसारणहरु इटरनेटलगायत स्थानीय टेलिभिजन केबुल सेवा र डिस सेवामार्फत् टिभीमा हेर्न र सुन्न सकिन्छ।

२०. **कोहलपुर गौरवका आयोजनाहरु:** चप्परगौडी घुईयाबारी अन्तरप्रदेश सडक, कभर्ड हल, अन्तराष्ट्रिय क्रिकेट मैदान, भ्यु-टावर, घन्टाघर, सिटी-हल, लामो दूरीको बसपार्क, रिङ रोड, आधुनिक बधशाला, डुडुवा करिडोर, बाल अस्पताल, १५-शैयाको आधारभूत अस्पताल, आकाशे पुल, विद्युतीय शवदाह गृह, ढल र फोहोरमैला तथा दिशाजन्य पदार्थको प्रशोधन केन्द्रलाई कोहलपुर नगरपालिकाको नगर गौरवको आयोजनाका रुपमा हरेक वर्षको नीति, बजेट र कार्यक्रममा समेटने गरिएको छ। उक्त आयोजनाले कोहलपुर नगरपालिका क्षेत्रको समग्र विकासका लागि रुपान्तरणकारी भूमिका निर्वाह गर्ने भएकाले यसलाई गेम चेन्जर प्रोजेक्टको रुपमा समेत लिइएको छ।

२१. **समुह र सञ्जाल :** यस कोहलपुर नगरपालिकामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको टोल पढाइ समुह, लक्षित वर्ग सञ्जाल, बाल सञ्जाल, बाल क्लब, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय युवा क्लब, आमा समुह, बचत तथा स्वावलम्वन, दारी ग्याङ आदि जस्ता सङ्गठित तथा सङ्गठित समुहहरू सामाजिक सेवाका विभिन्न सम्बन्धित कार्यहरुमा क्रियाशील छन्। यसका साथै यस नगरपालिकामा सुशासन, स्थानीय शासन, सामाजिक मेलमिलाप लगायतका विभिन्न विषयगत क्षेत्रमा विभिन्न गैरसरकारी संघसंस्थाहरूले विभिन्न विकास निर्माण तथा सचेतीकरण सम्बन्धी कार्य गरिरहको पाइन्छ।

२२.. **कोभिड-१९ अस्थायी अस्पताल:** गत आर्थिक वर्ष देखि विश्व महामारीको रुपमा फैलिएको कोभिड–१९ र यसबाट बाट सिर्जित असहज परिस्थिति तथा बन्दाबन्दीबाट देश पूरानै लयमा फर्कने अवस्थामा रहेको बेला पुनः कोभिड–१९ को दोस्रो लहर झनै भयावह रुपमा देखा परेको छ। दोस्रो लहरको सङ्क्रमणबाट सिङ्गो देश प्रभावित हुँदा बाँके जिल्ला देशकै धेरै सङ्क्रमितहरु भएको जिल्ला हुन पुग्यो। यसको प्रभावबाट कोहलपुर नगरपालिका पनि बच्न सकेन। बाँके जिल्लाका ८ वटा स्थानीय तहहरुमध्ये दोस्रो स्थानमा धेरै सङ्क्रमित भएको क्षेत्रमा कोहलपुर नगरपालिका रहन गयो। एक्कासी वृद्धि भएको कोभिड–१९ को दोस्रो लहरको सङ्क्रमणबाट सङ्क्रमित बिरामीहरुको लागि अस्पतालमा बेड, अक्सिजन, आई.सी.यु., भेन्टिलेटर, पी.सी.आर. परीक्षणलगायत अन्य अत्यावश्यकीय स्वास्थ्य सेवाहरुको अभाव जस्ता समस्याहरुको सामना गर्नु परेको थियो। उक्त विपद्को सामना गर्नका लागि सङ्घीय र प्रदेश सरकार तथा स्थानीय तहको संयुक्त प्रयासमा कोहलपुर नगरपालिका वडा नं.२ मा रहेको सामुदायिक आयुर्वेद तथा प्राकृतिक अस्पताललाई कोभिड-१९ अस्पतालका रुपमा स्थापना गरिएको छ। यस अस्पतालको संरक्षकमा नगरप्रमुख रहने प्रावधान छ। अस्पताल प्रमुख नमप्रसाद शर्मा हुनुहुन्छ। यस अस्पतालमा हाल १९ वटा बेडहरु उपलब्ध छन्। यस अस्पतालमा एक जना डाक्टर, तिन जना स्टाफ नर्स र एक जना कार्यालय सहयोगी रहेका छन्। यस अस्पतालले हालसम्म ७,३३२ जनाको पिसिआर र एन्टिजेन परीक्षण गरेको छ। यस अस्पतालको रेकर्ड अनुसार ४५ जना कोभिड-१९ का गम्भिर बिरामीहरुले उपचार सेवा पाएका छन्।

२३. **युवा तथा खेलकुद** : यस नगरपालिका क्षेत्र भित्र १० वटा युवा क्लबहरु क्रियाशिल रहेका छनु, जसमा ७७७ जना युवाहरु आबद्ध रहेका छन् । यसै गरी नगर क्षेत्रमा २८ वटा बालक्लबहरु गठन भई क्रियाशिल रहेका छन् । उक्त क्लबहरुमा ५२७ जना बालबालिका आवद्ध रहेका छन् र सो मध्ये बालिकाका अनुपात ५८ प्रतिशत रहेको छ । नगर क्षेत्र भित्र वडा नं. ११ मा क्रिकेट खेलमैदान र वडा नम्बर १३ रानीघाटमा खेलमैदान रहेको छ । यसै गरी नगर क्षेत्रको विभिन्न ७ स्थानमा खेलकुद, मनोरञ्जन स्थलहरु रहेका छन् ।

२४. **सूचना, संचार तथा प्रविधि** : नगरपालिका क्षेत्रमा ल्याण्डलाइन टेलिफोन लाइन संख्या २६५६, एडिएस सेवा ७९९, जिएसएस पोष्टपेड मोबाइल १६६५, जिएसएस, प्रिपेड मोबाइल ५१४९० र स्काई प्रिपेड मोबाइल ६८२४ रहेको छ । नगरपालिका बासिन्दा कूल घरपरिवार मध्ये ८३ प्रतिशतसँग टेलिभिजन, ३१ प्रतिशत घरपरिवारसँग कम्प्युटर र १३ प्रतिशतसँग इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको छ । नगरपालिकाको १५ वटै वडा कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध रहेको छ । नगरपालिकाको रझेना, कोहलपुर, सम्शेरगञ्ज समेत ३ वटा स्वास्थ्य संस्थामा मा मात्र इन्टरनेट रहेको छ भने ६ वटा माद्यामिक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । नगर कार्यपालिका कार्यालमा दर्ता चलानी, व्यवसाय दर्ता, राजस्व, लेखा, जीन्सि, कर्मचारी व्यवस्थापन प्रणाली, इएचएमआईएस, इएमआइस, संस्था दर्ताको कम्प्युटर सफ्टवयर उपलब्ध रहेको छ । नगरपालिकाको आफ्नै इन्टरएक्टिभ वेवसाइट तथा मोबाइल एप्स् रहेको र सो मार्फत सूचनाहरु नियमित रुपमा अद्यावधिक भैरहेको छ ।

२५. **कोभिड- १९ तथा विपद् व्यवस्थापन :** यस नगरपालिका क्षेत्रमा विभिन्न विपद जोखिमहरु मध्ये हुरीवतास, आगलागी, बाढी, सडक दुर्घटना, भुकम्प र सर्पदंशको असर प्रमुख रुपमा देखिएका छन् । उपरोक्त विपद जोखिमहरुमा हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को असर मुख्य हुन गएको छ । विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक रुपमा सम्बोधनको लागि नगरपालिकामा नगरस्तरी विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ । नगरपालिकाको संवेदनशिल क्षेत्रमा डुवान र चट्याङ्गको लागि पूर्व सूचना यन्त्र जडान गरिएको छ ।

विपद प्रतिकार्यको लागि नेपाल रेडक्रस सहजीकरणमा नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण भएको छ । प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकको रुपमा परिचालन गरिएको छ । कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रणको लागि कोभिड अस्पतालको निर्माण भउको छ । नगरपालिका र रेडक्रसको समन्वयमा क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ । जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ ।

२६. **सम्भावना** : भौगोलिक, आवासीय, व्यावसायिक र शैक्षिक संगमस्थलको रुपमा विकासः पश्चिम नेपालको रणनीतिक महत्वको स्थानमा अवस्थित यस नगरपालिकाले भौगोलिक, आवासिय, व्यावसायिक र शैक्षिक संगमस्थलको विशेषता वोकेको छ । यो नगरपालिका जैविक विविधता र संरक्षणको दृष्टिकोणले महत्वपूर्ण बाँके राष्ट्रिज निकुञ्जसँग जोडिएको र अन्तराष्ट्रिय रुपमा परिचित बर्दिया राष्ट्रिय निकुञ्ज समिपमा रहेको छ । प्रदेश नं. ५ र कर्णाली प्रदेशको प्रवेशद्धारको रुपमा समेत रहेको हुँदा यसलाई प्रदेश तथा नेपालकै नमूना आवासीय र व्यासायिक केन्द्रको रुपमा विकास गर्ने संभावना रहेको छ । तसर्थ उपरोक्त विशेषता अनुसार यस नगरपालिकालाई नेपालको एक नमूनाा भौगोलिक, आवासिय, व्यावसायिक र शैक्षिक शहरको रुपमा विकास गरिनेछ ।

२७. **समस्या तथा चुनौती :** साक्षर नगरपालिका घोषित यस स्थानीय तहमा गुणस्तरीय, व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु विकास हुन सकेको छैन । समुदायको जनसंख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था छ । यस नगरका केही विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अझै उपयुक्त रहेको छैन भने विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने थप आवश्यकता रहेको छ । शिक्षाको क्षेत्रमा ठुलो संम्भावना बोकेको यस नगरमा २ वटा मात्र विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन हुनु अर्को समस्याको रुपमा देखिएको छ । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा बालमैत्री संरचना र सिकाई लागू हुने सकिरहेको छैन ।

विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, बालविकास केन्द्रहरुमा बालमैत्री सिकाई तथा खेलकूद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रुपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अविभावकहरुमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहीनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाई रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरुको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक संग्रालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । भएको तथा बजार र समयको माग अनुसारको जीवनपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाई घाडेर रोजगारी तिर लाग्नेको संख्यामा कमी आउन सकेको छैन ।

# कोहलपुरको समग्र शैक्षिक स्थिति

१. **विद्यालय स्थापनाको शैक्षिक इतिहास:** कोहलपुर नगरपालिकामा सर्वप्रथम स्थापना भएको विद्यालय हालको त्रिभुवन माध्यमिक विद्यालय नै हो । यस विद्यालयको स्थापना वि.सं. २०१६ मा शिक्षाप्रेमी हरिप्रसाद रावतको अगुवाइमा चटार गाउँको खुला चौरको एक खरको झुप्रोमा ने.रा. प्राथमिक विद्यालय सञ्चालन भएको थियो । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ सालबाट शुरु भएता पनि बाँके जिल्लामा वि.सं. २०२९ सालदेखि लागू भयो । त्यसपछि वि.सं. २०३२ सालमा यस विद्यालयलाई अहिले भएको स्थान (कोहलपुर नगरपालिका वार्ड नं ११ स्थित नेपालगञ्ज रोड) मा सारियो । यसपछि यो मावि वि.स. २०३४ सालमा निमावि र २०३४ सालमा माध्यमिक विद्यालय भएको हो ।

यसै गरी हालको लक्ष्मी मावि वि.सं. २०१६ सालमा साविक रझेना गाउँ पञ्चायतको वार्ड नं. ४ बर्दहवा स्थित पिपलको बुटामुनि पढाइ शुरु गरी ने.रा.प्राथमिक विद्यालयको नामबाट स्थापना भएको थियो । छोटेलाल थारु यस विद्यालयका संस्थापक अध्यक्ष हुन् । पछि वि.सं. २०५६ सालमा यो विद्यालय निम्नमाध्यमिक बन्यो र लक्ष्मी निमावि नामाकरण गरियो र वि.सं २०६३ सालमा मावि भयो । विद्यालयहरुको स्थापना सालको कालक्रम हेर्दा यसपछि वि.सं. २०१८ सालमा जनता मावि मैटहवा स्थापना भयो । लगभग १० वर्षको लामो समयपछि वि.सं. २०२८ मा राम मावि र २०२९ मा सरस्वती मावि स्थापना भए । अर्को ८ वर्षपछि वि.सं. २०३७ मा खडगवार र २०४० मा ने.रा. नामले दुईवटा विद्यालयहरु स्थापना भए । वि.सं. २०४० देखि २०५० को दशकमा ११ वटा र वि.सं. २०५१ देखि २०६० साल बीचको १० वर्षको अवधिमा ८ वटा विद्यालयहरु स्थापना भए । यस्तै वि.सं. २०६१ र ६३ सालमा एक वटा गुठी र दुईवटा सामुदायिक, २०६४ मा ३ वटा र २०७५ मा एक विद्यालयको स्थापना भए । यसरी हेर्दा वि.सं. २०४०-५० र २०५०-६० को दुईवटा दशकमा १८ वटा विद्यालयहरु स्थापनाको लागि सबै भन्दा उर्वर समय भएको पाइन्छ । जम्मा ५९ वर्षको अविधमा कुल मिलाएर ३० वटा सामुदायिक र एक वटा गुठी विद्यालय स्थापना भएको पाइन्छ । उक्त ३१ वटा विद्यालयहरुमध्ये २०१६ देखि २०६१ सालबीचमा स्थापना भएका १२ वटा विद्यालयहरु माध्यमिक भएका छन् । २०४० देखि २०५८ सालबीच स्थापना भएका ६ वटा विद्यालयहरु निम्नमाध्यमिक भएका छन् । वि.सं. २०४४ देखि २०६४ साल बीचमा खुलेका बाँकी १२ वटा विद्यालयहरु २० वर्षको अवधिमा प्राथमिक तहमै यथावत् रहेको देखिन्छ । कोहलपुरमा विद्यालयको स्थापनाको ५९ वर्ष लामो शैक्षिक इतिहासमा तुलनात्मक रुपमा सामुदायिक विद्यालयहरुले अपेक्षित विकास गर्न अझै धेरै काम गर्न बाँकी देखिन्छ ।

२. **सामुदायिक विद्यालय :** कोहलपुर नगरपालिका क्षेत्रमा कुल ३० वटा सामुदायिक विद्यालयहरु छन् । यसमध्ये २८ वटा विद्यालय अन्तरगत ८१ वटा बालविकास केन्द्रहरु छन् । कक्षा १ देखि १२ सम्म पठनपाठन हुने ५ वटा र कक्षा १ देखि १० सम्म पठनपाठन हुने ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरु छन् । यसै गरी कक्षा १ देखि ८ सम्म पठनपाठन हुने ७ वटा आधारभूत विद्यालयहरु र कक्षा १ देखि ५ सम्म पढाइ हुने १२ वटा सामुदायिक प्राथमिक विद्यालयहरु रहेका छन् । उक्त विद्यालयहरुमा बालविकास तहदेखि कक्षा १२ सम्म कुल १५९७६ जना विद्यार्थीहरु अध्ययनरत छन् । स्थायी, अस्थायी, राहत तथा नगरपालिका अनुदान समेत गरी कुल ३७६ जना शिक्षक, ११

जना लेखा कर्मचारी र २८ जना कार्यालय सहयोगीहरु कार्यरत रहेका छन्।

| क्र. सं. | तह | छात्रा | छात्र | जम्मा | शिक्षक | लेखा कर्मचारी | कार्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकास | ६११ | ६१६ | १२२७ | ८१ | ० | ० |
| २ | कक्षा १-५ | २५३४ | २३८२ | ४९१६ | १५१ | ० | ११ |
| ३ | कक्षा ६-८ | २२२४ | १९६७ | ४१९१ | ५३ | ० | ६ |
| ४ | कक्षा ९-१० | १६९७ | १३७८ | ३०७५ | २४ | ११ | ११ |
| ५ | कक्षा ११-१२ | १४६० | ११३७ | २५९७ | १३ | ० | ० |
| | जम्मा | ८४९६ | ७४८० | १५९७६ | ३२२ | ११ | २८ |

४. **खुला विद्यालय :** विभिन्न कारणले बीचैमा पढाइ छाडेर विद्यालय बाहिर रहेका तर पछि विद्यालयको औपचारिक शिक्षालाई निरन्तरता दिन चाहने विभिन्न उमेरका व्यक्तिरुका लागि सञ्चालन गरिने विद्यालय नै खुला विद्यालय हो। खुला विद्यालबाट प्रदान गरिने शिक्षालाई खुला शिक्षा पनि भनिन्छ। यस्ता विद्यालयमा पढने व्यक्तिहरुले आफ्नो दैनिक पेसा व्यवसाय गर्दै घरैमा बसेर शिक्षा आर्जन गर्न पाउँछन् र कक्षा ८ र एस.ई को परीक्षा समेत दिन पाउँछन्। यो एउटा वैकल्पिक शिक्षा प्रणाली पनि हो। यस्तो शिक्षाले एकै पटकमा धेरै जनाको लक्षित समुहलाई समेट्न सक्छ। यो कम खर्चिलो हुन्छ। पढनेहरुले पनि आआफ्रनो समय, सिकाइ गति, क्षमता र फूर्सद अनुसार पढन पाउँछन्। नेपालमा हाल ८४ वटा खुला विद्यालहरु सञ्चालनमा रहेका छन्। राष्ट्रिय शिक्षा नीति, २०७५ मा खुला शिक्षाको अवसर विस्तार गर्ने रणनीति छ। कोहलपुरको त्रिभुवन माध्यमिक विद्यालयमा खुला शिक्षा सञ्चालनमा रहेको छ। नेपालमा वि.सं. २०७३ मा खुला विश्वविद्यालयको समेत स्थापना भएको छ।

५. **साक्षरता स्थिति :** कोहलपुर साक्षर नगरपालिका हो। समग्रमा नगरपालिकाको कुल ९०,९५६ जनसङ्ख्याको १५ देखि ६० वर्ष उमेर समूहका ५,६०६ निरक्षरमध्ये २७३७ जनाले मापदण्ड अनुसारका ५० प्रतिशतभन्दा बढी सक्षमताहरु हासिल गरी नगरपालिकाको कुल साक्षरता ९६.८५ प्रतिशत पुगेको र उक्त उमेर समूहका सनसङ्याको साक्षरता प्रतिशत ९५ प्रतितभन्दा बढी भएमा साक्षर नगरपालिका घोषणा गर्ने नीतिगत व्यवस्था भए अनुसार मिति २०७६ जेठ ३१ गतेका दिन कोहलपुर साक्षर नगरपालिका घोषणा गरिएको थियो। साक्षर नगरपालिका घोषणाको तथ्याङ्क अनुसार वडा नं. १ मा ९९.२४, वडा नं. २ मा ९८.९७, वडा नं. ३ मा ९६.९६, वडा नं. ४ मा ९२.९७, वडा नं. ५ मा ९७.६८, वडा नं. ६ मा ९९.४०, वडा नं. ७ मा ९६.२३ र वडा नं. ८ मा ९४.३० प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन्। यसैगरी वडा नं. ९ मा ९८.७०, वडा नं. १० मा ९६.४८, वडा नं. ११ मा ९६.२२, वडा नं. १२ मा ९६.९३, वडा नं. १३ मा ९६.००, वडा नं. १४ मा प्रतिशत ९१.०० र वडा नं. १५ मा ९९.६१ प्रतिशत जनसङ्ख्या साक्षर छन्। यसपछि ९५ प्रतिशतभन्दाबढी साक्षर हुन बाँकी वडाका र नगरपालिकाका सबै उमेर समूहका निरक्षर जनसङ्ख्यालाई साक्षर गराउने विशेष कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ।

७. **विश्वविद्यालय तहको शिक्षा :** वागेश्वरी बहुमुखी क्याम्पस कोहलपुरमा रहेको एक मात्र मध्यपश्चिमाञ्चल विश्वविद्यालयको एक आङ्गिक क्याम्पस हो । कक्षा ११ देखि स्नातकोत्तर तहसम्म पठनपाठन हुने उक्त क्याम्पसमा हाल १३५० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

८. **प्राविधिक शिक्षा र व्यवसायिक तालिम :** लक्ष्मी माध्यमिक विद्यालयमा १५८ जना कृषि विषयमा प्राविधिक धार सञ्चालन भएको छ । गोर्खा युनाइटेड इङ्लिस मिडियम स्कुल (माध्यमिक विद्यालय) मा स्नातक तहको वन विज्ञान सङ्काय सञ्चालनमा छ । दुईवटा सामुदायिक माध्यमिक विद्यालय (त्रिभुवन मावि र ज्ञानज्योति मावि) हरुमा सी.टी.ई.भी.टी.का १८ महिने र ३ वर्षे प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

**साधारण तथा प्राविधिक धारतर्फको उच्च शिक्षा प्रदायक संस्थाहरु**

| क्र. सं. | शैक्षिक संस्थाको नाम | वडा | धार | पठपाठन हुने | | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | तह | मुख्य विषय | छात्रा | छात्र | जम्मा |
| १ | बागेश्वरी ब. क्याम्पस | ११ | साधारण | स्नातकोत्तर | शि. र व्य. | ९४० | ५२३ | १४६३ |
| २ | नेपालगन्ज मे. कलेज कोहलपुर | ११ | प्राविधिक | स्नातक | मेडिकल साइन्स | NA | NA | ६१० |
| ३ | नेपालगन्ज नर्सिङ क्याम्पस (लर्ड बुद्ध एजुकेसनल ए. लि) | ११ | प्राविधिक | प्रमाणपत्र | नर्सिङ | ११९ | ० | ११९ |
| ४ | | | प्राविधिक | बि.एस.सी | नर्सिङ | ७ | ० | ७ |
| ५ | गोरखा युनाइटेड क. | २ | साधारण | स्नातक | विज्ञान | २२५ | १७५ | ४०० |
| ६ | डाइनामिक ब. क्या | ११ | साधारण | स्नातक | अ. नेपाली | १४६ | ७२ | २२० |
| ७ | कोहलपुर मोडेल क. | ११ | साधारण | स्नातकोत्तर | व्यवस्थापन | ३९३ | २६० | ६५३ |
| ८ | न्युवागेश्वरी ए. क. | ११ | साधारण | स्नातक | व्यवस्थापन | ३४० | १२३ | ४६३ |
| ९ | लर्डबुद्ध नर्सिङ क | ११ | प्राविधिक | प्रमाणपत्र | नर्सिङ | १२० | ० | १२० |
| १० | एभरेस्ट टे. कलेज | ११ | प्राविधिक | इडिएफ | क. इडीएफ | ३० | २५ | ५५ |
| ११ | वाइड नलेज टेक्निकल कलेज | ११ | प्राविधिक | NA | कम्प्युटर इडीएफ | NA | NA | NA |
| १२ | नोबेल टेक्निकल क. एन्ड मेडिकल साइन्स कलेज | ११ | प्राविधिक | NA | कम्प्युटर इडीएफ | ४९ | ४४ | ९३ |
| १३ | निडेड टेक्निकल कलेज | ११ | प्राविधिक | कम्पयुटर बेसिक र इडीएफ | कम्प्युटर इडीएफ | २६ | ७ | ३३ |
| १४ | एनडिइपी टे.कलेज | ११ | प्राविधिक | इडीएफ | क. इडीएफ | २५ | ३८ | ६३ |
| १५ | एभरेस्ट टे.कजेज | ११ | प्राविधिक | इडीएफ | क. इडीएफ | ३० | २५ | ५५ |

६. **निजीक्षेत्रबाट सञ्चालित संस्थागत विद्यालय :** निजी क्षेत्रबाट प्ले ग्रुप तथा मन्टिसोरी विधिका पूर्वप्राथमिक तहका ९ वटा, कक्षा १-८ वटा र कक्षा १-१० वटा गरी कुल ५५ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । अनुमति पाएका ३ वटा विद्यालयहरु सम्पर्कमा रहेका छैनन् । यीमध्ये ५२ वटामा नर्सरी र केजी कक्षा, ५ वटा कक्षा २ सम्म, ३ वटामा कक्षा ३ सम्म, १४ वटामा कक्षा ५ सम्म, एक वटामा कक्षा ७ सम्म, ३ वटामा कक्षा ८ सम्म, २४ वटामा कक्षा १० सम्म र ७ वटामा कक्षा १२ सम्म पठनपाठन हुन्छ। उक्त विद्यालयमा पूर्वप्राथमिक तहमा ४०८८ जना, कक्षा १ देखि ५ सम्ममा ४८७४ जना, कक्षा ६ देखि ८ सम्ममा ३४७९ जना, कक्षा ९ र १० मा १७२३ जना, कक्षा ११ र १२ मा १५९५ जना कुल १५७५९ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

**बालअधिकारका ४ वटा प्रकार**

१. **बाँच्न पाउने अधिकार (Right to survival) :** जीवनको स्तर, स्वास्थ्य उपचार, पोषण, पिउने पानी, आदि ।

२. **विकास गर्न पाउने अधिकार (Right to development):** सर्वाङ्गीण क्षेत्रको विकास गर्न पाउने ।

३. **संरक्षण पाउने अधिकार (Right to protection):** जोखिमपूर्ण शोषणयुक्त र अमानवीय व्यवहारबाट सुरक्षित हुन पाउने ।

४. **सहभागी हुन पाउने (Right to participation):** विचार राख्न पाउने, शैक्षिक सामाजिक र पारिवारिक निर्णयमा सहभागी हुन पाउने ।

**सङ्घीय र प्रदेश सरकार तथा स्थानीय तहमा शैक्षिक प्रशासनको संरचना**

सविधानको अनुसूची ५ मा संघको ३५ वटा अधिकारको सूची छ । अनुसूची ६ मा प्रदेशको २१ वटा अधिकारको सूची छ । अनुसूची ७ मा संघ र प्रदेशका साझा अधिकारको सूची उल्लेख छ । प्रदेशका यी अधिकारहरु प्रयोग गर्न प्रदेश तहमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रहरु रहेका छन् । संविधानको धारा ५७, उपधारा ४ अनुसूची ८ मा स्थानीय तहलाई प्रदान गरिएको अधिकारको सूची छ । उक्त सूची अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षाअन्तरगत २३ वटा काम कर्तव्य र अधिकारहरु तोकिएका छन् । ती काम, कर्तव्य र अधिकारहरुलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहका शिक्षा सम्बन्धी शाखामा रहने गरी शिक्षा हेर्ने अधिकृत तथा प्राविधिक सहायकहरुको दरबन्दी र संख्या तोकिएको छ ।

## संस्थागत विद्यालयहरुको तहगत विद्यार्थी सङ्ख्या

| क्र. सं. | विद्यालयको नाम ठेगाना (IEMIS मा इन्ट्री भएको ।) | बालविकास | | कक्षा १-५ | | कक्षा ६-८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | डाइनामिक मावि कोहलपुर | २२ | ४३ | १०६ | १२४ | ३८ | ६२ | २० | ३७ | ४२३ | ३८२ |
| २ | रामजनकी मावि कोहलपुर | ० | ० | ५३ | ९४ | ४१ | ५० | ३० | २४ | ० | ० |
| ३ | बालज्यति मावि कोहलपुर | २९ | ३९ | ८७ | १५९ | ६९ | १०७ | ३३ | ५५ | ० | ० |
| ४ | दीज्योति विद्याश्रम चपरगौडी | ३१ | ६८ | ८८ | १२० | ५० | ८८ | २२ | ४८ | ० | ० |
| ५ | ग्रिनसिप इङलिस बोर्डिङ स्कुल | ७१ | ९० | १४९ | २४७ | ५८ | ५६ | ३० | ४५ | ० | ० |
| ६ | साइनिङ स्टार सेइमी स्कुल | ५९ | ६६ | ९२ | ११० | ४४ | ६२ | २६ | ३५ | ० | ० |
| ७ | वेस्टर्न ईमिसे स्कुल | ४८ | ५२ | १०५ | १५७ | ५६ | ८३ | १८ | ४३ | ० | ० |
| ८ | एभरेस्ट सैनिक से. स्कुल | २४ | ४२ | ७९ | ११९ | ४२ | ४४ | १७ | २२ | ३५ | २० |
| ९ | कोहलपुर लि. एन्जेल्स ई. स्कुल | २७ | २४ | ३३ | ४९ | ११ | ३३ | ११ | १५ | ० | ० |
| १० | कोहलपुर मावि टाउन प्लानिङ | ३१ | २५ | ७७ | ८३ | ३९ | ३५ | २९ | ३१ | ० | ० |
| ११ | दीव्यविद्या सदन ईमिसे स्कुल | ३६ | ४८ | ७० | ११२ | ५२ | ६० | १३ | २२ | ० | ० |
| १२ | जीवनज्योति स्कुल | १७९ | २९९ | २३९ | ३१३ | ४२ | ५८ | ० | ० | ० | ० |
| १३ | गोल्डेन फ्युचर एकेडेमी | ५५ | ७३ | ६० | ५४ | ० | ० | ० | ० | ० | ० |
| १४ | वागेश्वरी इमिसे स्कुल | ८७ | १२६ | १६२ | २७० | १२२ | १९२ | ७९ | ११३ | २५ | ३३ |
| १५ | नमुना विद्या सदन | ४८ | ६५ | १०३ | १४६ | ३९ | ४८ | २८ | ३७ | ९५ | ७३ |
| १६ | मिसन पब्लिक एकेडेमी | ५८ | ९० | ९१ | १३३ | १९ | २७ | ० | ० | ० | ० |
| १७ | तक्षशिला एकेडेमी | ५५ | ९५ | १५३ | २५४ | ८२ | १२१ | २९ | ४४ | ० | ० |
| १८ | रुपचा बिलिभर्स एकेडेमी स्कुल | ५२ | ४८ | ९४ | १०७ | १७ | २२ | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | ब्रिज इन्टरनेसल स्कुल | ५६ | ७४ | ९६ | १३५ | ४७ | ६७ | २३ | ३२ | ० | ० |
| २० | निम्बल इमी स्कुल | ० | ० | ७९ | १५६ | ४८ | ६८ | २२ | ३३ | ० | ० |
| २१ | ग्रिनहिल एकेडेमी | ० | ० | ५६ | ६२ | ० | ० | ० | ० | ० | ० |
| २२ | कोहलपुर सिटी एकेडेमी | ७७ | १११ | १२२ | १६७ | ० | ० | ० | ० | ० | ० |
| २३ | आशा एकेडेमी | २५ | ३८ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २४ | फुलबारी एजुकेसन एकेडेमी | ६० | ९८ | ५१ | ९० | ८ | १४ | ० | ० | ० | ० |
| २५ | बालविज्ञान इमी स्कुल | २२ | ३१ | ७० | ६७ | १९ | ३८ | ० | ० | ० | ० |
| २६ | पब्लिक लर्ड बुद्ध एकेडेमी | ४६ | ६६ | ६९ | ९५ | ९ | १२ | ० | ० | ० | ० |
| २७ | सङ्कल्प एकेडेमी | ८ | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २८ | लर्ड बागेश्वरी एकेडेमी | १० | ३३ | ६० | ७३ | ११ | १८ | ० | ० | ० | ० |
| २९ | गोरखा पब्लिक युनाइटेड एकेडेमी | ११७ | २०० | २०४ | ३४७ | १५२ | २३५ | ८४ | १४५ | ० | ० |
| ३० | जनज्योति पब्लिक हाइस्कुल प्रालि | ३५ | ४९ | १०२ | १६३ | ७६ | ९१ | ५३ | ८६ | ० | ० |
| ३१ | ब्राइटलाइट एकेडेमी | ३२ | ६३ | ८१ | १३७ | ४४ | ७२ | ३० | ४५ | ६० | ४४ |
| ३२ | बालविद्या मन्दिर | २७ | ४९ | ४४ | ७९ | ३२ | ४३ | १८ | १७ | १४७ | २५८ |
| ३३ | पन्चमुखी इमीसे स्कुल | ४१ | ६६ | १२८ | १७८ | ६८ | ९६ | २४ | ४४ | ० | ० |
| ३४ | नोबल इमीसे स्कुल | ३० | ४४ | ९६ | १३८ | ३४ | ४६ | १२ | २८ | ० | ० |
| ३५ | सेन्चुरी एजुकेसन एकेडेमी | २६ | २५ | ३२ | ५६ | १६ | १६ | ३ | ७ | ० | ० |
| ३६ | कोहलपुर वागेश्वर इमीसे स्कुल | ५० | ७१ | २५३ | ३९५ | ४७ | ८३ | १४ | ४७ | ० | ० |
| ३७ | कोहलपुर पाठशाला | ७४ | ११४ | ५८ | ९९ | ० | ० | ० | ० | ० | ० |
| ३८ | जम्मा | १६४८ | २४४० | ३४४२ | ५०८८ | १४३२ | २०४७ | ६६८ | १०५५ | ७८५ | ८१० |
| | सबैको कुल जम्मा (१९४१५) | ४०८८ | | ४८७४ | | ३४७९ | | १७२३ | | १५९५ | |

## आधारभूत तह (कक्षा १-८) वार्षिक मूल्याङ्कनको विषयगत नतिजा सारांश

| ग्रेड | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | पेसा व्यवसाय प्रविधि | स्वास्थ्य र शारीरिक | कम्प्युटर | ऐच्छिक गणित | नैतिक शिक्षा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| A+ | ९३ | १९२ | २५७ | १७८ | १८२ | २३७ | २१९ | २२९ | ७ | २०३ |
| A | ५९९ | ५३१ | २९० | ३७६ | ४९७ | ५४२ | ४३० | ४६६ | १० | ५०८ |
| B+ | ६४४ | ५३५ | ३६७ | ४१२ | ६५५ | ४९३ | ५५८ | ६९२ | ६ | ५७० |
| B | ४९३ | ६३० | ४७५ | ६९५ | ५१५ | ५३३ | ४७८ | ४६४ | ३ | ७१४ |
| C+ | ३०२ | २७८ | ५३४ | ४७७ | ३३४ | ३७५ | ४९६ | ३०८ | १ | २८५ |
| C | २१८ | १७७ | ४२३ | २१० | १६३ | १५३ | १५८ | १६३ | ० | ६५ |
| D+ | ० | ६ | ३ | १ | ३ | १५ | १० | ० | ० | ४ |
| D | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| E | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| N | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २३४९ | २३४९ | २३४९ | २३४९ | २३४९ | २३४९ | २३४९ | २३२२ | २७ | २३४९ |

## शिक्षा शाखाले आ.व. २०७७/७८ मा गरेका केही मुख्य कार्यहरु

१. सबै सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान गरिएको
२. शिक्षक सङ्ख्या नपुगेको विद्यालयमा नगर अनुदानबाट शिक्षक व्यवस्थापन गरिएको
३. सबै बालविकास केन्द्रका शिक्षकहरुलाई पाँच दिने बालमैत्री सिकाइसम्बन्धी आधारभूत तालिम प्रदान गरिएको
४ साविकको स्रोतकेन्द्र रहेको भवनलाई वाइफाइ र सभाहल सहितको शिक्षक केन्द्र बनाइएको
५. पाँचवटै विषयगत सिकाइ केन्द्रहरुमा कार्यशाला गरी प्रश्नपत्र बैङ्क निर्माण गरिएको
६. बालविकास केन्द्रहरुलाई बालमैत्री सिकाइ सामग्री प्रदान गरिएको
७. यस वर्ष तीन वटाबाट बालविकास केन्द्रको स्तरोन्नति कार्य शुरु गरिएको
८. सबै आधारभूत (प्राथमिक) विद्यालयहरुलाई कम्प्युटर वितरण गरिएको
९. कार्यविधि निर्माण गरी कक्षा-८ को वार्षिक मूल्याङ्कन गरिएको
१०. IEMIS का आधारमा कक्षा-८ को वार्षिक नतिजा प्रकाशन गरिएको
११. कक्षा थप, विद्यालय स्थानान्तरण तथा नामाकरण सम्बन्धी कार्यविधी निर्माण गरिएको
१२. दलित मुक्त कमैया अति विपन्न र लोपोन्मुख विद्यार्थीहरुलाई झोला वितरण गरिएको
१३. IEMIS तथ्याङ्कका आधारमा विद्यालयहरुमा रकम निकासा गरिएको
१४. आधारभूत तह स्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएको
१५. मेयरकप रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सम्पन्न गरिएको
१६. युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत खुला विचार लेखन सञ्चालन गरिएको
१७. शैक्षिक झलकको दोस्रो अङ्क प्रकाशन गरिएको
१८. शाखाबाट डायरी प्रकाशन गरिएको
१९. कार्यालयमा विद्यालय विवरणको फ्लेक्स प्रिन्ट प्रदर्शन गरिएको
२०. विद्यालय अनुगमन र प्रतिवेदनका आधारमा विद्यालय र पठनपाठन सञ्चालन सम्बन्धी नीतिहरु बनाइएको

# नेपालमा शिक्षाको वर्तमान अवस्था

## (आर्थिक सर्वेक्षण, २०७७/७८ अनुसार)

### शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्वीकार गरी प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको अनिवार्य व्यवस्था गरेको छ। ज्ञानमा आधारित समाज निर्माणको माध्यमबाट दिगो विकास र आर्थिक समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण औजारको रुपमा स्वीकरिएको छ। शिक्षालाई व्यावसायिक, सिपमूलक, रोजगारीमूलक तथा जीवनोपयोगी बनाउन शिक्षा क्षेत्रमा सुधारका कार्यक्रम कार्यान्वयन गरिँदै आएको छ। पन्ध्रौँ योजनाले गुणस्तरीय शिक्षा मार्फत् सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानवस्रोतको विकास गर्ने लक्ष्य लिएको छ।

आर्थिक वर्ष २०७७/७८ मा शिक्षाक्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) को वृद्धिदर गत आर्थिक वर्षको ३.२ प्रतिशतको तुलनामा सीमान्त वृद्धि भई ३.६ प्रतिशत हुने अनुमान छ। चालु आर्थिक वर्षमा कुल मूल्य अभिवृद्धिमा शिक्षा क्षेत्रको योगदान ८.०५ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो योगदान ८.३५ प्रतिशत रहेको थियो।

अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ जारी भएको छ। सङ्घीय स्वरुप अनुसार शैक्षिक संरचनाको परिवर्तित नाम तथा कोभिड-१९ र यस्तै प्रकृतिका महामारीको अवस्थालाई समेतका लागि शिक्षा नियमावली, २०५९ को नवौँ संशोधन गरिएको छ। शैक्षिक वर्ष २०७७ देखि कक्षा ११ को नयाँ पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको छ।

### विद्यालयमा भर्ना

शैक्षिक वर्ष २०७७ मा प्राथमिक तह (कक्षा १-५) को खुद भर्नादर ९७.४ प्रतिशत, आधारभूत तह (कक्षा १-८) को ९४.७ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को ५१.२ प्रतिशत रहेको छ। शैक्षिक वर्ष २०७६ मा यस्तो भर्नादर क्रमश: ९७.१, ९३.४ र ४६.६ प्रतिशत रहेको थियो।

शैक्षिक वर्ष २०७७ मा कक्षा १ मा खुद प्रवेश दर (भर्ना हुने उमेर ५ वर्ष पूरा भएका) ९७.३ प्रतिशत रहेको छ। कक्षा ८ सम्मको टिकाउ दर ८२.२ प्रतिशत, कक्षा १० सम्मको टिकाउदर ६४.६ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर २९.२ प्रतिशत रहेको छ भने शैक्षिक वर्ष २०७६ मा कक्षा १ मा खुद प्रवेश दर (भर्ना हुने उमेर ५ वर्ष पूरा भएका) ९६.९ प्रतिशत रहेको थियो। कक्षा १० सम्मको टिकाउ दर ६०.३ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर २४.० प्रतिशत रहेको थियो।

### साक्षरता

६ वर्षमाथिको साक्षरता दर ७८ प्रतिशत पुगेको छ भने १५ वर्षमाथिको साक्षरता दर ५८ प्रतिशत रहेको छ। त्यसैगरी १५ देखि २४ वर्षि उमेर समूहको साक्षरता दर ८८.६ प्रतिशत रहेको छ।

### महिला शिक्षकको अनुपात

पछिल्ला वर्षहरुमा कुल शिक्षकमा महिला शिक्षकको अनुपात बढदै गएको भएपनि माध्यमिक तहमा यस्तो

अनुपात तुलनात्मक रुपमा न्यून रहेको छ । आधारभूत तहमा कुल शिक्षकमध्ये महिला शिक्षकको अनुपात ४६.६ प्रतिशत रशेको छ भने माध्यमिक तहमा यस्तो अनुपात २०.७ प्रतिशत रहेको छ ।

### विद्यालय सङ्ख्या

शैक्षिक वर्ष २०७७ मा नेपालमा कुल ३५ हजार ६ सय ७४ विद्यालय रहेका छन् जसमध्ये आधारभइत तह (कक्षा १-५) सञ्चालित विद्यालय ३५ हजार ४ सर ४५, आधारभूत तह (कक्षा ६-८) सञ्चालित १६ हजार ८ सय ४७ र आधारभूत (कक्षा १-८) सञ्चालित विद्यालय ३५ हजार ६ सय ४४ रहेका छन् । यसैगरी माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित ११ हजार १ सय ८ विद्यालय मध्ये ४ हजार १ सय ८७ विद्यालयमा कक्षा ११ र १२ सञ्चालन भएको छ ।

प्रदेशअनुसार लुम्बिनी प्रदेशमा जम्मा ५७२८ विद्यालयहरु रहेका छन् । सञ्चालित तह अनुसार कक्षा आधारभूत (कक्षा १-५) तह ५७२७ वटा, आधारभूत (कक्षा ६-८) तह २६६७ वटा, आधारभूत (कक्षा १-८) तह ५७४७ वटा, माध्यमिक (कक्षा ९-१०) तह १६५५ वटा, माध्यमिक (कक्षा ११-१२) तह ६४४ वटा र माध्यमिक (कक्षा ९-१२) तह १६८२ वटा सञ्चालित छन् ।

प्रदेशगत रुपमा सबैभन्दा बढी विद्यालय वागमति प्रदेशमा १९.८ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ८.९ प्रतिशत रहेको छ । यसै गरी प्रदेश नं. १, प्रदेश नं. २, गण्डकी, लुम्बिनी, र सुदूर पश्चिम प्रदेशमा क्रमश: १९.५, ११.७, १२.२, १६.१ र ११.९ प्रतिशत विद्यालय रहेका छन् ।

शैक्षिक वर्ष २०७७ मा कुल ३५ हजार ६ सय ७४ विद्यालय मध्ये सामुदायिक विद्यालय २७ हजार ८ सय १३, संस्थागत विद्यालय ६ हजार ७ सय ३२ र धार्मिक विद्यालय १,१२९ रहेका छन् । विद्यालय प्रकारको अनुपात सामुदायिक ७८ प्रतिशत, संस्थागत १९ प्रतिशत र धार्मिक ३ प्रतिशत रहेको छ ।

**विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण**

| | तह र प्रकार अनुसारका विद्यालय | | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा तह |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह | कक्षा १-५ | २७७९८ | ६५४४ | ११०३ | ३५४४५ |
| २ | आधारभूत तह | कक्षा ६-८ | १२०७१ | ४६४६ | १३० | १६८४७ |
| ३ | आधारभूत तह | कक्षा १-८ | २७९५० | ६५६५ | ११२९ | ३५६४४ |
| ४ | माध्यमिक तह | कक्षा ९-१० | ७२०० | ३६२४ | ३९ | १०८६३ |
| ५ | माध्यमिक तह | कक्षा ११-१२ | ३२६८ | ९१३ | ६ | ४१८७ |
| ६ | माध्यमिक तह | कक्षा ९-१२ | ७२०० | ३८६९ | ३९ | १११०८ |
| | | जम्मा | २७८१३ | ६७३२ | ११२९ | ३५६७४ |

### शिक्षक विवरण र अनुपात

शैक्षिक वर्ष २०७७ मा सामुदायिक र संस्थागत विद्यालयमा गरी कुल ३ लाख २० हजार ५ सय ७६ शिक्षकमध्ये पुरुष र महिला शिक्षक क्रमश: ६०.५ प्रतिशत र ३९.५ प्रतिशत रहेका छन् ।

**सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण**

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | ६६५४७ | ८३६४६ | २८९०३ | २२२०० | ९५४५० | १०५८४६ | २०१२९६ |
| आधारभूत तह (कक्षा ६-८) | ९६२९ | २८९८९ | ८४७५ | ८७८८ | १८१०४ | ३७७७७ | ५५८८१ |
| माध्यमिक तह (कक्षा ९-१०) | ५१६५ | २२१५७ | ४४९७ | १२६२७ | ९६६२ | ३४७८४ | ४४४४६ |
| माध्यमिक तह (कक्षा ११-१२) | २७०० | ११२७७ | ८४९ | ४१२७ | ३५४९ | १५४०४ | १८९५३ |
| जम्मा | ८४०४१ | १४६०६९ | ४२७२४ | ४७७४२ | १२६७६५ | १९३८११ | ३२०५७६ |

## प्रति विद्यालय विद्यार्थी अनुपात

शैक्षिक वर्ष २०७७ मा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा क्रमश: ९१, ११३, ११५ र १३५ रहेको छ। लुम्बिनी प्रदेशमा क्रमश: १०३, १२८, १२७, १५६ रहेको छ। यसैगरी लुम्बिनी प्रदेशमा तहगत शिक्षक विद्यार्थी अनुपात क्रमश: २६, ५३, ४३ र ७५ रहेको छ।

माध्यमिक तहका कुल शिक्षकमध्ये महिला शिक्षक २०.८ प्रतिशत रहेकोमा यस्तो सङ्ख्या १९.० प्रतिशत र संस्थागत तर्फ २४.२ प्रतिशत रहेको छ। सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षक सङ्ख्यामा लैङ्गिक सुचकाङ्क आधारभूत तह (कक्षा १-८) मा ०.७९ र माध्यमिक तह (कक्षा ९-१२) मा ०.२६ रहेको छ।

## शिक्षकको प्रदेशगत विवरण

सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत तर्फका समेत गरी सम्पूर्ण शिक्षकको प्रदेशगत विवरण विश्लेषण गर्दा सबैभन्दा बढी हिस्सा प्रदेश नं. १ मा १९.८ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ८.१ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशमा आधारभूत तह (कक्षा १-५) मा स्थायी ११८४७, अस्थायी ५६४ र राहत ३६१०, आधारभूत तह (कक्षा ६-८) मा स्थायी २२४९, अस्थायी १८५ र राहत १४७८, माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी १८९१, अस्थायी ४५३ र राहत १००३ र माध्यमिक तह (कक्षा ११-१२) मा स्थायी ०, अस्थायी ३३४ र राहत ७६४ रहेका छन्। देशमा कुल १५६१७६ जनामध्ये १०२३६४ स्थायी, १०७७० अस्थायी र ४३०४२ राहत शिक्षकहरु रहेका छन्। उल्लिखित सङ्ख्या नेपाल सरकारबाट तलब भत्ता उपलब्ध गराइएका शिक्षकहरुको मात्र हो।

## विद्यार्थी सङ्ख्या विवरण

| १ | शिवशक्ति प्रा वि कोहलपुर-२ | नमूना बा वि के | २५०००० |
| २ | कृष्ण माध्यमिक विद्यालय, कृष्ण बाल विकास केन्द्र कोहलपुर-१ | बाविके स्तरोन्नति | १३०००० |
| ३ | सिद्धार्थ मा वि रझेना, प्रभात बाल विकास केन्द्र कोहलपुर-५ | शैक्षिक सामग्री खरिद | ५०००० |
| | जम्मा | | ४३०००० |

१०. कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित पाठ्यपुस्तक अनुदान

| क्र.सं. | विद्यालय | वडा | दर | बजेट |
|---|---|---|---|---|
| १ | राम मावि हवल्दारपुर | १४ | ५००० | ५००० |
| २ | त्रिभुवन मावि कोहलपुर | १० | ५००० | ५००० |
| ३ | ज्ञानज्योति मावि चपरगौडी | १२ | ५००० | ५००० |
| ४ | लक्ष्मी मावि बर्दहवा | २ | ५००० | ५००० |
| ५ | सगरमाथा ज्ञा मावि रझेना | ४ | ५००० | ५००० |
| | जम्मा | | २५०००० | २५०००० |

११. आइसिटी तथा विज्ञान ल्याब

| क्र.सं. | विद्यालयको नाम | वार्ड नं | कार्यक्रम | जम्मा अनुदान |
|---|---|---|---|---|
| १ | कृष्ण मावि कौशिलानगर | १ | आइसिटी | ६५०००० |
| २ | ज्ञानज्योति मावि बगिया | ११ | आइसिटी | ६५०००० |
| ३ | सिद्धार्थ आवि रझेना | ५ | विज्ञान प्रयोगशाला | ६५०००० |
| ४ | नेपाल राष्ट्रिय आवि चटार | १० | आइसिटी | ६५०००० |
| ५ | बालशिक्षा आवि भरैया | १३ | आइसिटी | ६५०००० |
| ६ | नेपाल राष्ट्रिय आवि चन्नहवा | १४ | आइसिटी | ६५०००० |
| ७ | नेपाल राष्ट्रिय आवि चौधरिया | १४ | आइसिटी | ६५०००० |
| | जम्मा | | | ४५५०००० |

१२. शिक्षण सहयोग अनुदानको तलब भत्ता

| क्र सं | विद्यालयको नाम | तह | श्रेणी | तलब स्केल | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जनता मावि मैटहवा | मा वि | तृतीय | ३५९९० | १२ | ४३१८८० |
| २ | ज्ञान ज्योति मा वि बगिया | मा वि | तृतीय | ३५९९० | १२ | ४३१८८० |
| ३ | सरस्वती मा.वि. पिपरी | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| ४ | बाल शिक्षा आ वि भरैया | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| ५ | ने रा आ वि चौधरिया | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| ६ | ने रा आ वि चटार | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| ७ | ने रा आ वि लखनवार | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| ८ | ने रा आ वि चन्नहवा | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| ९ | सिद्धार्थ मा वि रझेना | नि मा वि | तृतीय | २८२०० | १२ | ३३८४०० |
| | कुल जम्मा | | | | | ३२३२५६० |

१३. गुठी तथा परम्परागत विद्यालयलाई अनुदान

| क्र सं | विद्यालयको नाम | वडा नं | बजेट रकम |
|---|---|---|---|
| १ | कोहलपुर माध्यमिक विद्यालय | ११ | ७१५००० |
| २ | रामजानकी राधाकृष्ण संस्कृत गुरुकुल | १२ | २४१००० |
| ३ | मदरसा रहमातुल उलुम झण्डहवा | ९ | २४१००० |
| जम्मा | | | ११९७००० |

१४. प्राविधिक धार संचालित विद्यालयका लागि प्रति विद्यार्थी लागत अनुदान

| क्र. सं. | विद्यालयको नाम | वडा नं | विद्यार्थी सङ्ख्या | कुल बजेट | पेस्की | पछि जाने |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी माध्यमिक वि. | २ | १६६ | २४४९०००० | १८०००००० | ६९००००० |

१५. विद्यालय बाल बिकास शिक्षकहरुको वित्तीय समानीकरणको शिक्षक प्रोत्साहन भत्ता अनुदान

| क्र. सं | विद्यालयको नाम | बालविकास शिक्षक सङ्ख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | राम मा.वि. बैजनाथपुर | २ | १२००० | २४००० |
| २ | त्रिभुवन मा.वि. कोहलपुर | ४ | १२००० | ४८००० |
| ३ | ज्ञानज्योति मा.वि. चपरगौडी | ४ | १२००० | ४८००० |
| ४ | लक्ष्मी मा.वि. बर्दहवा | ३ | १२००० | ३६००० |
| ५ | सगरमाथा ज्ञानपुन्ज मा.वि. | २ | १२००० | २४००० |
| ६ | जन ज्ञानज्योति मा.वि.कौशिलानगर | ४ | १२००० | ४८००० |
| ७ | कृष्ण  मा.वि. कौशिलानगर | ३ | १२००० | ३६००० |
| ८ | ने.रा. मा.वि. निबुवा खड्कवार | ६ | १२००० | ७२००० |
| ९ | ज्ञानज्योति मा.वि.,बगिया | ५ | १२००० | ६०००० |
| १० | जनता मा.वि. मैटहवा | २ | १२००० | २४००० |
| ११ | सरस्वती मा.वि. पिपरी | ७ | १२००० | ८४००० |
| १२ | सिद्धार्थ आ.वि.,रझेना | ६ | १२००० | ७२००० |
| १३ | बाल शिक्षा आ.वि. भरैया | १ | १२००० | १२००० |
| १४ | ने.रा.  आ.वि. लखनवार | ३ | १२००० | ३६००० |
| १५ | ने.रा.  आ.वि.,चटार | ४ | १२००० | ४८००० |
| १६ | ने.रा. आ.वि. चौधरीया | २ | १२००० | २४००० |
| १७ | ने.रा. आ.वि. चन्नहवा | २ | १२००० | २४००० |
| १८ | जनचेतना आ वि गोहवा | २ | १२००० | २४००० |
| १९ | मुक्ति प्रा.वि. मुक्तिनगर | २ | १२००० | २४००० |
| २० | शिवशक्ति प्रा.वि. प्रेमनगर | २ | १२००० | २४००० |
| २१ | हिमालय मदरसा गरिव नवाज | १ | १२००० | १२००० |
| २२ | जनज्योति प्रा.वि. झण्डहवा | ४ | १२००० | ४८००० |
| २३ | ने.रा. प्रा.वि. सिमरी | २ | १२००० | २४००० |
| २४ | बिद्याज्योति प्रा.वि.चपरगौडी | १ | १२००० | १२००० |

| | | | | |
|---|---|---|---|---|
| २५ | ने.रा. प्रा.वि. ढोडपुरवा | १ | १२००० | १२००० |
| २६ | राधाकृष्ण प्रा.वि. | २ | १२००० | १२००० |
| २७ | सिर्जना बाल प्रा.वि. | २ | १२००० | १२००० |
| २८ | मदरसा रहमातुल उलुम | १ | १२००० | १२००० |
| २९ | ज्ञानकुञ्ज पुस्तकालय बालविकास | १ | १२००० | १२००० |
| | **जम्मा** | **८१** | **१२०००** | **९७२००** |

१६. आधारभूत तहका विद्यालयहरुका लागि कम्प्युटर खरिद- समानीकरण अनुदान

(प्रति विद्यालय रु. ५०,०००/- का दरले जम्मा रु. ६,००,०००/-)

| क्र.सं. | विद्यालयको नाम | क्र सं. | विद्यालयको नाम |
|---|---|---|---|
| १ | मुक्ति प्रा.वि., मुक्तिनगर | ७ | हिमालय मदरसा प्रा.वि. |
| २ | शिवशक्ति प्रा.वि. | ८ | बालशिक्षा प्रा.वि. रजगढवा |
| ३ | जनज्योति मा.वि. झन्डहवा | ९ | ने.रा.प्रा.वि. सिमरी |
| ४ | राधाकृष्ण प्रा.वि. अकलघरवा | १० | ने.रा.प्रा.वि. ढोडपुरवा |
| ५ | नेरा. आ.वि., चौधरिया | ११ | सिर्जना प्रा.वि. सिर्जनाटोल |
| ६ | ने.रा.आ.वि., लखनवार | १२ | बालज्योति प्रा.वि. चप्परगौडी |

१७. छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड अनुदान

| **क्र. सं.** | **अनुदान पाउने विद्यालयको नाम** | **छात्रा सङ्ख्या** | **जम्मा रकम (प्रति पिस रु ८)** |
|---|---|---|---|
| १ | त्रिभुवन मा.वि.,विद्यानगर | ८६ | ६६३५५२ |
| २ | ज्ञानज्योति मा.वि.,बगिया | १९६ | १५०५२८ |
| ३ | ज्ञानज्योति मा.वि.,चप्परगौडी | ७७० | ५९१३६० |
| ४ | सगरमाथा ज्ञानपुञ्ज मा.वि.,रझेना | ४४५ | ४११७६० |
| ५ | लक्ष्मी मा.वि.,बर्दहवा | ५२९ | ४०६२७२ |
| ६ | जनज्ञानज्योति मा.वि.,कौशिलानगर | १८५ | १४२०८० |
| ७ | जनता मा.वि. मैटहवा | ११९ | ९१३९२ |
| ८ | नेपाल राष्ट्रिय मा.वि. खडगवार | २२० | १६८९६० |
| ९ | सिद्दार्थ मा.वि. रझेना | ८१ | ६२२०८ |
| १० | सरस्वती मा.वि.,पिपरी | २५९ | १९८९१२ |
| ११ | कृष्ण मा.वि. कौशिलानगर | ३२१ | २४६५२८ |

| | | | |
|---|---|---|---|
| १२ | राम मा.वि.,हवल्दारपुर | ४५६ | ३५०२०८ |
| १३ | नेपाल राष्ट्रिय आ.वि. चौधरिया | ३३ | २५३४४ |
| १४ | नेपाल राष्ट्रिय आ.वि. चटार | ५६ | ४३००८ |
| १५ | नेपाल राष्ट्रिय आ.वि. चन्नहवा | २४ | १८४३२ |
| १६ | नेपाल राष्ट्रिय आ.वि.,लखनवार | ५७ | ४३७७६ |
| १७ | बालशिक्षा आ.वि.,भरैया | ५१ | ३९१६८ |
| १८ | जनचेतना आ.वि.,गोहवा | २३ | १७६६४ |
| १९ | कोहलपुर मा.वि.,टाउनप्लान | ६८ | ५२२२४ |

१८. मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम- विद्यार्थीको लागि झोला सहयोग

मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमबाट विद्यार्थीका लागि झोला सहयोग कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयका आधारभूत तहमा अध्ययन गर्ने मुक्तकमैया समुदायका १६० जना, दलितका २०११ जना, अतिविपन्नका १९०२ जना र लोपोन्मुखका १८ जना गरी जम्मा ५०० जना बालबालिकाहरुलाई विद्यालयमार्फत् झोला वितरण गरिएको छ।

| क्र.स | विद्यालयको नाम | ठेगाना | झोला संख्या |
|---|---|---|---|
| १ | राम माध्यमिक विद्यालय | बैजनाथपुर | २५ |
| २ | त्रिभुवन मा.वि. कोनपा -१० | कोहलपुर | २० |
| ३ | ज्ञान ज्योति माध्यमिक विद्यालय | चपरगौडी | २५ |
| ४ | ज्ञान ज्योति माध्यमिक विद्यालय | बगिया | २० |
| ५ | ने.रा.माध्यमिक विद्यालय | निवुवा | ३० |
| ६ | जन ज्ञानज्योति मावि | कौशिलानगर | ३० |
| ७ | कृष्ण माध्यमिक विद्यालय | कौशिलानगर | २५ |
| ८ | लक्ष्मी माध्यमिक विद्यालय | बर्दवा | २५ |
| ९ | सगरमाथा ज्ञानपुञ्ज मावि | कोहलपुर | २० |
| १० | जनता माध्यमिक विद्यालय | मैटहवा | १० |
| ११ | सरस्वति माध्यमिक विद्यालय | पिपरी | २५ |
| १२ | सिद्धार्थ आधारभूत विद्यालय | रझेना | १५ |
| १३ | बाल शिक्षा आ.वि. भरैया १३ | भरैया | १५ |
| १४ | ने.रा.आधारभूत विद्यालय | लखनवार | १५ |
| १५ | ने.रा.आधारभूत विद्यालय | चटार | १५ |

| | | | |
|---|---|---|---|
| १६ | ने.रा. आधारभूत विद्यालय | चौधरीया | १५ |
| १७ | ने.रा.आधारभूत विद्यालय | चन्नहवा | १० |
| १८ | जन चेतना प्राथमिक विद्यालय | गोहवा | १० |
| १९ | मुक्ति प्राथमिक विद्यालय | मुक्तिनगर | १५ |
| २० | शिव शक्ति प्राथमिक विद्यालय | प्रेमनगर | १५ |
| २१ | हिमालय मदरसा गरिब नवाज, | बेडनपुर | १० |
| २२ | जनज्योति प्राथमिक विद्यालय | झन्डहवा | १५ |
| २३ | ने.रा. प्राथमिक विद्यालय | सिमरी | १५ |
| २४ | बाल शिक्षा प्राथमिक विद्यालय | रजगढवा | १० |
| २५ | विद्याज्योति प्राथमिक विद्यालय | चपरगौडी | १० |
| २६ | ने.रा.प्राथमिक विद्यालय | ढोडपूर्वा | १५ |
| २७ | राधाकृष्ण प्राथमिक विद्यालय | अकलघरवा | १५ |
| २८ | सृजना बाल प्राथमिक विद्यालय | सिर्जनाटोल | १५ |
| २९ | रामजानकी संस्कृत विद्यालय | चपरगौडी | ८ |
| ३० | मदरसा रमातुलउलुम, | झन्डहवा | ७ |
| | **जम्मा** | | ५०० |

१९. मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम :
विद्यालयलाई विज्ञान प्रयोगशाला ल्याव वितरण

| | | | |
|---|---|---|---|
| १ | जनता मा.वि. मैटहवा | वडा नं. २ | रु. ४,६०,०००/- |

## शिक्षक दरबन्दी मिलान: प्रक्रिया र नतिजा

**परिचय**

शिक्षक दरबन्दी मिलान शिक्षक-विद्यार्थी अनुपात र विद्यालयको भौगोलिक तथा जानसाङ्ख्यिक वितरणको आवश्यकताका आधारमा गरिने शिक्षक व्यवस्थापन को कार्य हो। विद्यालयमा रहेको विषयगत शिक्षकको सन्तुलित वितरणलाई कायम गर्ने  कार्य हो। शिक्षक दरबन्दी मिलान प्रति विद्यालय तथा प्रति विद्यार्थी लागतलाई समेत समायोजन गर्ने कार्य पनि हो। सीमित स्रोतसाधन र जनशक्तिबाट विद्यालय व्यवस्थापन गर्नका लागि समेत शिक्षक दबन्दी गरिनु आवश्यक हुन्छ। यो एक पटक गरेर सकिने कुरा होइन। कुनै अवधिमा पटक पटक गरिरहन आवश्यक हुन्छ। शिक्षक दरबन्दी मिलानले घर पायक वा आफू अनुकूलको विद्यालयमा गएर शिक्षण सेवालाई प्रभावकारी बनाउने अवसर समेत प्राप्त हुन्छ।

## नीतिगत व्यवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ज को बुँदा ११ मा शिक्षक दरबन्दी मिलान स्थानीय तहले गर्ने व्यवस्था छ। उक्त व्यवस्थालाई स्थानीय तहमा कार्यान्वयन गर्न कोहलपुर नगरपालिकाले शिक्षक दरबन्दी मिलान कार्यविधि २०७६ (संशोधन सहित) जारी गरयो। यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६ माघ १२ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको मिति २०७७ भाद्र २९ को च. नं. १९ तथा २०७७ असोज ११ को च. नं. २९ को पत्रबाट समेत दरबन्दी मिलान तथा पुनर्वितरणका सम्बन्धमा नीतिगत प्रावधानहरु जारी भएका थिए। यिनै नीतिहरुका आधारमा कोहलपुर नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरुको दरबन्दी मिलान गरिएको थियो।

## दरबन्दी मिलानको आवश्यकता

कोहलपुर नगरपालिकामा वि.सं. २०१६ सालदेखि विद्यालयहरु स्थापना हुँदै आएको इतिहास छ। हालसम्ममा ३० वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा आएका छन्। विद्यालय स्थापना कालको समयदेखि हालसम्म ती सबै विद्यालयहरुमा सरकारी अनुदानबाट तलब भत्ता खाने गरी स्थायी, अस्थायी, राहत, सट्टा, शिक्षण सुधार अनुदान आदि विभिन्न किसिमका शिक्षकहरु नियुक्त भई सेवारत रहेका छन्। ती विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी प्राप्ति र व्यवस्थापन जे जसरी भए पनि कोहलपुर नगरबासीकै बालबालिकाहरुका शिक्षाका लागि भए। यो एउटा राम्रो कुरा थियो। तर विविध कारणले विद्याहरुको तहगत र सङ्ख्यात्मक वितरण सन्तुलित बनाउन सकिएको थिएन। शिक्षकको तहगत र सङ्ख्यात्मक वितरण समेत सन्तुलित भएको थिएन। यसले गर्दा विद्यालयको पठनपाठनलाई व्यवस्थित गर्न धेरै विद्यालयहरुलाई कठिन भइरहेकै थियो। उक्त समस्याको समाधानको लागि एउटा भरपर्दो, प्रभावकारी र अल्पकालीन रणनीतिक हस्तक्षेप गर्न आवश्यक भइसकेको थियो। त्यो हस्तक्षेप भनेको भनेको शिक्षक दरबन्दीको मिलान नै थियो। तर यो २०१६ सालदेखि यता शिक्षाको इतिहासमा ६२ वर्षको शैक्षिक इतिहासमा स्थानीय स्तरमा कुनै पनि प्रकारको शिक्षक दरबन्दी मिलान हुन सकिरहेको थिएन। यसले गर्दा विद्यालयहरुमा अनावश्यक व्ययभार हुने गरी विभिन्न किसिमले शिक्षकहरुको नियुक्ति गर्ने र शिक्षकहरुको पेसागत काम, कर्तव्य र जिम्मेवारी सम्बन्धमा द्वन्द्व सिर्जना हुने आदिजस्ता विभिन्न किसिमका समस्याहरु आइरहेका थिए। त्यसैले विद्यालयमा देखिएको शिक्षकहरुको असमानुपातिक वितरणलाई वैज्ञानिक किसिमले व्यवस्थापन गर्न आवश्यक भैसकेको थियो।

## शिक्षक दरबन्दी मिलान प्रक्रिया

माथि उल्लेख भएका स्थानीय आवश्यकता र नीतिगत व्यवस्थाका आधारमा कोहलपुर नगरपालिकाले शैक्षिक वर्ष २०७७ मा कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी मिलानको कार्य पूरा गरेको हो। यसका लागि कोहलपुर नगरपालिकाले शिक्षक दरबन्दी मिलानका लागि मापदण्ड तयार गरेको थियो। शिक्षक दरबन्दी मिलानको स्थानीय कार्यविधिले तोके बमोजिम शिक्षा शाखा प्रमुख अनन्त कुमार पौड्यालको संयोजकत्वमा नेपाल शिक्षक महासंघका नगर अध्यक्ष रामप्रसाद चापागाईँ,

प्रधानाध्यापकका तर्फबाट विनोद शर्मा लम्साल र जगतपाल थारु, पेसागत घटकका तर्फबाट दिपक कुमार मल्ल, विनोद कुमार भट्टराई, गीता ढकाल सदस्य र शिक्षा शाखाका शिक्षा अधिकृत रविलाल मिजार, सदस्य सचिव रहेको शिक्षक दरबन्दी मिलान कार्यदलको गठन गरिएको थियो। शिक्षकहरुका लागि विद्यालय छनौट फारामहरु तयार गरी जारी गरिएको थियो। प्रा.वि. तहका १५३ जना, आधारभूत तहका ४७ जना, मा.वि.,तहका ३४ जना र साविक उमा.वि. का १३ जना गरी जम्मा २४७ जना शिक्षकहरुले विद्यालय छनौट फारामहरु भरी पेस भएका थिए। उक्त फारामहरुमा शिक्षकहरुबाट अभिव्यक्त आशय, विद्यालयको आवश्यकता (organizational need) तथा स्थानीय सरकारको प्रणालीगत (system need) आवश्यकताका आधारमा नेपाल सरकारको नीतिअनुरुप आधारमा दरबन्दी मिलानका आधारहरु तय गरी शिक्षक दरबन्दी मिलान गरिएको थियो।

### शिक्षक दरबन्दी मिलानको मुख्य नीति

सबै सामुदायिक विद्यालयमा तह अनुसार कम्तिमा पनि एक जना स्थायी शिक्षकको दरबन्दी कायम गर्ने, शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालयमा तहगत तथा विषयगत शिक्षक दरबन्दी कायम गर्ने, स्थायी, अस्थायी, राहत तथा शिक्षण सुधार सहयोग अनुदान, नगर अनुदानलाई मौजुदा दरबन्दीका रुपमा गणना गर्ने, उक्त बमोजिमका दरबन्दी बाहेकका आवश्यक पर्ने दरबन्दीलाई नगरपालिकाले व्यवस्था गर्नुपर्ने थप दरबन्दीका रुपमा गणना गर्ने र प्राथमिक तहमा बढी देखिएको १८ जनाको दबन्दीलाई शिक्षकको माथिल्लो तहको शैक्षिक योग्यताका आधारमा कक्षा ६-८ वा कक्षा ९-१० तहमा रहेको अपुग दरबन्दीमा गाभ्ने सोच-विचारलाई शिक्षक दरबन्दी मिलानको मुख्य नीतिको रुपमा अपनाइएको थियो।

### चरणगत कार्य

शिक्षक दरबन्दी मिलानलाई दुई चरणमा पूरा गरिएको थियो। पहिलो चरणमा शिक्षक दरबन्दी मिलानको नीति अनुसार मौजुदा र मिलान गर्नुपर्ने विद्यालयगत तहगत र विषयगत शिक्षकहरुको दरबन्दी र सङ्ख्या एकिन गरी नगरशिक्षा समितिमार्फत् कार्यपालिकामा अनुमोदनका लागि पेस भएको थियो। कार्यपालिकाबाट अनुमोदन भएपश्चात् समितिलाई दोस्रो चरणको कार्यादेश प्राप्त भयो। दोस्रो चरणमा शिक्षकहरुबाट विद्यालय छनौट फाराम भराई प्राप्त फारामहरुको अध्ययन विश्लेषणका आधारमा विद्यालयगत तहगत र विषयगत शिक्षकहरुको दरबन्दी र सङ्ख्या मुताबिक विद्यालयमा खटाइने शिक्षकको शिक्षकको नामवाली सिफारिस सहितको अन्तिम प्रतिवेदन तयार गरी दरबन्दी मिलानको दोस्रो तथा अन्तिम चरणको कार्य सम्पन्न भयो। कोहलपुर नगरपालिकाको कार्यादेश बमोजिम तथा कोहलपुर नगरपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७६ (संशोधन सहित) बमोजिम गठित कार्यदलले कार्यशाला बैठक गरी विद्यमान नियम कानून, सम्बन्धित निकायबाट जारी गरिएका नीतिहरुका आधारमा मौजुदा शिक्षक सङ्ख्या तथा दरबन्दी मिलानपछिको विद्यालयगत रुपमा प्रस्तावित तालिका निर्माण गरी शिक्षक दरबन्दी मिलानको पहिलो तथा दोस्रो चरणका सबै कार्यहरु सम्पन्न गरयो। यस प्रतिवेदले विद्यालयगत रुपमा मिलान गरिएका शिक्षकहरुको सङ्गठन ढाँचा तथा मिलान गरिएका शिक्षकहरुको नामावली विवरण एकीन गरेको थियो।

## शिक्षक दरबन्दी मिलानअघि र पछिको तहगत स्थिति

| क्र. सं: | तह | दरबन्दी मिलान हुनु अघि | | | | | दरबन्दी मिलानपछि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | शिशुअ | नअ | स्थायी | अस्थायी | राहत | शिशुअ | नअ |
| १ | कक्षा १-५ | ११० | २ | ७४ | - | २ | ९० | २ | ५७ | - | २ |
| २ | कक्षा ६-८ | १५ | - | २३ | ७ | ७ | २७ | - | ३९ | ७ | ७ |
| ३ | कक्षा ९-१० | १६ | - | १३ | २ | ८ | २५ | - | १४ | २ | ८ |
| ४ | कक्षा ११-१२ | - | - | - | १३ | - | - | - | - | १३ | - |
| जम्मा | | १२२ | २ | ११० | २२ | १७ | १४२ | २ | ११० | २२ | १७ |

**नतिजा :** नगर कार्यपालिकाबाट पारित भएपछिको कार्यादेशका आधारमा विद्यालयमा शिक्षकहरु खटाउने कार्य समेत पूरा भयो । यसबाट वर्षौंदेखि शिक्षक अभावको समस्या झेलिरहेका विद्यालयहरुमा तहगत शिक्षक उपलब्ध भएका छन् । सबै तहका विद्यालयमा कम्तिमा एक जना न्यूनतम शैक्षिक योग्यता प्राप्त स्थायी शिक्षकको व्यवस्था भएको छ । शिक्षक विद्यालयको विषयगत दरबन्दीको अनमेल सम्बन्धी समस्याहरु कम भएका छन् । धैरै शिक्षकहरुको घरपायक सरुवा भएको छ । तहगत नियुक्तिको योग्यता प्राप्त र क्षमतावान् शिक्षकलाई विद्यालयमा नेतृत्व सम्हाल्ने अवसर प्राप्त भएको छ । यसबाट कोहलपुर नगरपालिकामा विद्यालयको शैक्षिक पूर्वाधार सुदृढ बनाउन ठूलो मद्दत पुगेको छ ।

शिक्षक दरबन्दी मिलानको सारांश : प्राथमिक तह

| क्र. सं. | विवरण | प्राथमिक तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | शिशुअ | नअ | जम्मा |
| १ | साविक विद्यालयमा रहेका शिक्षक | ७२ | ३ | ५४ | ० | २ | १३१ |
| २ | अर्को विद्यालयमा खटिएर गएका शिक्षक | १७ | ० | २० | ० | ० | ३७ |
| ३ | माथिल्लो तहमा समायोजन गरिएका शिक्षक | ० | ० | ० | ० | ० | ० |
| ४ | न पा ले थप गर्नु पर्ने शिक्षक | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ८९ | ३ | ७४ | ० | २ | १६८ |

शिक्षक दरबन्दी मिलानको सारांश : निम्नमाध्यमिक तह

| क्र. सं. | विवरण | निम्न मावि तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | शिशुअ | नअ | जम्मा |
| १ | साविक विद्यालयमा रहेका शिक्षक | ९ | ० | २१ | ७ | ७ | ४४ |
| २ | अर्को विद्यालयमा खटिएर गएका शिक्षक | ६ | ० | २ | ० | ० | ८ |
| ३ | माथिल्लो तहमा समायोजन गरिएका शिक्षक | ११ | ० | १७ | ० | ० | २८ |
| ४ | न पा ले थप गर्नु पर्ने शिक्षक | ० | ० | ० | ० | ४ | ४ |
| | जम्मा | २६ | ० | ४० | ७ | ११ | ८४ |

शिक्षक दरबन्दी मिलानको सारांश: माध्यमिक उच्च माध्यमिक र तीनै तहको जम्मा

| क्र. सं. | विवरण | मावि तह | | | | | | उमावि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | शिशुअ | नअ | जम्मा | | |
| १ | साविक वि रहेका शिक्षक | ७ | ० | १२ | २ | ७ | २८ | १३ | २१६ |
| २ | अर्को विद्यालयमा खटिएर गएका शिक्षक | ८ | १ | १ | ० | १ | ११ | ० | ५६ |
| ३ | माथिल्लो तहमा समायोजन गरिएका शिक्षक | ९ | ० | १ | ० | ० | १० | ० | ३८ |
| ४ | न पा ले थप गर्नु पर्ने शिक्षक | ० | ० | ० | ० | ८ | ८ | ० | १२ |
| | जम्मा | २४ | १ | १४ | २ | १६ | ५७ | १३ | ३२२ |

## कोहलपुर नगरपालिका शिक्षा ऐन, २०७६

प्रस्तावनाः कोहलपुर नगरको समग्र विकास, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार निर्माण तथा समयानुकूल ज्ञानको वृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न नगर क्षेत्रभित्र स्थापना भई, सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न समय परिस्थिति अनुकूल हुने ज्ञान, सीप, प्रविधि तथा मानवमूल्य सहितको शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले कोहलपुर नगरपालिकाको सभाले **नेपालको संविधान**को धारा २२६ को उपधारा (१) ले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सुचीमा नगरसभाले उल्लिखित विषयमा कानुन बनाउन सक्ने व्यवस्था भए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७६ को दफा ११ को उपदफा (१) ज ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(क) यस ऐनको नाम ‘‘कोहलपुर  नगरपालिका शिक्षा ऐन, २०७६’’ रहेको छ।

(ख) यो ऐन कोहलपुर नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(ग) यो ऐन कोहलपुर नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ‘‘नगरपालिका’’ भन्नाले कोहलपुर  नगरपालिका बुझ्नु पर्नेछ।

(ख) ‘‘कार्य पालिका’’ भन्नाले कोहलपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु  पर्छ।

(ग) ‘‘नगर सभा’’ भन्नाले कोहलपुर  नगरपालिकाको नगरसभालाई बुझ्नु पर्नेछ।

(घ) ‘‘तह’’ भन्नाले विद्यालयको आधारभूत तथा माध्यमिक तह बुझ्नु पर्नेछ।

(ङ) ‘‘विद्यालय शिक्षा’’ भन्नाले आधारभूत र माध्यमिक दुवै तहको शिक्षा बुझ्नु पर्नेछ।

(च) ‘‘आधारभूत शिक्षा’’ भन्नाले प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा बुझ्नु पर्नेछ। त्यस्तो शिक्षा दिने विद्यालयलाई आधारभूत विद्यालय भनिनेछ।

(छ) ‘‘माध्यमिक शिक्षा’’ भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा बुझ्नु पर्नेछ। त्यस्तो शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय भनिनेछ।

(झ) ‘‘औपचारिक शिक्षा’’ भन्नाले विद्यालयमा भर्ना गरी राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको कार्यक्रम अनुसार विद्यालयबाट प्रदान गरिने कक्षागत तथा तहगत शिक्षा बुझ्नु पर्नेछ।

(ञ) ‘‘अनौपचारिक शिक्षा’’ भन्नाले विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नसक्नेलाई दिइने शिक्षा बुझ्नु पर्नेछ।

(ट) ‘‘विशेष शिक्षा ’’ भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष प्रबन्ध गरी प्रदान गरिने शिक्षा बुझ्नु पर्नेछ।

(ठ) ‘‘निरन्तर शिक्षा’’  भन्नाले साक्षरोत्तर कक्षाको शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ।

(ड) ‘‘अभिभावक’’ भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको

अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा जिल्ला/इलाका प्रशासन कार्यालयबाट संरक्षकत्व प्रदान गरेको भन्ने व्यहोराको प्रमाणित पत्र विद्यालयमा पेस गरेको व्यक्ति वा संस्थालाई समेत बुझ्नु पर्नेछ।

(ढ) "अभिभावक शिक्षा" भन्नाले बालबालिकाहरुको शिक्षादिक्षा, स्वास्थ्य, पोषण र सरफाइ, सुरक्षा तथा हेरचाह सम्बन्धमा दिइने अभिमुखीकरण तालिम वा सचेतीकरण कार्यक्रम वा छलफल वा भेटघाट वा स्वाध्ययन कार्य बुझ्नु पर्नेछ।

(ण) "समावेशी शिक्षा" भन्नाले दृष्टिवीहिन, न्यून दृष्टियूक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा तथा सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा बुझ्नु पर्नेछ।

(त) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाहसम्म अध्यापन गराइने शिक्षालाई बुझ्नु पर्नेछ।

(थ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ।

(द) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति वा संस्था वा समुदायको पहलमा स्थापना गरिएका संघीय, प्रादेशिक वा स्थानीय सरकारबाट बाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय बुझ्नु पर्नेछ।

(ध) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्देश्यलेस्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ।

(न) "नगर शिक्षा प्रमुख" भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी बुझ्नु पर्नेछ।

(प) "शिक्षक केन्द्र" भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने विद्यालयमा कार्यालय रहनेगरी शिक्षाको पेसागत कार्यक्रम र गतिविधिहरु सञ्चालन हुने साविकको स्रोत केन्द्र भन्ने बुझ्नुपर्छ।

(फ) "केन्द्र संयोजक" भन्नाले शिक्षक केन्द्रको प्रमुख पदमा नियुक्त भएका व्यक्तिलाई बुझ्नु पर्नेछ।

(ब) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी बुझ्नु पर्नेछ।

(भ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै

तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(म) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(य) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूलाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि मनोरञ्जनात्मक विधिबाट बालबालिकाको सर्वाङ्गीण विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा बुझ्नु पर्नेछ र सो शब्दले नर्सरी वा केजी वा यस परिभाषाले समेटेको उमेरका बालबालिकाहरुलाई दिइने मन्टेसोरी शिक्षा समेत बुझ्नु पर्दछ।

(र) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले तीन देखि चार वर्ष उमेर पूरा भएका बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न सञ्चालित प्रारम्भिक पूर्व प्राथमिक विद्यालय वा बाल विकास केन्द्र वा शिशु विकास केन्द्र वा शिशु कक्षा वा नर्सरी कक्षा वा मन्टेसोरी स्कुल वा किन्डर गार्टेन आदि नामले सञ्चालित शिक्षा केन्द्र सम्झनु पर्छ।

(ल) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थार्यी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिसमेतलाई जनाउँछ।

(व) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(श) "नमूना विद्यालय" भन्नाले नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ पहिलो संशोधन (२०७५ सहित) परिच्छेद २ को दफा २.१ बमोजिमको विद्यालय बुझ्नु पर्नेछ।

(ष) "स्थानीय" भन्नाले कोहलपुर नगरक्षेत्र मानवस्रोत, भौगोलिक वातावरण तथा सम्पदासँग सम्बन्धित बुझ्नु पर्नेछ।

(ह) "विद्यालयबाहिर हुने अध्यापन सेवा" भन्नाले निजी क्षेत्रको संस्था (इन्स्टिच्युट) बाट विद्यार्थीका लागि प्रदान गरिने शैक्षिक परामर्श सेवा, ट्युसन, कोचिङ क्लास, सिर्जनात्मक कला, भाषा शिक्षण आदि विषयको कक्षा बुझ्नु पर्नेछ।

(क्ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(त्र) "न्यायिक समिति" भन्नाले संविधानको धारा २१७ बमोजिम उपप्रमुखको संयोजकत्वमा गठित नगरपालिकाको न्यायिक समिति बुझ्नु पर्नेछ।

(ज्ञ) "नि:शुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।

(ज्ञ१) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सिप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ।

(ज्ञ२) "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्न वा बन्द गर्ने वा तह वा कक्षा थप्ने वा घटाउने कार्य बुझ्नुपर्छ।

(ज्ञ३) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रारम्भिक बाल विकास तथा बाल शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी व्यवस्था

१. **औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा**: नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकका लागि औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा उपलब्ध हुनेछ।

२. **औपचारिक शिक्षा** : (१) तीन वर्ष पुरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पुरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास केन्द्र, पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एक देखि उमेरअनुसार क्रमशः कक्षा आठ सम्मको आधारभूत विद्यालय शिक्षा तथा तेह्र वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह्र सम्मको माध्यमिक विद्यालय शिक्षा प्रदान गर्नु पर्नेछ। यस्तो शिक्षा औपचारिक हुनेछ।

(२) उपदफा (१) बमोजिमको माध्यमिक शिक्षा साधारण माध्यमिक शिक्षा, संस्कृत माध्यमिक शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा तीन प्रकारको हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यावहारिक तथा प्रयोगात्मक अभ्यासका लागि एक वर्ष अवधि थप हुने छ।

३. **अनौपचारिक शिक्षाको व्यवस्था:** (१) नगरपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि अनौपचारिक शिक्षा प्रणाली मार्फत् प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था गर्नुपर्ने छ। नगरपालिकाले यस्तो शिक्षाका लागि आवश्यकता अनुसारको विधि अपनाउन सक्ने छ।

४. **विशेष शिक्षाको व्यवस्था:** (१) नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई एकीकृत कक्षा वा छुट्टै

विद्यालयमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने गरी विशेष शिक्षाको व्यवस्था मिलाउनु पर्ने छ।

(२) दफा (१) को प्रयोजनका लागि नगरपालिकाले कुनै खास विद्यालयलाई विशेष शिक्षा दिने छुट्टै विद्यालयका रुपमा छनौट गर्न सक्ने छ।

५. **प्रारम्भिक बाल विकास शिक्षा :** (१) नगरपालिका क्षेत्रमा रहेका पाँच बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिमको शिक्षा तीन वर्ष पूरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पूरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा प्रदान गरिनेछ। (३) प्रारम्भिक बाल विकास शिक्षा सामुदायिक तथा संस्थागत रुपमा दिइने छ। (४) उपदफा (१) बमोजिमको शिक्षा सञ्चालन गर्ने विद्यालय वा संस्थाको स्थापना, सञ्चालन प्रक्रिया, शिक्षण विधि तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

६. **आधारभूत शिक्षा:** (१) नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकका हरेक पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एक देखि उमेरअनुसार क्रमशः कक्षा आठसम्म को आधारभूत विद्यालय शिक्षा, सामुदायिक विद्यालयमार्फत् आधारभूत शिक्षा प्रदान गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको शिक्षा प्रचलित ऐन नियम बमोजिम सामुदायिक तथा संस्थागत तथा वैकल्पिक विद्यालयबाट प्रदान गरिने छ। (३) सामुदायिक तथा वैकल्पिक विद्यालयबाट प्रदान गरिने आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क हुनेछ। (४) उपदफा (२) र (३) बमोजिमको शिक्षा सञ्चालन गर्ने विद्यालय वा संस्थाको अन्य व्यवस्था तथा मापदण्ड सम्बन्धमा प्रचलित सङ्घीय कानुन तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

७. **माध्यमिक शिक्षा:** (१) नगरपालिका क्षेत्रमा बसोबास गर्ने तेह्र वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह्र सम्मको माध्यमिक विद्यालय शिक्षा प्रदान गर्नुपर्नेछ।

८. **शिक्षाको माध्यम:** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ। (२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक बालविकास कक्षा देखि कक्षा पाँचसम्म विद्यार्थीको मातृभाषामा दिन सकिनेछ। (३) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषामा नै हुनेछ तर गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ।

९. **अभिभावक शिक्षा:** (१) अभिभावकलाई बालबालिकाको शिक्षादिक्षा, स्वास्थ्य, पोषण, सरफाइ, सुरक्षा तथा हेरचाह सम्बन्धमा अभिभावक शिक्षा प्रदान गर्नुपर्नेछ। (२) उपदफा (१) बमोजिमको शिक्षा अनौपचारिक शिक्षा विधिबाट प्रदान गरिनेछ। (३) उपदफा (१) र (२) बमोजिमको शिक्षाको व्यवस्था प्रचलित मापदण्ड तथा कार्यविधिबाट तोकिए बमोजिम हुनेछ।

१०. **अनौपचारिक शिक्षा:** (१) विद्यालयमा भर्ना भई निरन्तर रुपमा औपचारिक शिक्षा हासिल गर्न

नसक्ने व्यक्तिलाई आवश्कतानुसर प्रौढ शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षाको व्यवस्था मिलाउनु पर्नेछ । (२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई अनुमति प्रदान गर्नसक्ने छ। (३) उपदफा (१) बमोजिमको शिक्षाको पूर्वाधार, विधि, ढाँचा, प्रकार, पाठ्यक्रम तथा सामग्री सङ्घीय नीति-नियम तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

११. **खुला तथा वैकल्पिक निरन्तर सिकाइः** (१) विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नसकेका व्यक्तिहरुलाई औपचारिक शिक्षाको मूल प्रवाहमा ल्याउन व्यक्तिलाई खुला/दूर शिक्षा तथा वैकल्पिक शिक्षा तथा निरन्तर सिकाइका अवसरहरु प्रदान गर्नुपर्नेछ। (२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई अनुमति प्रदान गर्नसक्ने छ । (३) उपदफा (१) बमोजिमको शिक्षाको पूर्वाधार, विधि, ढाँचा, प्रकार, पाठ्यक्रम तथा सामग्री सङ्घीय नीति-नियम तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

१२. **सामुदायिक सिकाइः** (१) नगरपालिकाले समुदायमा साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, अभिभावक शिक्षा, आमा समूह शिक्षा, घरेलु तथा व्यावसायिक सीपको विकासका लागि सामुदायिक सिकाइका अवसरहरु प्रदान गर्नेछ। (२) उपदफा (१) बमोजिमको सिकाइको अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन र परिचालन गर्न सक्नेछ । (३) सामुदायिक सिकाइ केन्द्रको स्थापना, पूर्वाधार, सञ्चालन र परिचालन तोकिए बमोजिम हुनेछ।

१३. **विशेष तथा समावेशी शिक्षाः** (१) नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई एकीकृत रुपमा वा छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट विशेष तथा समावेशी शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने छ। (२) नगरपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा तथा समावेशी शिक्षाको व्यवस्था गर्न सक्नेछ। (३) दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण-दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्नसकिने छ। (५) उपदफा (१) बमोजिमको शिक्षा नीति, पूर्वाधार, व्यवस्थापन, सञ्चालन प्रक्रिया, शिक्षक तथा कर्मचारीको नियुक्ति, त्यस्तो शिक्षा दिने विद्यालय वा संस्थालाई प्रदान गरिने सुविधा र अनुदान तोकिए बमोजिम हुनेछ। (६) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरहहुने छ। (७) नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालयलाई विशेष शिक्षा तथा समावेशी शिक्षा सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्नसक्ने छ।

१४. **नीति बनाउने, कानून निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने र नियमन गर्नेः** स्थानीय सरकार सञ्चालन ऐन, ७६ को दफा ११ ले तोकेको काम, कर्तव्य र अधिकार बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धमा नीति बनाउने, कानून निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने र नियमन गर्ने कार्य नगरकार्यपालिकाको ऐन, नियम तथा कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद–३

## सामुदायिक संस्थागत गुठी सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था

१५. **विद्यालयको स्थापनाः** (१) स्थानीय आवश्यकताका आधारमा नगरपालिकामा रहेका नेपाली नागरिक वा स्थानीय समुदाय वा संस्थाले प्रचलित कानून बमोजिम सामुदायिक, संस्थागत, गुठी, सहकारी बाल विकास केन्द्र, विद्यालय तथा शिक्षण संस्था स्थापना गर्न सक्नेछन् । (२) उपदफा (१) बमोजिमको विद्यालय स्थापना गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. **विद्यालयको स्थापना गर्ने अनुमति तथा स्वीकृति :** (१) कुनै समुदाय, व्यक्ति वा संस्थाले नयाँ प्रारम्भिक बाल विकास केन्द्र वा विद्यालय स्थापना गर्न वा विद्यालयले तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिका लागि वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै नगर कार्यपालिकाको कार्यालय, शिक्षा शाखामा निवेदन दिनुपर्ने छ । (२) उपदफा (१) बमोजिमको विद्यालय अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **सहकारी अन्तरगत विद्यालय सञ्चालन गर्ने अनुमतिः** (१) कम्पनी वा गुठी अन्तरगत सञ्चालित विद्यालयहरु सहकारी अन्तरगत सञ्चालन गर्न चाहेमा शिक्षा समितिको निर्णय बमोजिम नगरपालिकाले सञ्चालन अनुमति दिन सक्नेछ । (२) सहकारी अन्तर्गत विद्यालय संचालन गर्ने संबन्धी कार्यविधि तोके बमोजिम हुनेछ

## परिच्छेद- ४

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन सम्बन्धी व्यवस्था

१८. **प्राविधिक तथा व्यावसायिक तालिमको योजनाः** (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउन नगरपालिकाले आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम प्राविधिक तथा व्यावसायिक तालिमको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिमको योजना तर्जुमा प्रक्रिया कार्यविधिबाट निर्धारण गरिएबमोजिम हुनेछ ।

१९. **प्रविधिक वा व्यावसायिक तालिमको सञ्चालन**: : (१) नगरपालिकाले आधारभूत तहको शिक्षा पूरा गरेको नागरिकलाई प्रचलित कानुन बमोजिम माध्यमिक शिक्षा वा सो सरहको प्राविधिक वा व्यावसायिक तालिम प्रदान गर्न सक्नेछ । (२) दफा (१७) बमोजिम तालिमको योजना तथा प्रचलित कानुन बमोजिम स्थापना गरिएका प्रविधिक वा व्यवसायिक तालिम प्रदायक संस्था वा शिक्षालयले प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्न सक्नेछ । (३) उपदफा (२) बमोजिमको शिक्षण संस्था वा विद्यालय सञ्चालन गर्नु अघि त्यस्तो शिक्षण संस्था वा शिक्षालयमा

यस ऐनमा उल्लेख भएका पूर्वाधारका अतिरिक्त प्रचलित नमुना बमोजिमका अन्य मापदण्ड र शर्त पूरा गर्नु पर्नेछ। (४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाबाट अनुमती प्राप्त गरी कुनै पनि व्यक्तिले प्राविधिक तथा व्यवसायिक संस्था वा विद्यालय स्थापना गर्न सक्नेछ। तर त्यस्तो व्यक्तिले त्यस्तो शिक्षण संस्था वा विद्यालय स्थापना गर्नु अघि उपदफा (२) वमोजिमका पूर्वाधार, शर्त तथा मापदण्ड पूरा गर्नु पर्नेछ। (५) राष्ट्रिय विकास तथा स्थानीय तहको विकासको लागि कुनै खास विधाको प्राविधिक वा व्यवसायिक मानव संशोधन वा विशेषज्ञ आवश्यक देखिएमा नगरपालिकाले तोकिए अवधिभित्र त्यस्तो सशोधन र विशेषत्र उत्पादन गर्न कुनै खास शिक्षण संस्थालाई निर्देशन दिन सक्नेछ। (६) उपदफा (५) बमोजिम निर्देशन दिएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवधिभित्र त्यस्तो मानव संशोधन वा विशेषज्ञ उत्पादन गर्नु त्यस्तो शिक्षण संस्थाको कर्तव्य हुनेछ। (७) शिक्षण संस्थाले उपदफा (५) बमोजिमको मानव संशोधन उत्पादन गर्न वा त्यस्तो संशाधन उत्पादन गर्ने आवश्यक फ्याकल्टी वा शिक्षण संस्थाको संस्थागत क्षमता विकास गर्ने आवश्यक अनुदान रकम माग गरी त्यसको परियोजना विवरण सहित नगरपालिकासँग अनुरोध गर्न सक्नेछ। (८) उपदफा (५) बमोजिम रकम माग भएकोमा नगरपालिकाले स्थलगत अध्ययन अवलोकनका आधारमा प्राप्त राय सुझावका आभारमा आवश्यकता अनुसार उपयुक्त रकम सम्बन्धित शिक्षण संस्थालाई उपलब्ध गराउन सक्नेछ। त्यस्तो अवलोकन कार्यका लागि स्थलगत अध्ययन समिति गठन गर्न सक्नेछ।

२०. **प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुमति एवम् रद्द गर्ने सम्बन्धी विशेष व्यवस्था:** (१) नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि सम्बन्धन दिने अधिकार प्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको सम्बन्धनका आधारमा मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्ने छ। (२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य नगरेमा नगरपालिकाले त्यस्तो अनुमति रद्द गर्नसक्ने छ। तर अनुमति रद्द गर्नुअघि त्यस्ता संस्थालाई सफाइको मौका दिनुपर्ने छ।

## परिच्छेद- ५

## मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था

२१. **मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति : (१)** नगरपालिकाले आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको स्थापना र सञ्चालनका लागि अनुमति तथा स्वीकृति दिन सक्नेछ। यस्तो अनुमति सम्बन्धी प्रक्रिया ऐनको दफा १५ बमोजिम हुनेछ। (२) दफा (१) बमोजिम अनुमति दिइएका विद्यालयले एकल भाषाभाषी विद्यालयमा मातृभाासामा शिक्षा दिने, द्वीभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र बहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई बालबालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अङ्ग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गर्नु पर्नेछ। (३) एकल वा द्वीभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाँ पनि भाषिक स्थानान्तरणको नीति अपनाउनु पर्नेछ। सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गर्नु पर्नेछ। (४) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए

तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ६

## गाभिएका वा बन्द भएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन सम्बन्धी व्यवस्था

२२. **विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने वा बन्द गर्ने:** (१) नगरपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप वा तह थप गरी सञ्चालन गर्न अनुमति दिनसक्ने छ। (२) कुनै विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्ने छ। (३) कुनै विद्यालय अर्को विद्यालयमा गाभिने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी गाभिए पश्चात अस्तित्वमा रहने विद्यालयको हस्तानान्तरण एवम् जिन्सी दाखिला गरी अभिलेखमा आम्दानी बाँध्नुपर्ने छ।

२३. **गाभिएका वा बन्द भएका विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाको निर्णय अनुसार उपयोग गरिनेछ। (२) शैक्षिक गुठी अन्रतगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन। (३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ (४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामा जानकारी दिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सङ्घीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। (५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति सङ्घीय सरकारको स्वीकृतिबेगर बेचबिखन गर्न पाइने छैन।

## परिच्छेद- ७

## नगर शिक्षा समिति गठन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२४. **नगर शिक्षा समितिः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको एघार सदस्यीय नगर शिक्षा समिति रहने छः

(क) नगरपालिकाका प्रमुख –अध्यक्ष

(ख) उप प्रमुख-सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना अधिकृत कर्मचारी–सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक –सदस्य

(ङ) नगर कार्यपालिकाका सभा सदस्यहरु मध्येबाट एक जना दलित महिला सहित एक जना –सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको एक जना प्रधानाध्यापक – सदस्य

(छ) नगरपालिकाका अभिभावक सङ्घका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको एक जना प्रधानाध्यापक – सदस्य

(ज) गुठी वा परम्परागत धार्मिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको एक जना प्रधानाध्यापक – सदस्य

(झ) शिक्षक महासंघको नगर अध्यक्ष प्रतिनिधि एक जना – सदस्य

(ञ) नगरपालिकामा रहेका विशेष शिक्षा, समावेशी शिक्षा वा विशेष शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको अपाङ्गता भएका व्यक्ति एक जना –सदस्य

(ट) संस्थागत विद्यालयको प्रतिनिधिमुलक संख्या (क्रिसा) बाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधि एक जना-सदस्य

ठ) नगर शिक्षा प्रमुख – सदस्य सचिव

(२) समितिका पदेन सदस्यबाहेक मनोनित सदस्य प्रत्येक वर्ष परिवर्तन हुनेछन्।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ। यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

**२५. वडा शिक्षा समिति :** (१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछः

(क) सम्बन्धित वडाका वडाध्यक्ष –संयोजक

(ख) वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिको बैठकले तोकेको दुईजना –सदस्य

(ग) समितिका संयोजकले तोकेको अगुवा विद्यालयका प्रधानाध्यापक एक जना –सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट एकजना सदस्य –सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरू मध्येबाट एकजना महिला सहित दुई जना –सदस्य

(च) संस्थापक विद्यालयका संस्थापक सञ्चालक र प्रिन्सिपल मध्येबाट एक जना-सदस्य

छ) सम्बन्धित वडामा कार्यरत वडा सचिव –सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**२६. सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकले आफूमध्येबाटछानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना –सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुइ जना – सदस्य

(घ) शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना –सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(२) विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक छात्र र एकजना छात्रा गरी दुई जना आमन्त्रित सदस्य हुनेछन।

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा उद्योग वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन। (४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा चालिस प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य हुनेछन। (५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ। (६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले सो समितिको अध्यक्षता गर्नेछ। (७) विद्यमान व्यवस्थापन समितिको म्याद सिद्धिनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगरपालिकाले गर्नेछ । (८) नगरपालिकाका शिक्षा अधिकृत/विद्यालय

निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गरिनेछ। (९) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२७. **संस्थागत विद्यालय व्यवस्थापन समिति गठन :** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका संस्थापक वा लगानिकर्ताहरू मध्ये कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिबाट विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति – अध्यक्ष

(ख) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना– सदस्य

(ग) नगर पालिकाका शिक्षा अधिकृत-– सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक – सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

२८. **सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिको पदावधि र अन्य थप कुरा:** (१) सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिमा छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन। (२) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धितव्यवस्थापन समितिले स्वीकृत गर्नेछ। (३) सामुदायिक तथा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२९. **विद्यालय व्यवस्थापन समितिको विगठन** : (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाइ नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुर्याइ विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ। (२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

३०. **व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन:

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको

(च) नगरपालिका भित्रको कुनै अर्को विद्यालयमा शिक्षक पदमा बहाल रहेको (राख्ने कि नराख्ने)

## परिच्छेद- ९

## विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था

**३१. विद्यालयको नामाकरणः** (१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ । विद्यालयको नामको अन्तमा तह र तहपछि "विद्यालय" शब्द राखिएको हुनुपर्नेछ । (२) संस्थागत विद्यालयले आफ्नो नाममा "पब्लिक" शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई विद्यार्थी पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेको हुनुपर्नेछ । कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "नेसनल" शब्द जोड्न चाहेमा नेपालको कम्तीमा २५ जिल्लाका विद्यार्थी अध्ययनरत रहेको हुनुपर्नेछ र कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "इन्टरनेशनल" शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई संख्यामा विदेशी विद्यार्थी अध्ययनरत हुनुपर्नेछ । संस्थागत विद्यालयको नामको अन्तमा "विद्यालय", "स्कूल" वा "पाठशाला" शब्द जोडिएको हुनुपर्नेछ। (३) विद्यालयको लेटर प्याड तथा साइन बोर्डमा विद्यालयको पूरा नामको तल दोस्रो हरफमा सञ्चालित कक्षा खुल्ने गरी कोष्ठमा कक्षा देखि सम्म उल्लेख गर्नुपर्नेछ । (४) प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति पाएको सामुदायिक विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्टकमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ । (५) तर यो उपदफा लागू हुनु अगावै यस दफा विपरितका शब्दहरु जोडिई नामाकरण भै सकेका विद्यालयको हकमा यो ऐनजारी भएपछिको दोस्रो शैक्षिक शत्रको सुरु देखि नै लागू हुने गरी उपयुक्त व्यवस्था पालना वा पुनर्नामाकरण गर्नु पर्ने छ। (६) आधारभूत शिक्षा र माध्यमिक शिक्षा सञ्चालन विद्यालयले आफ्नो साइन बोर्ड वा लेटर प्याडमा विद्यालयको पूरा नामको तल कोष्टकमा सञ्चालित कक्षा देखि-सम्म (जस्तै: कक्षा १-८) खुलाउनु पर्नेछ । (७) विद्यालयको नामाकरण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १०

## सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३२. सामुदायिक विद्यालयको जग्गाको स्वामित्वः** (१) यो ऐन प्रारम्भ हुँदाको बखत विद्यालयको स्वामित्व वा हक भोगमा रहेको वा यो ऐन प्रारम्भ भएपछि विद्यालयले प्राप्त गरेको सम्पूर्ण जग्गा-

जमीन वा चल-अचल सम्पति विद्यालयको सम्पति मानिने छ। सामुदायिक विद्यालयको हकभोगमा रहेको जग्गा-जमीन तथा सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। नेपाल सरकारको स्वीकृति बिना विद्यालयको चल, अचल सम्पति विद्यालयको कुनै किसिमले हक छाडी कसैलाई दिनसकिने छैन। शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको स्वामित्वमा राख्नु पर्नेछ।

३३. **सामुदायिक विद्यालयको सम्पत्तिको अभिलेख:** (१) विद्यालयको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको सुरक्षा गर्ने र सम्बन्धित निकायबाट समयमै अभिलेख प्रमाणित गराई सुरक्षित राख्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ (२) सामुदायिक विद्यालयको नाममा रहेको उपदफा (१) बमोजिमको सम्पत्तिको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ र सोको लगत सङ्कलन तथा अध्यावधिक तथा सार्वजनिक गर्ने जिम्मेवारी शिक्षा शाखाको रहनेछ।

३४. **सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन:** (१) नगर कार्यपालिकाको पूर्व स्विकृति नलिई सार्वजनिक विद्यालयको नाममा रहेको जग्गा बिक्री वा धितो राख्न वा सट्टापट्टा गर्न पाइने छैन। (२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्न वा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्न सक्नेछ। (३) मनासिब कारण परी विद्यालयको सम्पति बेचविखन वा सट्टा पट्टा गर्नु परेमा स्किृतिको लागि सम्बन्धित विद्यालयले त्यसको कारण खुलाई वडा कार्यालयको सिफारिस सहित नगर पालिकामा अनुरोध गर्न सक्नेछ। (४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थबाट दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ। (५) नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृतिबेगर बेचविखन गर्न पाइनेछैन।

३५. **विद्यालयलाई छुट र सुविधा**ः (१) नगरपालिकामा सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन। (२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगापालिकाले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ। (३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद- ११

## विद्यालयको गुणस्तर अभिवृद्धि सम्बन्धी व्यवस्था तथा पाठ्यपुस्तकको वितरण

३६. **शिक्षाको गुणस्तर अभिवृद्धि :** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्नु आफ्नो प्रमुख जिम्मेवारी रहेको कुरा बोध गरी प्रचलित कानून बमोजिम विद्यालय वा

शिक्षण संस्था सञ्चालन गर्नु पर्नेछ र शिक्षण मैत्री वातावरणमा सहज रुपमा पठन पाठन हुने गरी व्यवस्था मिलाउनु पर्नेछ। (२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार, मानव स्रोत तथा अन्य आवश्यक सुविधा जुटाउने वा व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय तथा शिक्षण संस्थाका सञ्चालकको हुनेछ। (३) उपदपा (१) बमोजिम पठन-पाठन गर्दा वा गराउँदा सम्बन्धित विषयको प्रकृति अनुसार सामुदायिक कार्य, खोज-अनुसन्धान, पुस्तकालय-भ्रमण, प्रयोगशाला परीक्षण वा व्यावहारिक-अभ्यास जस्ता सक्रिय सिकाइका माध्यम समेत अपनाउनु पर्नेछ। (४) विद्यालय वा शिक्षण संस्थाले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी विना भेदभाव सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा, शैक्षिक सुविधा तथा उपचारात्मक शिक्षणका वैकल्पिक अवसरहरु उपलब्ध गराउनु पर्नेछ। (५) विद्यालय वा शिक्षण संस्थाले प्रत्येक वर्ष शैक्षिक क्यालेण्डर प्रकाशन गरी सोही अनुसार विद्यार्थी भर्ना गर्ने, पठनपाठन सुचारु गर्ने, अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने, सुधारात्मक तथा निर्णयात्मक मूल्याङ्कन गर्ने, परीक्षाफल प्रकाशन गर्ने र नतिजाको विश्लेषणका कार्यहरु सञ्चालन गर्नुपर्नेछ। (६) विद्यालयमा गुणस्तरीय शिक्षाको मापदण्ड तथा शर्तहरु कार्यान्वयन गर्नका लागि शिक्षा शाखाले विद्यालयका प्रधानाध्यापक तथा प्रधानाध्यापकले शिक्षकहरुलाई करार सम्झौता गराउन सक्नेछ। (७) मनासिव कारणबिना उपदफा (८) बमोजिमको करार बमोजिम कार्य सम्पादन हुन नसकेमा सम्बन्धित विद्यालय वा शिक्षण संस्थाको प्रमुख जिम्मेवार हुनेछ। (९) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्यांकनका मापदण्ड तथा शर्तहरु तोकिएको बमोजिम हुनेछ। (१०) विद्यालय शिक्षण संस्थाको जिम्मेवारी तथा कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि मापन सम्बन्धी व्यवस्थाः** (१) विद्यालयले प्रत्येक शैक्षिक सत्रको पहिलो महिनाभित्र अघिल्लो शैक्षिक सत्रको परीक्षाफलको विश्लेषण गरी नगर शिक्षा समिति समक्ष सुझाव सहितको प्रतिवेदन पेस गर्नुपर्ने छ। (२) नगर शिक्षा समितिले उपदफा (१) बमोजिम प्राप्त विश्लेषणको अध्ययन गरी शैक्षिक गुणस्तर बढोत्तरीका लागि आवश्यक सुधारको प्रक्रिया अगाडि बढाउनुपर्ने छ। (३) उपदफा (२) बमोजिमको प्रक्रिया कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

३८. **पाठ्यपुस्तकको प्रयोग :** (१) विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रम बमोजिम अपेक्षित सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। (२) विद्यालयमा पठनपाठन हुने पाठ्यपुस्तकको प्रयोग प्रचलित कानुन र पाठ्यक्रम बमोजिम हुने छ। (३) नगरपालिकाले सङ्घीय र प्रदेश कानुन बमोजिम आफ्नो विशिष्ट आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम वा पूरक अध्ययन सामग्री वा स्रोत सामग्री तयार गरी पठनपाठन गराउन सक्ने छ। सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र स्थापना गरी त्यस्तो सामग्री विकास गर्न सक्नेछ। (४) स्थानीय पाठ्यक्रम विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **बहुपाठ्यपुस्तकको प्रयोगः** (१) नगरपालिकाले विद्यालय तहको पाठ्यक्रमअनुसार नेपाली, अङ्ग्रेजी, संस्कृत र अन्य स्थानीय भाषामा समेत विभिन्न विषय र विभिन्न प्रकारका पाठ्यपुस्तकको विकास गरी पठनपाठनमा चयनको अवसर वृद्धि गर्न सक्नेछ। (२) उपदफा

(१) लागि नगरपालिकाले बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गर्ने व्यवस्था मिलाउने छ। (३) बहुपाठ्यपुस्तक नीति कार्यान्वयनका लागि केन्द्रले छुट्टै कार्यविधि जारी गर्ने छ।

४०. **पाठ्यपुस्तकको वितरण:** (१) समयमै पाठ्यपुस्तक वितरण व्यवस्थापनमा समन्वय गर्ने दायित्व नगरपालिकाको हुनेछ। (२) नगरपालिकाले विद्यालयलाई पाठ्यपुस्तकवापत अनुदानका रूपमा उपलव्ध गराएको एकमुष्ठ रकमबाट विद्यालयले शैक्षिक सत्रको प्रारम्भमै उपयुक्त अवसर पारी अभिभावकहरूलाई भेला गराई पाठ्यपुस्तक व्यवस्थापन गर्नु पर्नेछ। (३) उपदफा ( २) अनुसार पाठ्यपुस्तक वितरण गर्दा नेपाल सरकारले निशुल्क पाठ्यपुस्तक पाउने भनी तोकेअनुसारका कक्षामा भर्ना भएका सबै विद्यार्थीलाई सेटमा नै निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्नेछ। (४) विद्यालयले विद्यार्थीहरूलाई नयाँ पाठ्यपुस्तक वितरण गर्नुभन्दा पहिले अघिल्लो वर्ष निजहरूलाई वितरित पाठ्यपुस्तकहरू फिर्ता लिई उपयोग गर्न योग्य पुस्तकहरू पुस्तकालय वा पुस्तक कुना (book corner) मा राख्ने व्यवस्था मिलाउनु पर्ने छ। (५) विद्यालयले पाठ्यपुस्तक वितरण गरेको विवरण शैक्षिक सत्र शुरु भएको दुई महिनाभित्र सार्वजनिक सूचना टाँस गरी सरोकारवालालाई जानकारी गराउनु पर्ने छ। यस्तो सूचनामा पाठ्यपुस्तकको लागि प्राप्त रकम, पुस्तक खरीदको विवरण, (विक्रेताको नाम र स्थान समेत), पुराना पुस्तक फिर्ताको विवरणसमेत हुनुपर्नेछ र त्यसको एकप्रति शिक्षा शाखामा पठाउनु पर्ने छ। (६) उपदफा (२) र (३) मा उल्लिखित प्रयोजनका लागि नगरपालिकाले सम्बन्धित कार्यालयमा शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगावै सामुदायिक विद्यालयहरुमा अघिल्लो शैक्षिक सत्रको वार्षिक परीक्षामा सहभागी भएका विद्यार्थी सङ्ख्यालाई आधार मानी सामुदायिक विद्यालयहरूको खातामा एकमुष्ट अनुदान निकासा गरिसक्ने व्यवस्था मिलाउनु पर्ने छ। (७) विद्यार्थीबाट फिर्ता लिइएका प्रयोग गर्न योग्य पुस्तकहरु पुस्तकालय तथा पुस्तक कुनामा राख्ने व्यवस्था मिलाउने र जीर्ण भएका पुस्तक तथा अन्य सामग्री शिक्षा शाखाका अधिकृत, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको रोहबरमा निर्णय गराई धुल्याउने व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद- १२

## सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी व्यवस्था

४१. **शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान :** (१) नगरपालिकाले नगर पालिकाको कार्यक्षेत्रमा रहेका विद्यालयका स्थायी, अस्थायी करार, राहत तथा नगरपालिकाको अनुदानमा नियुक्त शिक्षकहरुको दरबन्दी मिलान गर्न सक्नेछ। (२) उपदफा (१) को प्रयोजनका लागि नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित रुपमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा आवश्यक मापदण्डसहित तोकिए बमोजिम विद्यार्थी/शिक्षक अनुपात निर्धारण गर्नु पर्नेछ। (३) दरबन्दी मिलानको समयमा नगर शिक्षा समितिले नगर पालिकाको कार्यक्षेत्रमा रहेका विद्यालयका स्थायी, अस्थायी करार, राहत तथा नगरपालिकाको अनुदानमा नियुक्त शिक्षकहरुको सरुवा वा काज सरुवा गर्न सक्नेछ। (४) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी थप व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १३

## विद्यालयको नक्साङ्कन समायोजन तथा नियमन सम्बन्धी व्यवस्था

४२. **विद्यालयको नक्साङ्कन :** (१) नगरपालिकाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिस तथा नगर शिक्षा समितिको निर्णय बमोजिम विद्यालयको सेवाक्षेत्रको नक्साङ्कन गर्न सक्नेछ । (२) विद्यालयको सेवाक्षेत्रको आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

४३. **विद्यालयको समायोजन, अनुमति र स्वीकृतिः** (१) नगरपालिकाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय बमोजिम सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, तह वा कक्षा घटाउन वा एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ । (३) उपदफा (१) बमोजिमको व्यवस्थाको आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १४

## सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

४४. **सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण मर्मत सम्भार** तथा **व्यवस्थापन**: (१) विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्दा विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु अघि आवश्यक भवन तथा अन्य भौतिक पूर्वाधार संरचनाको व्यवस्था गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको सुविधा अन्तरगत विद्यालय वा शिक्षण संस्थाले प्रयोग गर्ने शिक्षाको स्तर तथा प्रकृति अनुसार उपयुक्त विज्ञान तथा भाषा प्रयोगशाला, सङ्ग्रहालय, व्यावहारिक शिक्षाको लागि कार्यशाला, विद्युत आपूर्ति तथा वितरण, सूचना प्रविधि, श्रव्यदृश्य उपकरण, मेशिन तथा औचारको प्रबन्ध हुनु पर्नेछ । (३) उपदफा (१) बमोजिमको पूर्वाधार विद्यालयको तह, भौगोलिक वातावरण, विद्यार्थीको उमेर र सङ्ख्या, अध्ययन अध्यापन हुने विषय, समावेशिता तथा समसामयिक आवश्यकता अनुकूल हुनुपर्ने छ । (४) उपदफा (१) बमोजिमको सुविधा तथा पूर्वाधार विद्यालय वा शिक्षण संस्थामा कार्यरत शिक्षक वा कर्मचारी, अध्ययनरत विद्यार्थी वा विद्यालय वा शिक्षण संस्था भ्रमण गर्ने आगन्तुकले विद्यालयमा निःशुल्क र सहजै प्रयोग गर्न पाउने व्यवस्था हुनु पर्नेछ । (५) विद्यालयले आफ्नो स्वामित्व रहेको हाता वा जग्गाजमिनमा कुनै किसिमको भौतिक पूर्वाधार निर्माण गर्नुअघि नगर कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ । (६) विद्यालयको पूर्वाधारको, संरचना, मापदण्ड तथा मर्मत सम्भार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १५

## आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

४५. **परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन:** (१) आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि तथा मापदण्ड बमोजिम गठित समितिले गर्नेछ । (२) उपदफा (१) बाहेकका कक्षाहरुको परीक्षा सञ्चालन समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ। (३) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा आधारभूत तहको परीक्षा सञ्चालन तथा समन्वयको लागि गठन गर्नुपर्ने परीक्षा समिति तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४६. **संस्थागत विद्यालयले परीक्षा शुल्क वापतको रकम जम्मा गर्नु पर्नेः** (१) उपदफा (४४) बमोजिमको परीक्षा गर्दा नगर शिक्षा समितिले तोके बमोजिमको शुल्क सम्बन्धित संस्थागत विद्यालयले स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । (२) संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेसन, परीक्षा तथा प्रमाणपत्र वापतको विद्यार्थीहरुबाट लिएको शुल्क परिक्षा सञ्चालन गर्ने निकायको खातामा जम्मा गरी शिक्षा शाखामा त्यसको जानकारी दिनु पर्नेछ।

## परिच्छेद- १६

## विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

४७. **विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण :** (१) विद्यार्थीको सिकाइ स्तर मापन, शिक्षाको प्रभावकारिताको लेखाजोखा र गुणस्तर सुधार तथा समता अभिवृद्धिका लागि नगरपालिकामा रहेका विद्यालयका सबै तह र कक्षाका विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गरिनेछ । (२) शिक्षण सिकाइमा सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु, विद्यार्थीको तह र योग्यता प्रमाणित गर्नु र विद्यार्थीको सिकाइ उपलब्धिमा आएको परिवर्तन र प्रवृत्ति अध्ययन गर्नु सिकाइ उपलब्धि परीक्षणको मुख्य उद्देश्य हुनेछ । (३) उपदफा (१) र (२) बमोजिमको कार्यका सम्बन्धी अन्य व्यवस्था, परीक्षण विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १७

## निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धी व्यवस्था

४८. **नि:शुल्क शिक्षा** : (१) सामुदायिक विद्यालयहरुबाट प्रदान गरिने माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुनेछ । (२) नि:शुल्क शिक्षा सम्बन्धी थप व्यवस्था र प्रक्रिया प्रचलित ऐन नियम तथा कार्यविधिबाट तोकिए बमोजिम हुनेछ। (३) संस्थागत विद्यालयहरूले संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ बमोजिमको प्रक्रिया पूरा गरी भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ। (४) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा

विद्यार्थी छनौट समिति गठन गर्नु पर्नेछ। (५) प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ।

**४९. विद्यार्थी प्रोत्साहन :** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन र उनीहरुको पढाइ लेखाइमा प्रोत्साहनका लागि पढाइलेखाइ र खेलकुदका सामग्रीको वितरण, प्रयोगशाला र खेलकुदको भौतिक पूर्वाधार निर्माण, सुचना प्रविधिका उपकरणमा पहुँच, स्वास्थ्य परामर्श र उपचार तथा आर्थिक रुपमा विपन्न र अपाङ्गता भएका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति र दिवा खाजाको व्यवस्था गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिमको विद्यार्थी प्रोत्साहनको व्यवस्था र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १८

## ट्युसन कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन सम्बन्धी व्यवस्था

**५०. विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति :** (१) कोहलपुर नगरपालिकाभित्र कसैले पनि अनुमति नलिई विद्यालय बाहिर आमने-सामने वा दूर शिक्षा वा अनलाइन-अफलाइन विधिमा सञ्चालन हुने शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, कोचिङ क्लास, ट्युसन सेन्टर, भाषा कक्षा, पेसागत सेवाको छनौट सम्बन्धी परीक्षाको पूर्वतयारी कक्षा, सिर्जनात्मक कलासम्बन्धी पाठशाला, होस्टल, खेलकुद र अन्य कुनै पनि प्रकारका अध्यापन सेवा वा सहयोग केन्द्र वा शैक्षिक संस्था सञ्चालन गर्न पाउने छैन। (२) कसैले उपदफा (१) बमोजिमको अध्यापन सेवा तथा शैक्षिक संस्था सञ्चालन गर्न वडा कार्यालयको सिफारिस सहित शिक्षा शाखामा निवेदन दिएमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई शर्त तोकी त्यस्तो अध्यापन सेवा प्रदान गर्ने अनुमति सक्नेछ। (३) दफा (२) बमोजिमका विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा वा सहयोग केन्द्र सञ्चालन गर्न चाहने वा यसअघि नगरपालिकामा दर्ता भई वा नभई सञ्चालनमा रहेका सबै संस्थाहरुले शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै कक्षा सञ्चालन सम्बन्धी प्रस्ताव सहित तोकिएको ढाँचामा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ। (४) दफा (१) मा उल्लिखित शैक्षिक संस्थाहरुले अनुमति लिई सके पछि प्रत्येक वर्ष लेखा परीक्षण गराई नवीकरण गर्नु पर्नेछ। (५) दफा (१) बमोजिमका शैक्षिक केन्द्र सञ्चालन गर्ने संस्थाले लिनुपर्ने अनुमति सम्बन्धी थप व्यवस्था कार्यविधिबाट तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - १९

## स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण सम्बन्धी व्यवस्था

**५१. स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको पहिचान:** (१) कोहलपुर नगरपालिका क्षेत्रमा रहेका स्थानीय तथा परम्परागत ज्ञान र सीपहरुको पहिचान गरी विद्यालयमा स्थानीय पाठ्यक्रम वा पाठ्सामग्री वा पूरक अध्ययन सामग्रीका रुपमा विकास गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम तयार हुने ज्ञान, सिप र प्रविधि सम्बन्धी पाठ्यसामग्री जीवनोपयोगी, व्यावहारिक, सूचनामूलक र नागरिकको बौद्धिक तथा समग्र व्यक्तित्व विकास गर्ने प्रकृतिको हुनु पर्नेछ। (३) उपदफा (१) र

(२) बमोजिम तयार गरिएको सामग्रीलाई विद्यालय शिक्षा वा अनौपचारिक शिक्षामा पठनपाठनका लागि प्रयोग गर्न गराउन सकिने छ। (३) दफा (१) सम्बन्धमा दफा (३८) को उपदफा (४) बमोजिम गठन हुने स्थानीय पाठ्यक्रम विकास केन्द्रको स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण सम्बन्धी कार्यविधिले व्यवस्था गरेबमोजिम हुनेछ।

## परिच्छेद- २०

## स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

**५२. स्थानीय पुस्तकालय र वाचनालयको स्थापना :** (१) नगरपालिकाका नागरिकहरुमा पठन संस्कृतिको विकास गर्न र जीवन पर्यन्त सिकाइलाई सघाउन नगरपालिकमा एक सुविधा सम्पन्न स्थानीय पुस्तकालयको स्थापना  गर्न सक्नेछ। (२) प्रत्येक वडामा एक, एक वटा एक सुविधा सम्पन्न वाचनालयको स्थापना गर्न सक्नेछ। (३) यो ऐन जारी हुनुभन्दा पहिले स्थापना भएका पुस्तकालयहरुलाई आधुनिकीकरणका लागि आवश्यकता हेरी अनुदान दिन सक्नेछ। (४) पुस्तकालयको स्थापना सञ्चालन तथा उपदफा (३) बमोजिमको अनुदान सम्बन्धी व्यवस्था नगरपालिकाको कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद- २१

## माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र  नियमन सम्बन्धी व्यवस्था

**५३. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन :** (१) नगरपालिकाले प्रचलित कानुन बमोजिम शिक्षा समिति, विद्यालय व्यस्थापन समिति, विद्यालयहरुलाई निर्देशन दिन सक्नेछ। (२) उपदफा (२) बमोजिम दिइएको दिर्देशनको पालना गर्नु शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ। (३) नगरपालिका क्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा केन्द्र तथा पुस्तकालयहरुले नगरपालिकासँग सम्पर्क र समन्वयमा रही कार्य गर्नु पर्नेछ। (२) नगरपालिकाले उपदफा (१) बमोजिमका संस्थाहरुमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम समन्वय र नियमन गर्न सक्नेछ : \

१.) विवाद तथा समस्या समाधनमा समन्वय र सहजीकरण गर्न।

२.) सङ्घीय तथा प्रदेश निकायहरुबाट सञ्चालन हुने कार्यक्रममा समन्वय र सहजीकरण गर्न।

३.) कार्यक्रमहरुको नीति, नियम तर्जुमा गर्न, कार्यविधि तथा मापदण्ड जारी गर्न।

(३) यो ऐन र अन्तरगत बनेका नियमावली, कार्यविधि, मापदण्ड र नगरपालिका वा सम्बन्धित पदाधिकारीले दिएको निर्देशन वा परिपत्र विपरित काम गरेमा त्यस्तो विद्यालय वा शैक्षिक संस्थालाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।

## परिच्छेद-२१

## सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी व्यवस्था

५४. **सामुदायिक विद्यालयलाई दिने अनुदान प्रक्रिया:** (१) नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागी प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई अनुदानका रुपमा विद्यालयको संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ । (२) त्यस्तो अनुदान बाँफाँड गर्ने आधार तोकिएबमोजिम हुनेछ । (३) विद्यालयको पूर्वाधार विकास गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाले शर्त तोकी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयलाई समेत अनुदान दिन सक्नेछ । (४) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि सामुदायिक विद्यालयलाई ससर्त वा निशर्त अनुदान उपलब्ध गराउन सक्नेछ । (५) विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नु पर्नेछ । खर्च हुन नसकेको रकमको बारेमा शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ । विद्यालयले तोकिएको अवधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्नसकिने छ । (६) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि नगरपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका र खर्च गर्ने आधार (नर्म्स) जारी गर्न सक्नेछ । विद्यालयले त्यस्तो निर्देशिकाको पालना गरी खर्च गर्नुपर्नेछ । (७) विद्यालयको कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाइ छुट र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५५. **विद्यालयको आयव्ययको लेखा र अनुशासन:** (१) विद्यालयले प्रचलित कानूनको अधिनमा रही दोहोरो लेखा प्रणाली सिद्धान्त अनुसार वार्षिक आयव्ययको लेखा राख्नु पर्नेछ । लेखा अनुसासन कायम गर्नु हरेक विद्यालयको कर्तव्य हुनेछ । (२) विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

५६. **शिक्षा विकास कोष**: (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ । (२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

५७. **कोष सञ्चालक समितिः** (१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ। (२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

५८. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम, (ख) नगरपालिकाकोशिक्षा कोषबाट प्राप्त अनुदान, (ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम, (घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, (ङ) अन्य स्रोतबाट प्राप्त रकम, (२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ।

५९. **अनुदानको व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र अनुपात तथा मापदण्डका आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ। (२) समुदायिक विद्यालयलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउनेछ। (३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएता पनि मुनाफा कमाउने उद्देश्य नलिई सञ्चालित सार्वनिक गुठिलाई नगरपालिका ता अन्य कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट अनुदान प्राप्त गर्न बाधा पर्नेछैन। तर त्यस्तो अनुदान प्राप्त गर्नुअघि नगरपालिकाको अनुमति लिनुपर्नेछ

६०. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान :** नगरपालिकाले प्रारम्भिक बालविकासकेन्द्रलाई तोकिएबमोजिमको अनुदान रकम दिन सक्नेछ।

६१. **शुल्क सम्वन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउनेछैन। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ। (३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ। (४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ। (५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयकोअर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन। (६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन। (७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा नगरपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ। (८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न

लगाउनु पर्नेछ । (९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद-२२

## शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था

६२. **शिक्षण सिकाइको न्युनतम शिक्षण अवधिः** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थामा पठन हुने शिक्षण अवधि विद्यालयमा भए कम्तिमा दुई सय बीस दिन र शिक्षण संस्थामा भए प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । तर दैनिक शिक्षण अवधि तोकिए बमोजिम हुनेछ । (२) उपदफा (१) बमोजिमको समयावधिसम्म विद्यालय वा शिक्षण संस्थामा पठन पाठनको व्यवस्था मिलाउने, विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्ने वा गराउने र त्यसको अनुगमन गर्ने जिम्मेवारी विद्यालय भए सम्बन्धित स्थानीय तह र शिक्षण संस्था भए सम्बन्धित शिक्षण संस्थाको प्रमुखको हुनेछ ।

६३. **शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास :** (१) शिक्षक र कर्मचारीको पेसागत क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था शिक्षा सम्बन्धी सङ्घीय तथा प्रदेशका कानूनले व्यवस्था गरे अनुरुप हुनेछ । (२) नगरपालिका क्षेत्रिभित्र रहेका विद्यालयका शिक्षक र कर्मचारीहरुको पेसागत तालिम तथा क्षमता विकासका लागि नगरपालिकामा साविकको स्रोतकेन्द्रको सट्टा एक शिक्षक केन्द्र रहनेछ । (३) उपदफा (२) बमोजिमको शिक्षक केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन कार्यविधिबाट तोकिएबमोजिम हुनेछ । (४) यस दफाले नगरपालिकाका शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका कुनै पनि प्रकारको तालिम दिन बाधा पर्ने छैन ।

६४. **विद्यालयका कर्मचारी:** (१) विद्यालयमा शिक्षक बाहेक आवश्यक संख्यामा कर्मचारी रहने छन् । (२) उपदफा (१) बमोजिम कर्मचारी खुला प्रतिस्पर्धाबाट प्रचलित कानुन तथा कार्यविधि बमोजिम सम्बन्धित विद्यालयबाट नियुक्ति हुनेछन् । (३) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्त स्थानीय तहले बनाएका कानून बमोजिम हुनेछन् । तर त्यस्ता कर्मचारीको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम हुन सक्ने छैन ।

६५. **शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी कममा बाहेक अन्य काममा लगाउन हुँदैन । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

६६. **अध्यापन अनुमतिपत्रः** (१) विद्यालयमा नियुक्त हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

६७. **शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिमको साझा सङ्गठनको रुपमा एक शिक्षक महासङ्घ रहनेछ ।

६८. **स्थायी आवासीय अनुमति लिन नहुने:** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। (२) स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ।

६९. **शैक्षिक योग्यता:** (१) कसैले पनि कुनै पनि वहानामा तोकिएको शैक्षिक योग्यता तथा मापदण्ड पूरा नगरी विद्यालयको शिक्षक, कर्मचारी एवम् बाललविकास केन्द्रको सहयोगी कार्यकर्ता भई कार्य गर्नुहुँदैन। (२) विद्यालयको शिक्षक, कर्मचारी एवम् बाललविकास केन्द्रको सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता प्रचलित कानुनमा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-२३

## अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन सम्बन्धी व्यवस्था

७०. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** (१) विद्यालयहरूले नियमित रुपमा विद्यार्थीमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन सहयोग पुग्ने किसिमका सह तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने छ। (२) सहक्रियाकलापहरु दैनिक पठनपाठनको विषयवस्तुमा आधारित हुनु पर्नेछ। (३) विद्यालयहरूले प्रत्येक शुक्रबार अपराह्न पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ। (२) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालयहरु बीचमा प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सचालन गर्नु पर्नेछ। (३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिमहुने छ।

## परिच्छेद– २४

## विविध

७१. **नाबालक छोराछोरीलाई शिक्षादिक्षा :** (१) हरेक नाबालक छोराछोरीका लागि विद्यालय शिक्षा अनिवार्य हुनेछ। (२) नाबालक छोराछोरीलाई शिक्षा विद्यालय शिक्षामा भर्ना गराउनु हरेक अभिभावकको कर्तव्य हुनेछ। (३) कसैले नाबालक छोराछोरीलाई शिक्षादिक्षा नदिएको विषय हेर्ने न्यायिक अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिम हुनेछ।

७२. **निर्देशिका तथा कार्यविधि वा मापदण्ड बनाउने अधिकार:** (१) नगरपालिकाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका नगरपालिकाले सार्वजनिक गर्नु पर्नेछ।

७३. **बाधा अडकाउ फुकाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

७४. **बचाउ र लागू नहुने**: (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ । (२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन । (३) संविधान, सङ्घीय र प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ । (४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिंइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिनेछैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय तथा कार्यवाही गर्न बाधा पर्नेछैन ।

## आधारभूत तह (कक्षा-८) विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८

**प्रस्तावना**

देशमा पुन: फैलिएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को सङ्क्रमण र महामारीका कारण आधारभूत तह (कक्षा-८) को लिखित परीक्षा प्रत्यक्ष उपस्थितिमा सञ्चालन हुनसक्ने अवस्था नदेखिएको र चालु शैक्षिक सत्रको अन्त्यसम्ममा महामारी कायम रहने अवस्था देखिएको हुँदा विद्यार्थीहरुको शैक्षिक सत्र तथा स्वास्थ्य सुरक्षा समेतलाई मध्यनजर गरी सम्बन्धित विद्यालयबाट विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन गरी प्रमाणीकरण तथा श्रेणीकरण (स्तरीकरण) गर्ने, नतिजा प्रकाशन गर्ने र प्रमाणपत्र प्रदान गर्ने कार्यलाई थप व्यवस्थित गर्न वाञ्छनीय भएकाले कोहलपुर नगरपालिकाको नगरकार्यपालिकाले **कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा** (४) **को** (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) ज ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद-१: प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"आधारभूत तह (कक्षा-८) विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि शैक्षिक सत्र २०७७ को आधारभूत तह (कक्षा-८) को वार्षिक परीक्षा दिने परीक्षार्थीहरुका लागि लागू हुनेछ ।

(३) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२ **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"मूल्याङ्कन समन्वय समिति"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ख) **"नतिजा तयारी समिति"** भन्नाले भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ग) **“विद्यार्थी मूल्याङ्कन समिति”** भन्नाले यस कार्यविधि बमोजिम सम्बन्धित विद्यालयले गरेको कक्षा-८ का विद्यार्थीहरुको प्राप्ताङ्क सहित अन्तिम मूल्याङ्कन प्रमाणित गरी सिफारिस गर्ने दफा ४ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(घ) **"शिक्षा शाखा"** प्रमुख भन्नाले कोहलपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनुपर्छ ।

(ङ) **"शिक्षा अधिकृत"** भन्नाले कोहलपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारी सम्झनुपर्छ ।

(च) **“विषय शिक्षक”** भन्नाले कक्षा-८ मा सम्बन्धित विषय अध्यापन गराउने शिक्षक सम्झनुपर्छ ।

(छ) **“विद्यार्थी”** भन्नाले २०७७ को आधारभूत तह (कक्षा-८) को परीक्षामा सहभागी हुन योग्य विद्यार्थीहरु सम्झनुपर्छ ।

(ज) **“पाठ्यक्रम”** भन्नाले राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् तथा नेपाल सरकारद्वारा स्वीकृत कक्षा-८ को पाठ्यक्रम सम्झनुपर्छ ।

**(झ)** **"सैद्धान्तिक मूल्याङ्कन"** भन्नाले पाठ्यक्रमले तोके बमोजिमका विषयवस्तुहरुको परीक्षण गर्नका लागि विद्यार्थीको भौतिक वा अभौतिक उपस्थिति (अनलाइन/अफलाइन विधि) मा सञ्चालन गरिने त्रैमासिक, अर्धवार्षिक वा त्यस्तै कुनै समयावधिको फरकमा सञ्चालन गरिने लिखित परीक्षा सम्झनुपर्छ । सैद्धान्तिक मूल्याङ्कन भन्नाले बाह्य मूल्याङ्कनलाई समेत जनाउनेछ ।

(ञ) **"प्रयोगात्मक मूल्याङ्कन"** भन्नाले पाठ्यक्रमले प्रयोगात्मक परीक्षाका लागि भनी तोके बमोजिमका विषयवस्तु र पूर्णाङ्क अनुसार विद्यार्थीको सिप परीक्षण गर्नका लागि सञ्चालन गरिने व्यावहारिक परीक्षा सम्झनुपर्छ ।

**(ट)** **"आन्तरिक मूल्याङ्कन"** भन्नाले भौतिक वा अभौतिक उपस्थितिमा सञ्चालन गरिने लिखित तथा प्रयोगात्मक परीक्षाबाहेकका अन्य साधनहरु प्रयोग गरी प्रत्यक्ष अवलोकन वा तथ्याङ्क सङ्कलनको अध्ययन विश्लेषणबाट गरिने सैद्धान्तिक मूल्याङ्कन खण्ड अन्तरगत गरिने मूल्याङ्कन सम्झनुपर्छ ।

**(ठ)** **"श्रेणीकरण" वा “स्तरीकृत अङ्क (Grade Point)”** भन्नाले अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ (संशोधनसहित) बमोजिम विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको ग्रेड निर्धारण भन्ने सम्झनुपर्छ ।

## परिच्छेद-२: समिति गठन र मुख्य कार्य

**३ मूल्याङ्कन समन्वय समिति:**

(क) नगर शिक्षा समिति प्रमुख- अध्यक्ष

(ख) नगरपालिकाका उपमेयर – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत– सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक– सदस्य

(ङ) सम्बन्धित इलाका प्रशासन कार्यालयका प्रमुख– सदस्य

(च) सम्बन्धित इलाका प्रहरी कार्यालयका प्रमुख– सदस्य

(छ) शिक्षा शाखाको प्रमुख समितिका सदस्य-सचिव

**३.१ समितिको काम, कर्तव्य र अधिकार**

(क) कक्षा-८ को मूल्याङ्कन नतिजा प्रकाशन गर्न निर्देशन गर्नु

(ख) विद्यालयहरुमा हुने वार्षिक मूल्याङ्कनको अनुगमन गर्नु

(ग) नतिजा तयारी समिति र विद्यार्थी मूल्याङ्कन समितिलाई आवश्यक निर्देशन दिनु

**३.२ सचिवालय रहने:** उक्त समितिको सचिवालय शिक्षा शाखामा रहनेछ।

**३.३ कार्यविधि बनाउन सक्ने:** समितिले थप विषयमा आफैँले कार्यविधि बनाउन सक्नेछ।

**४ नतिजा तयारी समिति:**

(क) शिक्षा शाखाका प्रमुख-संयोजक

(ख) नगरप्रमुखबाट मनोनित सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापक एकजना -सदस्य

(ग) शिक्षा शाखा प्रमुखले तोकेको शाखाको अधिकृत कर्मचारी एकजना -सदस्य

(घ) शिक्षा शाखा प्रमुखले तोकेको सामुदायिक विद्यालय आधारभूत तहको शिक्षक एकजना-सदस्य

(ङ) संस्थागत विद्यालयका छाता सङ्गठन क्रिसाले छनौट गरी पठाएको शिक्षक एकजना -सदस्य

(च) शाखामा परीक्षा हेर्ने कर्मचारी-सदस्य सचिव

(छ) शाखाका अधिकृत कर्मचारीहरु आमन्त्रित रहनेछन्।

**४.१ समितिको काम, कर्तव्य र उत्तरदायित्व:**

(क) विद्यालयहरुबाट अनुसूची-४ बमोजिमको मूल्याङ्कनको समष्टिगत प्राप्ताङ्क तालिका सङ्कलन गर्नु

(ख) मूल्याङ्कन सम्बन्धी गोप्य कागजातहरुको व्यवस्थापन गर्नु र नतिजा प्रकाशनका सम्पूर्ण कार्यहरु गर्नु

**४.१ शिक्षा शाखामा पेस गर्ने:** नतिजा तयारी समितिले नतिजाको अन्तिम प्रतिवेदन शिक्षा शाखामा पेस गर्नेछ।

**४.२ सचिवालय शिक्षा शाखामा रहने:** समितिको सचिवालय शिक्षा शाखामा रहनेछ।

**४.३ कार्यविधि बनाउन सक्ने:** समितिले थप विषयमा आफैँले कार्यविधि बनाउन सक्नेछ।

**५ विद्यार्थी मूल्याङ्कन समिति :**

(क) विद्यालयका प्रधानाध्यापक-संयोजक

(ख) शिक्षा शाखाका अधिकृत वा कर्मचारी एक जना-सदस्य

(ग) वरिष्ठतम् शिक्षक एक जना-सदस्य

(घ) कक्षा-८ को कक्षाशिक्षक एक जना-सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको प्रशासनिक काम गर्ने शिक्षक वा विद्यालय कर्मचारी एक जना-सदस्य

**५.१ काम, कर्तव्य र उत्तरदायित्व:**

(क) विषयगत शिक्षकबाट भरी कक्षाशिक्षकबाट रुजू भई आएको अनुसूची-३ बमोजिमको विषयगत प्राप्ताङ्क विवरण एकिन गर्नु,

(ख) अनुसूची-३ बमोजिमको विषयगत प्राप्ताङ्कलाई अनुसूची-४ बमोजिम समष्टिगत प्राप्ताङ्क तालिकामा चढाई शिक्षा शाखामा रुजू एवम् प्रमाणित गरी पठाउनु

**५.२ सचिवालय रहने**: समितिको सचिवालय प्रधानाध्यापकको कार्यकक्षमा रहनेछ।

**५.३ कार्यविधि बनाउन सक्ने:** समितिले थप विषयमा आफैँले कार्यविधि बनाउन सक्नेछ।

## परिच्छेद-३: विद्यार्थी मूल्याङ्कन प्रक्रिया

**६ प्रवेशपत्र नपाएका विद्यार्थीलाई मूल्याङ्कनमा सम्मिलित नगराउने:** परीक्षा आवेदन फाराम भरेका, परीक्षा दस्तुर बुझाएका सिम्बोल नम्बर कायम भएका र विद्यालयमा पठपाठन भएको कुल दिनको न्यूनतम ७५% दिन उपस्थित भएका विद्यार्थीहरुको मात्र मूल्याङ्कन वापतको अङ्क पठाउने।

७ **विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन:** विद्यालयमा सञ्चालित कार्यक्रम अनुसार (साधारण/संस्कृत) विद्यार्थीहरुको सङ्ख्या एकिन गरी देहाय बमोजिम विषयगत रुपमा सैद्धान्तिक, प्रयोगात्मक र आन्तरिक मूल्याङ्कनको प्राप्तांक विवरण तयार गर्ने ।

७.१. **सैद्धान्तिक मूल्याङ्कन:** प्रयोगात्मक परीक्षाको अङ्कबाहेकको पूर्णाङ्कलाई १००% मानी त्यसबाट बाह्य मूल्याङ्कनमा कुल ८० प्रतिशत पूर्णाङ्क कायम गर्ने । विद्यालयले लिएको पहिलो त्रैमासिक र अर्धवार्षिक परीक्षा बाह्य मूल्याङ्कन हुने । बाह्य मूल्याङ्कनलाई तोकिएको कुल पूर्णाङ्कको ४०% त्रैमासिकको र ६०% अर्धवार्षिकको पूर्णाङ्क हुने ।

७.२. **आन्तरिक मूल्याङ्कन:** प्रयोगात्मक परीक्षाको अङ्कबाहेकको पूर्णाङ्कलाई १००% मानी त्यसबाट आन्तरिक मूल्याङ्कनमा कुल २० प्रतिशत पूर्णाङ्क कायम गर्ने । विद्यालयमा विद्यार्थीको दैनिक हाजीरी, गृहकार्य, परियोजना कार्यहरुको सङ्ख्या, कक्षा र सामुहिक कार्यहरुमा प्रदर्शन गरेको नेतृत्व क्षमता, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल अनलाइन/ अफलाइन कक्षा आदिमा सहभागिता, अनलाइन अफलाइन माध्यमबाट सोधिएका प्रश्नहरुको उत्तर दिने सिपको मूल्याङ्कन आन्तरिक मूल्याङ्कन हुने । विद्यालयले लिएको पहिलो त्रैमासिक र अर्धवार्षिक परीक्षा बाह्य मूल्याङ्कन हुने । आन्तरिक मूल्याङ्कनलाई तोकिएको कुल पूर्णाङ्कको ४०% त्रैमासिकको र ६०% अर्धवार्षिकको पूर्णाङ्क हुने ।

७.३ **प्रयोगात्मक मूल्याङ्कन:** प्रयोगात्मक परीक्षा हुने विषयमा पाठ्यक्रमले तोकेको प्रतिशत अनुसार पहिलो त्रैमासिक र अर्धवार्षिक परीक्षामा प्रयोगात्मक मूल्याङ्कन हुने । प्रयोगात्मक मूल्याङ्कनलाई तोकिएको कुल पूर्णाङ्कको ४०% त्रैमासिकको र ६०% अर्धवार्षिकको पूर्णाङ्क हुने । बाह्य र आन्तरिक मूल्याङ्कन र प्रयोगात्मकबाट त्रैमासिकमा ४०% र अर्धवार्षिकमा ६०% पूर्णाङ्कका आधारमा प्राप्ताङ्क प्रदान गर्ने ।

## ८ प्राप्ताङ्क तालिकामा प्रविष्टि र अन्तिमीकरण

८.१ अनुसूची-३ बमोजिमको ढाँचामा विद्यालयमा सम्बन्धित विषयका शिक्षकले विषयगत प्राप्ताङ्क तालिका तयार गरी विद्यालयको मूल्याङ्कन समिति समक्ष पेस गर्ने ।

८.२ विद्यालयको मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिम विद्यार्थी मूल्याङ्कनको समष्टिगत तालिका तयार गरी प्रमाणित गर्ने । मूल्याङ्कन समितिले अनुसूचीमा माग भएका सबै विवरणहरु अनिवार्य रुपमा भर्ने ।

८.३ आन्तरिक मूल्याङ्कनका लागि प्रयोग भएको कागजात प्रमाणहरु माग गरिएको बखतमा उपलब्ध हुने गरी सुरक्षित रुपमा राख्ने ।

८.४ तालिकामा प्राप्तांक चढाउँदा विद्यार्थीहरुको सिम्बोल नम्बरको बढ्दो क्रममा चढाउने ।

८.५ सैद्धान्तिक र प्रयोगात्मक विषय र आन्तरिक मूल्याङ्कन मा विद्यार्थीको प्राप्ताङ्क छुट्टा छुट्टै उल्लेख गरी दुई प्रति समष्टिगत विवरण तयार गर्ने ।

८.६ मूल्याङ्कन समितिले तयार गरेको प्राप्तांक विवरण शिक्षा शाखाले उपलब्ध गराए बमोजिमको विद्युतीय (अनलाइन/अफलाइन) मा प्रविष्टि (Entry) गर्ने ।

८.७ प्राप्ताङ्क तालिका भरी विवरण तयार भएपछि मूल्याङ्कन समितिका सबै सदस्यहरुले हस्ताक्षर गरी तोकिएको समयभित्र विद्यालयको छाप समेत लगाई दुई प्रति शिक्षा शाखामा बुझाउने ।

८.८ सो मध्ये एक प्रति शाखाबाट प्रमाणित गराई प्रधानाध्यापकले विद्यालयमा अभिलेखको रुपमा राख्ने ।

८.९ मूल्याङ्कन समितिले शिक्षा शाखामा पेस गर्ने प्राप्ताङ्क तालिकाको कुनै पनि विवरणलाई नसच्याउने, केरमेट नगर्ने र टिपेक्स प्रयोग नगर्ने ।

८.१० शिक्षा शाखामा पेश गरिएको परीक्षा आवेदन फारम अनुसारको सिम्बोल नम्बर, नाम, थर र जन्ममिति रुजु गरी यकिन गर्ने । यदि फरक पर्न गएको पाइएमा भएको र हुनुपर्ने व्यहोरा उल्लेख गरी शाखामा पत्राचार गर्ने ।

८.११ परीक्षाफल प्रकाशन नभएसम्म विद्यालयले मूल्याङ्कन विवरण गोप्य राख्ने ।

८.१२ विद्यालयले तयार गरेको अन्तिम मूल्याङ्कनलाई iemis.doe.gov.np मा रहेको आफ्नो वेब-पेजबाट Achievement File डाउनलोड गरी सोही फाइलमा इन्ट्री गर्ने, सेभ गर्न र वेबसाइटमा अपलोड गरी सोको हार्डकपी प्रिन्टमा मूल्याङ्कन समितिका सबै पदाधिकारीहरुको दस्तखत, नाम, पद र मिति उल्लेख गरी विद्यालयको छाप सहितको प्रमाणित प्राप्ताङ्क तालिका शाखामा पठाउने ।

८.१३ विद्यालयको मूल्याङ्कन समितिले पठाएको विवरण झुठा ठहरेमा वा गलत विवरण पेश गरेको पाइएमा सोको कानून बमोजिम जवाफदेही मूल्याङ्कन समिति स्वयम् हुनेछ ।

९ **नतिजा प्रकाशन गर्ने:** नतिजा तयारी समितिले विद्यालयहरुबाट प्रमाणित गरिएका समष्टिगत मूल्याङ्कन तालिका सङ्कलन गर्नेछ र नतिजा प्रकाशन गर्ने छ ।

१० **सूचना बमोजिमको समयावधि भित्र तोकिएको कार्य गर्नुपर्ने:** शिक्षा शाखाले गरेको सूचना बमोजिमको समयावधि भित्र विद्यार्थी मूल्याङ्कन समितिले तोकिएको कार्य सम्पन्न गर्नुपर्नेछ ।

११ **उत्तरपुस्तिकाको परीक्षण र समपरीक्षण अङ्कमा गरिने:** प्रत्येक विषयको उत्तरपुस्तिकाको परीक्षण र समपरीक्षण अङ्कमा गरिनेछ ।

१२ **श्रेणीकरण गर्नुपर्ने :** शिक्षा शखाले सो विषयगत प्राप्ताङ्कलाई अक्षर ग्रेडमा र सबै विषयको कुल

जोडलाई जी.पी.ए. मा रुपान्तरण गर्नेछ । अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ को दफा ३ को उपदफा ३.१.१ र ३.१.२ बमोजिम ग्रेड तथा जी.पी.ए. निर्धारण गर्नुपर्नेछ ।

१३ **उत्तीर्ण/ अनुत्तीर्णको व्यवस्था नरहने:** प्रमाणपत्रमा उत्तीर्ण अनुत्तीर्णको व्यवस्था रहने छैन । सोको सट्टा विषयगत ग्रेड तथा समग्रमा जी.पी.ए. दिइने छ । विद्यार्थीहरुले प्राप्त गरेको ग्रेड तथा समग्रमा जी.पी.ए. को व्याख्या ग्रेडसिटको पृष्ठमा उल्लेख गरिनेछ ।

१४ **शिक्षा शाखाको काम, कर्तव्य र उत्तरदायित्व**

१४.१ विद्यालयहरुबाट प्राप्त मूल्याङ्कन तालिकाको प्रमाणित सक्कल विवरणसँग विद्युतीय माध्यमबाट पठाइएको विद्यालयगत विवरण रुजु गर्ने ।

१४.२ विद्यालयबाट प्राप्त विद्यार्थीको विवरण र शिक्षा शाखामा रहेको परीक्षा आवेदन अभिलेखसँग मिले नमिलेको रुजु गर्ने ।

१४.३ अनुसूची अनुसारको प्रमाणित विवरण बमोजिम सैद्धान्तिक र प्रयोगात्मक दुवै खण्डको पूर्णाङ्क र प्राप्ताङ्क रुजु गरी एकिन गर्ने ।

१४.४ विद्यार्थीले प्राप्त गरेको प्राप्तांकलाई अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ (संशोधन सहित) बमोजिम रुपान्तरण गर्ने ।

१४.५ उपदफा (४) बमोजिम रुपान्तरित विवरणलाई रुजु गर्ने ।

१४.६ उपदफा (५) बमोजिम रुजु भएकोअन्तिम विवरण नतिजा प्रकाशनको लागि नतिजा शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

१४.७नगर शिक्षा समितिबाट पारित नतिजालाई वैकल्पिक माध्यमका प्रविधिबाट प्रकाशन गर्ने ।

१४.८विद्यालयहरुलाई नतिजाको सारांश पठाउने र नतिजा प्रकाशन गर्न जानकारी दिने ।

१४.९ सम्बन्धित विद्यालयलाई लेजर र ग्रेडसिट उपलब्ध गराउने ।

## परिच्छेद-३: विविध

१५ **मूल्याङ्कन तथा नतिजा प्रकाशन खर्च:** वार्षिक मूल्याङ्कन तथा नतिजा तयारी सम्बन्धी प्रशासनिक तथा प्राविधि खर्चको व्यवस्था कोहलपुर नगरपालिका, नगरकार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।

१६ **त्रुटि सच्याउने:** नतिजा प्रकाशनमा प्राविधिक कारणबाट कुनै त्रुटि भएमा वा नतिजा स्थगित भएमा वा नतिजा छुट भएमा सम्बन्धित विद्यालयको सिफारिस सहित नतिजा प्रकाशन भएको मितिले पैंतिस दिन भित्र शिक्षा शाखामा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन बमोजिम अभिलेख रुजू गरी शाखाले आवश्यक कारवाही गर्नुपर्नेछ ।

१७ **यसवर्ष नहुने:** नतिजा प्रकाशन पश्चात पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनः परीक्षण गराउने र पुरक ग्रेडवृद्धि परीक्षा सञ्चालन सम्बन्धी कार्य यस वर्ष हुने छैन ।

१८ **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगर शिक्षा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९ **संशोधन र खारेज गर्ने अधिकार:** यो कार्यविधि संशोधन गर्ने र खारेज गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

**वैकल्पिक माध्यम भनेको के हो**

वैकल्पिक माध्यम भनेको अनलाइन मात्र होइन, अफलाइन पनि हो । जस्तो कि रेडियो, टिभी, कम्प्युटरमा बनाइएको नोट, अडियो र भिडियो रेकर्ड र डाउनलोड गरिएका सामग्रीहरु अफलाइन माध्यम हुन् । पाठ्यपुस्तक, नोटबुक, पाठको नोट, बजारमा पाइने सन्दर्भ सामग्री आदि पनि अफलाइन माध्यमहरु हुन् । यसका लागि शिक्षकहरुले पाठको बुँदागत विवरण, व्याख्या, उदाहरण, चित्र, तालिका, अभ्यास, नमुना उत्तर, सारांश आदिको नोट तयार गरी सामाजिक सञ्चालमा राखिदिन सक्छन् वा विद्यार्थीले पाउने गरी फोटोकपी वितरण गर्न सक्छन् । यस्ता सामग्रीहरुलाई विद्यार्थीले घरैमा बसेर वा काम गर्दागर्दै आफैंले अध्ययन गर्ने सक्छन् । घरको काम गर्दै अडियो शैक्षिक सामग्री सुन्न सक्छन् । अभिभावकहरुले बालबालिकाहरुका लागि अवस्था अनुसार घरमा छुट्टै पढने ठाउँ र समयको व्यवस्था गरिदिन सक्छन् । यस्तो ठाउँलाई पढाइ कुना भनौं अहिलेलाई । त्यसैले विद्यालयले वैकल्पिक माध्यमको शिक्षण सिकाइ सहजीकरण योजनामा स्वाध्ययन र घरको पढाइ कुनालाई समावेश गर्नु पर्दछ ।

## नगर शिक्षा समितिका पदाधिकारीज्यूहरु

| क्र.सं. | नाम थर | पद | कार्यालय/संस्था/सङ्गठन |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री लुट बहादुर रावत | अध्यक्ष | कोहलपुर नगरपालिका |
| २ | उपप्रमुख श्री सञ्जुकुमारी चौधरी | सदस्य | कोहलपुर नगरपालिका |
| ३ | प्र.प्र.अ. श्री छविलाल नेपाली | सदस्य | कोहलपुर नगरपालिका |
| ४ | सा.वि.स. संयोजक श्री नारायणी वली | सदस्य | कोहलपुर नगरपालिका |
| ५ | कार्यपालिका सदस्य श्री भीम नेपाली | सदस्य | कोहलपुर नगरपालिका |
| ६ | कार्यपालिका सदस्य श्री गीता सुनार | सदस्य | कोहलपुर नगरपालिका |
| ७ | नगर अध्यक्ष श्री रामप्रसाद चापागाई | सदस्य | नेपाल शिक्षक महासङ्घ |
| ८ | गुठी विद्यालय प्रतिनिधि श्री नारायण प्र. लम्साल | सदस्य | कोहलपुर माध्यमिक विद्यालय |
| ९ | प्रधानाध्यापक श्री वीरेन्द्र कुमार मल्ल | सदस्य | कृष्ण मावि कौशिलानगर |
| १० | अध्यक्ष श्री शिवप्रसाद डाँगी | सदस्य | कोहलपुर क्षेत्र संस्थागत विद्यालय सङ्गठन (क्रिसा) |
| ११ | शिक्षा शाखा प्रमुख श्री अनन्तकुमार पौड्याल | सदस्य सचिव | शिक्षा युवा तथा खेलकुद शाखा |

अनुसूची-१

परीक्षा आवेदनको ढाँचा

Student’s Photo

**KOHALPUR MUNICIPALITY**

OFFICE OF MUNICIPAL EXECUTIVE

# EDUCATION, YOUTH AND SPORTS SECTION

KOHALPUR, BANKE DISTRICT

LUMBINI PROVINCE, NEPAL

**ANNUAL BASIC LEVEL EDUCATION (GRADE-8) EVALUATION- 2021 AD**

## EXAMINEE REGISTRAION FORM

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Registration Number | | | School ID: | | | | |
| 1. | Name of the school: | ………… | Basic/ Secondary School | ……… | Kohalpur Municipality | Ward No.: | | |
| 2. | Type of school: | Community (…) | Guthi (…) | | Institutional (Pvt) (…) | | | |
| 3 | परीक्षार्थीको पूरा नाम: (देवनागरी लिपिमा) | शुरुको नाम | बीचको नाम | थर | | | | |
| | | …………………… | ……………….. | ……………….. | | | | |
| 4. | Name of the Student: | First Name | Middle Name | Last Name | | | | |
| | | ………………. | ………………. | …………………. | | | | |
| 5. | Gender: | Male (…) | Female (…) | Others | (…) | | | |
| 6. | Date of Birt | BS (yy/mm/dd) | ………../…../….. | AD (yy/mm/dd) | ………../…../….. | | | |
| 7 | Students' Permanent Address | Municipality | ……………. | Ward No | ……… | District | | |
| 8 | Father's Name: | ……………… | Mother's Name: | ………. | Parent's Name: | …………. | Mobile No | …….. |
| 9 | Ethnicity: | Brahmin (…) | Chhetri (…) | Janajati (…) | Dalit (…) | Muslim (…) | Madhesi (…) | Others |
| 10 | Number of the days school attended in the academic year | ….. | days | In %: | …..% | | | |

I certify that detail mentioned above are correct.

Sudent's Signature
Date:

Class Teacher's Signature
Date:

Headteachers' Signature
School Stamp Date

Verified by:
Date:

Approved by: ……….
Date: ………………….

अनुसूची-२
प्रवेशपत्रको ढाँचा

**KOHALPUR MUNICIPALITY**
OFFICE OF MUNICIPAL EXECUTIVE
**EDUCATION, YOUTH AND SPORTS SECTION**
KOHALPUR, BANKE DISTRICT
LUMBINI PROVINCE, NEPAL

Student's Photo

**ANNUAL BASIC LEVEL EDUCATION (GRADE-8) EVALUATION- 2021 AD**

**Examination Admission Card**

| | Registration Number | | | School ID:… | |
|---|---|---|---|---|---|
| 1. | Name of the school: | ……… | Basic/ Secondary School, | Kohalpur Municipality | Ward No.: |
| 2. | Type of school: | Community (…) | Guthi (…) | Institutional (Pvt) (…) | |
| 4. | Name of the Student: | First Name | Middle Name | Last Name | |
| | ………. | | ……….……. | ......................... | |
| 5. | Gender: | Male (…) | Female (…) | Others(…) | |

| S. No. | Subjects | Date of Examination (BS) | | | Remarks |
|---|---|---|---|---|---|
| | | yyyy | mm | dd | |
| 01 | Nepali | | | | |
| 02 | English | | | | |
| 03 | Mathematics | | | | |
| 04 | Social Studies | | | | |
| 05 | Science | | | | |
| 06 | Health and Ph.Ed. | | | | |
| 07 | Occupation, Business and Tech. | | | | |
| 08 | Moral Education | | | | |
| 09 | Optional Subject (…………..) | | | | |

……………. ……………… ……………

Student's Signature Date of Issue: Head Teacher

Education Officer

# अनुसूची-३

## आधारभूत तह (कक्षा-८) वार्षिक मूल्याङ्कन

## विषयगत प्राप्ताङ्क तालिका

विषयको नाम: ……………… विषय कोड: ………… विद्यालय कोड: ……………

विद्यालयको पूरा नाम: ………….. गाउँ/टोल:……… पालिका :…………. वडा नं.……..

परीक्षा दस्तुर बुझाएको विद्यार्थी सङ्ख्या: ………………….

| क्र सं | सिम्बोल नं. | नाम थर | लिङ्ग | सैद्धान्तिक (७५%) | | | | प्रयोगात्मक (२५%) | | जम्मा | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाह्य (६०) * | | आन्तरिक (१५)** | | | | | |
| | | | | त्रैमासिक (६० को ४०%)# | अर्ध वार्षिक (६० को ६०%) | त्रैमासिक ६ (१५ को ४०%) | अर्ध वार्षिक ९ (१५ को ६०%) | त्रैमासिक १० (२५ को ४०%) | १००%अर्ध वार्षिक १५ (२५ को ६०%) | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोट: विद्यालयको मूल्याङ्कन समितिले तयार गर्ने वार्षिक मूल्याङ्कनको समष्टिगत तालिकामा सैद्धान्तिक महलमा यस तालिकाको महल नं. ५, ६.७, र ८ को जम्मा प्राप्ताङ्क चढाउने । यसैगरी प्रयोगात्मक महलमा यस तालिकाको महल नं. ९ र १० को जम्मा प्रयोगात्मक अङ्क चढाउने । (*७५ को ८०%=६० र **७५ को २०%=१५, बाह्य र आन्तरिक मूल्याङ्कन र प्रयोगात्मकबाट त्रैमासिकमा ४०% र अर्धवार्षिकमा ६०% पूर्णाङ्क कायम गर्ने । )

तयार गर्ने विषय शिक्षकको सही ……………...

नाम: …………………………..

विद्यार्थी मूल्याङ्कन समितिसमक्ष पेस गरेको मिति:

अनुसूची-४

## आधारभूत तह (कक्षा-८) वार्षिक मूल्याङ्कन

## वार्षिक मूल्याङ्कनको समष्टिगत तालिका

विद्यालय कोड: ...................

विद्यालयको पूरा नाम: ......................... गाउँ/टोल:.................. पालिका :................. वडा नं........

परीक्षा दस्तुर बुझाएको विद्यार्थी सङ्ख्या: ......................

| क्र. सं. | सिम्बोल नं. | विद्यार्थीको नाम थर | जन्म मिति साल/महिना/गते | लिङ्ग | विषयहरु | | | | | | | | | | | | | | | | | | जम्मा | नतिजा (जी.पी.ए.मा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाली | | अङ्ग्रेजी | | गणित | | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | | विज्ञान तथा वातावरण | | स्वास्थ्य तथा शारीरिक शिक्षा | | नैतिक शिक्षा | | पेसा, व्यवसाय र प्रविधि शिक्षा | | कम्प्युटर | | | |
| | | | | | सै | प्र | सै | प्र | सै | प्र | सै | प्र | सै | प्र | सै | प्र | सै | प्र | सै | प्र | सै | प्र | ८०० | |
| | | | | | ७५ | २५ | ७५ | २५ | १०० | ० | ७५ | २५ | ७५ | २५ | ३० | २० | २५ | २५ | ५० | ५० | ५० | ५० | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | |

सै-सैद्धान्तिक प्र-प्रयोगात्मक

तयार गर्नेको सही
नाम
पद: शिक्षक/कर्मचारी
मिति:

रुजू गर्नेको सही
नाम
पद: कक्षा शिक्षक
मिति ..

प्रमाणित गर्नेको सही
नाम
पद: प्रधानाध्यापक
शाखामा पेस गरेको मिति:

विद्यालयको छाप

## अनुसूची ३ को उदाहरण

### विषयगत शिक्षकले देहायबमोजिम प्राप्ताङ्क तालिका तयार गर्ने

विषयहरु: नेपाली, अङ्ग्रेजी, सामाजिक अध्ययन र विज्ञान । पूर्णाङ्क १०० (सैद्धान्तिक ७५ र प्रयोगात्मक २५ अङ्क का लागि)

| क्र सं | सिम्बल नं. | नाम थर | लिङ्ग | सैद्धान्तिक (७५) | | | | प्रयोगात्मक (२५) | | जम्मा | नतिजा (ग्रेड) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाह्य (६०) | | आन्तरिक (१५) | | | | | |
| | | | | त्रैमासिक (२४) | अर्ध वार्षिक (३६) | त्रैमासिक (६) | अर्ध वार्षिक (९) | त्रैमासिक (१०) | १०० अर्ध वार्षिक (१५) | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | ११ | कखग | म | १२ | ३० | ३ | ८ | ८ | १२ | ७३ | B+ |
| | | | | | | | | | | | |

विषयहरु: कम्प्युटर र पेसा व्यवसाय । पूर्णाङ्क १०० (सैद्धान्तिक ५० र प्रयोगात्मक ५० अङ्क का लागि)

| क्र सं | सिम्बल नं. | नाम थर | लिङ्ग | सैद्धान्तिक (५०) | | | | प्रयोगात्मक (५०) | | जम्मा | नतिजा (ग्रेड) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाह्य (४०) | | आन्तरिक (१०) | | | १०० | | |
| | | | | त्रैमासिक (१६) | अर्ध वार्षिक (२४) | त्रैमासिक (४) | अर्ध वार्षिक (६) | त्रैमासिक (२०) | अर्ध वार्षिक (३०) | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | २२ | चछज | म | १३ | २२ | ३ | ४ | १८ | २७ | ८७ | A |
| | | | | | | | | | | | |

विषय: नैतिक शिक्षा। पूर्णाङ्क ५० (सैद्धान्तिक २५ र प्रयोगात्मक २५ अङ्क का लागि)

| क्रम | सिम्बल नं. | नाम थर | लिङ्ग | सैद्धान्तिक (२५) | | | | प्रयोगात्मक (२५) | | जम्मा | नतिजा (ग्रेड) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाह्य (२०) | | आन्तरिक (५) | | | ५० | | |
| | | | | त्रैमासिक (८) | अर्ध वार्षिक (१२) | त्रैमासिक (२) | अर्ध वार्षिक (३) | त्रैमासिक (१०) | अर्ध वार्षिक (१५) | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | ३३ | टठड | पु | ४ | १० | २ | २ | ८ | १३ | ३९ | B+ |
| | | | | | | | | | | | |

विषय: स्वास्थ्य शारीरिक। पूर्णाङ् ५० (सैद्धान्तिक ३० र प्रयोगात्मक २० अङ्कका लागि)

| क्र.सं. | सिम्बल नं. | नाम थर | लिङ्ग | सैद्धान्तिक (३०) | | | | प्रयोगात्मक (२०) | | जम्मा | नतिजा (ग्रेड) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाह्य (२४) | | आन्तरिक (६) | | | ५० | | |
| | | | | त्रैमासिक (१०) | अर्ध वार्षिक (१४) | त्रैमासिक (२) | अर्ध वार्षिक (४) | त्रैमासिक (८) | अर्ध वार्षिक (१२) | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | ४४ | तथद | पु | ६ | १३ | २ | ३ | ६ | १० | ४० | B+ |
| | | | | | | | | | | | |

विषय: गणित र ओपीटी गणित। पूर्णाङ्क १०० (प्रयोगात्मक ० अङ्कका लागि)

| क्र.सं. | सिम्बल नं. | नाम थर | लिङ्ग | सैद्धान्तिक (१००) | | | | प्रयोगात्मक (०) | | जम्मा | नतिजा (ग्रेड) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाह्य (८०) | | आन्तरिक (२०) | | | १०० | | |
| | | | | त्रैमासिक (३२) | अर्ध वार्षिक (४८) | त्रैमासिक (८) | अर्ध वार्षिक (१२) | त्रैमासिक .... | अर्ध वार्षिक ... | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | ५५ | पफब | पु | २८ | ४८ | ६ | १० | ० | ० | ९२ | A+ |
| | | | | | | | | | | | |

नोट: विद्यालयको मूल्याङ्कन समितिले तयार गर्ने समष्टिगत फाराममा सैद्धान्तिक महलमा यस तालिकाको महल नं. ५, ६.७, र ८ को जम्मा प्राप्ताङ्क चढाउने। यसैगरी प्रयोगात्मक महलमा यस तालिकाको महल नं. ९ र १० को जम्मा प्रयोगात्मक अङ्क चढाउने।

## अनुसूची-५

## श्रेणीकरण (ग्रेड निर्धारण) तालिका

अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ (संशोधनसहित) को दफा ३.१ बमोजिम

१. ९० र सोभन्दा माथि 'ए प्लस'– ४.० (अति उत्तम)

२. ८० र सोभन्दा माथि (९० भन्दा कम) 'ए'– ३.६ (उत्तम )

३. ७० र सोभन्दा माथि (८० भन्दा कम) 'बी प्लस'– ३.२ (धेरै राम्रो)

४. ६० र सोभन्दा माथि (७० भन्दा कम) 'बी'– २.८ (राम्रो)

५. ५० र सोभन्दा माथि (६० भन्दा कम 'सी प्लस'– २.४ (सन्तोषजनक)

६. ४० र सोभन्दा माथि (५० भन्दा कम) 'सी'– २.० (स्वीकार्य)

७. ३० र सोभन्दा माथि (४० भन्दा कम) 'डी प्लस'– १.६ (आंशिक स्वीकार्य)

८. २० र सोभन्दा माथि (३० भन्दा कम) 'डी'– १.२ (अपर्याप्त)

९. २० भन्दा कम 'इ'– ०.८ (धेरै अपर्याप्त)

अनुसूची-६

प्रमाणपत्रको ढाँचा

Student's Photo

**KOHALPUR MUNICIPALITY**OFFICE OF MUNICIPAL EXECUTIVE

## EDUCATION, YOUTH AND SPORTS SECTION

KOHALPUR, BANKE DISTRICT

LUMBINI PROVINCE, NEPAL

**ANNUAL BASIC LEVEL EDUCATION (GRADE-8) EVALUATION-2021AD**

# CERTIFICATE

This is to certify that Mr./Ms. ……………………........................ ..........…………. of ……………………........…………. School, …….....……....…….. has completed Annual Basic Level Education (Grade-8) Evaluation in the year …........................ A.D. with …..................…… Grade Point Average (GPA). His/ her date of birth is …..........…………… (B.S.) / ……………....……… (A.D.) according to school record.

……….  ……………..

Prepared by  Date of Issue:  Education Section Chief

# अनुसूची-७

ग्रेडशिट (GRADE SHEET) को ढाँचा

**KOHALPUR MUNICIPALITY**

OFFICE OF MUNICIPAL EXECUTIVE

## EDUCATION, YOUTH AND SPORTS SECTION

KOHALPUR, BANKE DISTRICT

LUMBINI PROVINCE, NEPAL

**ANNUAL BASIC LEVEL EDUCATION (GRADE-8) EVALUATION-2021 AD**

## GRADE-SHEET

THE GRADE SECURED BY ……...........……… DATE OF BIRTH………. (B.S.) / ……… (AD) FATHER'S NAME ……….. MOTHER'S NAME ………. SYMBOL No …………………... CERTIFICATE NO ……….. OF ………………….. SCHOOL ……… IN THE ANNUAL BASIC LEVEL EDUCATION (GRADE-8) EVALUATION OF ARE GIVEN BELOW.

| Serial Num. | SCHOOL SUBJECTS | CREDIT HOUR | OBTAINED GRADE | | FINAL GRADE | GRADE POINT | REMARKS |
|---|---|---|---|---|---|---|---|
| | | | TH | PR | | | |
| 01 | Nepali | | | | | | |
| 02 | English | | | | | | |
| 03 | Mathematics | | | | | | |
| 04 | Social Studies | | | | | | |
| 05 | Science | | | | | | |
| 06 | Health and Physical Education | | | | | | |
| 07 | Occupation, Business and Technology | | | | | | |
| 08 | Moral Education | | | | | | |
| 09 | Opt... | | | | | | |
| | GRADE POINT AVERAGE TOTAL (GPA) | | | | | | |

1. One credit hour equals 32 clock hours.
2. TH : Theory, PR : Practocal 2. Ab* : Absent

T* : Theory grade missing P* : Practical grade missing

TP* : Theory and practical grade missing # : Subject(s) appeared in the supplementary examination

………. ……….. ……………..

Prepared by Date of Issue: …… Checked by Education Section Chief

# विद्यालयको बाल संरक्षण नीति, २०७८ (नमुनाका लागि)

विद्यालयबाट पारित मिति

शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गरेको मिति

कोहलपुर नगरपालिका, नगरकार्यपालिकाबाट अनुमोदन मिति

**क. विषय प्रवेश**

१. शिक्षा बालबालिकाको आधारभूत अधिकार हो। नेपालको संविधान (२०७२) को धारा ३१(२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ। त्यसै गरि संविधानको धारा ३९(७) ले कुनै पनि बालबालिकालाई घर विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गरेको छ।

बालबालिकाको शिक्षाको अधिकारलाई मूर्तरुप दिने काम मूलतः विद्यालयको हो । विद्यालय औपचारिक शिक्षा प्राप्त गर्ने स्थान हुनको अलावा बालबालिकाले आफ्ना अधिकार तथा कर्तव्यहरुलाई बुझ्ने एवं तिनको परिपूर्तिका लागि अभ्यास गर्ने स्थान समेत हो । अधिकारमुखी अवधारणाबाट विश्लेषण गर्दा शिक्षा वा विद्यालयमा बालबालिकाको पहुँचले मात्रै उनीहरुको शिक्षाको अधिकार पूर्ण हुन सक्दैन । बालबालिका पढ्ने विद्यालयको सिकारु केन्द्रित शिक्षण सिकाई विधि, शिक्षक विद्यार्थीको सम्बन्ध एवं एकअर्कालाई गर्ने सम्मान, बालअनुकुल एवं बालमैत्री शैक्षिक वातावरण तथा समुदायको सहभागिताले मात्रै सही अर्थमा बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्दछ।

२. यस सन्दर्भमा कोहलपुर नगरपालिका, वडा नं. ....... स्थित श्री ................ विद्यालयले तर्जुमा गरेको यस बालसंरक्षण नीतिले बालबालिका माथि हुने वा हुन सक्ने दुर्व्यवहारहरुको रोकथाम गर्न, बालसंरक्षण एवं बालअधिकार सुनिश्चित गर्न संस्थागतरुपमा प्रतिबद्धता व्यक्त गर्दछ।

यस दस्तावेजमा बालसंरक्षणका लागि विद्यालयको तहमा आवश्यक नीति र प्रक्रियाहरु तय गरिएका छन्। यो बालसंरक्षण नीति मूलतः बालबालिकासँग सम्बन्धित राष्ट्रिय नीति एवं कानून तथा बालबालिकाको हकअधिकार सँग सम्बन्धित अन्तराष्ट्रिय महासन्धिहरुका सिद्धान्त तथा प्रावधानहरुलाई आधार मानी बनाइएको हो।

संयुक्त राष्ट्रघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को खासगरी भेदभावबाट संरक्षण (धारा २) बालबालिकाको सर्वोत्तम हित (धारा ३), दुर्व्यवहार तथा शोषणबाट संरक्षण (धारा ३२ देखि ३६ सम्म) लगायतका प्रावधानहरुको कार्यान्वयलाई यस नीतिले विशेष जोड दिएको छ। त्यसरी नै बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को उद्देश्यमा ‘‘सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने’’(७.१) र बालबालिका प्रतिको विभेद अन्त्य गर्ने (७.२) भन्ने व्यवस्था रहेको छ।

यस बालसंरक्षण नीति तर्जुमा तथा कार्यान्वयन गरी यस विद्यालयले बालदुर्व्यवहार विरुद्ध आफ्नो संस्थागत धारण सार्वजनिक गर्दछ ।

## ख. बाल संरक्षण नीतिको औचित्य

३. बाल्यकाल मानव जीवनको सबैभन्दा महत्वपूर्ण समय हो । बाल्यकालमा भोगेका अनुभव र सिकेका सिकाइले नै बालबालिका वयस्य भएपछि कस्तो व्यक्ति बन्नेछन् भन्ने कुराको निर्धारण गर्दछ । बालबालिकाले बाल्यकालको महत्वपूर्ण समय विद्यालयमा विताउने हुनाले त्यहाँबाट उनीहरुले जीवनपर्यन्त उपयोगी कुराहरु सिक्दछन् तसर्थ, बालबालिकाले विद्यालयमा जति सकारात्मक अनुभव र सिकाई पाउँछन्, त्यति नै उनीहरुले वयस्क जीवनको हरेक पक्षमा सकारात्मक योगदान पुर्याउन सक्दछन । त्यस्ता महत्वपूर्ण सिकाई र अनुभवहरु प्रदान गर्ने काममा विशेषतः शिक्षकहरु वा विद्यालयले उपलब्ध गराएको उत्प्रेरक अवसर अनि दुर्व्यवहार मुक्त वातावरणको योगदान रहन्छ त्यसैले पनि विद्यालय र शिक्षक लगायत अन्य विद्यालयसँग सम्बन्धित व्यक्तिहरु बालबालिकाको जीवनको शिल्पकार समेत हुन् । अर्को तर्फ, यदि विद्यालयले बालबालिकाको हकअधिकार, सम्मान, सुरक्षा र संरक्षणको प्रत्याभूति गर्न सकेन भने बालबालिकाको अनुभव र सिकाइमा समेत नकारात्मक असर पुग्न सक्दछ । त्यस्तो नकारात्मक असर विद्यालयमा रहदा मात्र नभएर निजको जीवनभर रहन्छ ।

४. यदि बालसंरक्षण विरुद्धका कुनै दुर्व्यवहार बालबालिका माथि हुन गएमा विद्यालय त्यस्तो अवस्थालाई सम्बोधन गर्न प्रतिवद्ध रहने छ । कुनै घटना घटेमा त्यसको सूचना जानकारी वा उजुरी कहाँ र कसलाई गर्ने तथा त्यस्तो अवस्थामा पीडित वा प्रभावित बालक वा बालिका र उनको परिवारलाई कसरी सहयोग अनि संरक्षण गर्ने भन्ने विधि र प्रक्रिया स्पष्ट हुनुपर्दछ । त्यसरी नै पीडिकलाई कारवाहीका लागि के कस्तो प्रक्रिया अगाडि बढाउने भन्ने सम्बन्धमा पनि विद्यालयसँग सम्बद्ध सबै सजग र स्पष्ट हुनु जरुरी छ । यसै सन्दर्भमा विद्यालयमा बालबालिका माथि हुन सक्ने सम्भावित दुर्व्यवहारलाई न्यूनिकरण गर्दै बालबालिकाको विद्यालय जीवन सकारात्मक अनुभव र सिकाइपूर्ण बनाउन मद्दत गर्नाका लागिमार्गनिर्देश गर्न प्रस्तुत बाल संरक्षण नीति लागू गरिएको हो

## ग. परिभाषा

१५.१ **बाल संरक्षणः** बालबालिका माथि हुने सबै प्रकारका दुर्व्यवहार, शोषण, बेवास्ता वा हेलचेक्र्याइँ, हिंसा र भेदभाव आदीबाट उनीहरुलाई जोगाउनु बालसंरक्षण हो । त्यसरी नै बालबालिकामाथि हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित हानि तथा नोक्सानीबाट उनीहरुलाई जोगाउन गरिने काम तथा कार्यान्वयन गरिएका सबै क्रियाकलापहरुलाई समग्रमा बालसंरक्षण भनिन्छ । बालसंरक्षण अन्तर्गत दुर्व्यवहारबाट पीडित वा प्रभावित बालबालिकालाई गरिने आवश्यक सहयोग तथा उपचार समेतका कार्य पर्दछन् ।

१५.२ **बाल संरक्षण नीतिः** बालबालिका माथि हुने वा हुन सक्ने दुर्व्यवहार रोक्ने जिम्मेवारी लिन तथा

उनीहरुलाई दुर्व्यवहारबाट जोगाउन गरिने समग्र कार्य तथा क्रियाकलापहरुलाई बालसंरक्षण नीति भनिन्छ । यस अन्तर्गत दुर्व्यवहारमा परेका बालक वा बालिकालाई उपलब्ध गराइने आवश्यक सहयोग तथा उपचार समेत पर्दछन् ।

१५.३ **बालबालिका**ः संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १ मा राष्ट्रिय कानूनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बालबालिका भन्नाले १८ वर्ष मूनिका प्रत्येक मानवलाई सम्झनुपर्दछ भनिएको छ । यस बालसंरक्षण नीतिको सन्दर्भमा १८ वर्ष मूनिका सबै व्यक्तिलाई बालबालिका मानिएको छ ।

१५.४ **दुर्व्यवहार:** अन्यथा ब्याख्या गरिएको अवस्थामा बाहेक यस दस्तावेजमा दुर्व्यवहार भन्नाले भेदभाव, दुर्व्यवहार, शोषण, यातना तथा हिंसा र वेवास्था वा हेलचक्रयाइँ समेत सबै प्रकारका हानी भनी बुझ्नुपर्दछ । यस बालसंरक्षण नीतिका सन्दर्भमा दुर्व्यवहार लाई बालबालिका माथि हुने कुनै पनि प्रकारका हानीलाई समेटेने बृहत शब्द (अम्ब्रेला टर्म) को रुपमा प्रयोग गरिएको छ ।

१५.५ **बाल दुर्व्यवहार**ः शारीरिक, यौनजन्य, भावानात्मक दुर्व्यवहार तथा वेवास्ता लगायत बालबालिका माथि हुने कुनै पनि प्रकारका हानीहरुलाई बालदुर्व्यवहार भनिन्छ । यस अन्तर्गत बालबालिका माथि हुने सबै खालका शोषण तथा भेदभाव समेत पर्दछन् ।

१५.६ **यौन दुर्व्यवहार**ः दुराचारीको आफ्नो यौनसुख वा यौनहिंसा वा यौन सम्बन्धी अन्य प्रयोजनका लागि बालबालिका माथि कुनै पनि प्रकारले गरिने यौनकार्य वा क्रियाकलाप वा व्यवहारलाई यौनदुर्व्यवहार भनिन्छ । धेरै जसो अवस्थामा बालबालिकाले विश्वास गरेका व्यक्तिले नै उनीहरु माथि यौनदुर्व्यवहार गरेको पाइन्छ ।

१५.७ **शोषण**ः व्यक्तिगत फाइदा वा नाफाका लागि बालक वा बालिकालाई अनुचित व्यवहार गर्नु, दुर्व्यवहार गर्नु वा उनीहरुको अवस्थाको दुरुपयोग गर्नु शोषण हो । उदाहरणको लागि कानूनले तोकेको उमेर नपुगेका बालबालिकालाई जोखिमपूर्ण वा कानूनले निषेध गरेका काम गर्न उनीहरुलाई बाध्य पार्नु बालश्रम शोषण हो ।

१५.८ **बेवास्ता वा हेलचक्र्याइँ**ः बाबुआमा वा हेरचाहकर्ताले बालबालिकाको हेरचाह गर्ने उपाय, ज्ञान र सेवाहरुमा पहुँच बढाउन सक्ने अवस्था हुदाँहुदै पनि बालबालिकाको शारीरिक र भावनात्मक आवश्यकताहरु पूरा नगर्नु भनेको बेवास्ता वा हेलचेक्र्याइँ हो ।

## घ. बाल संरक्षण नीतिको उद्देश्य

५. यस बालसंरक्षण नीतिको प्रमुख उद्देश्य विद्यालयमा बालबालिका माथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार, शोषण, यातना र हिंसा, वेवास्ता वा हेलचक्राइँ लगायतका जोखिम तथा हानिनोक्सानी बाट बालबालिकाको संरक्षण गर्नु रहेको छ । यस नीतिका अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन्

क) बालबालिकालाई आफ्नो हकअधिकार र कर्तव्यप्रति जागरुक बनाउन,

ख) विद्यालयको भौतिक, सामाजिक तथा शिक्षण सिकाइ वातावरण भय रहित तथा बाल सुलभ बनाई सिकाइ उपलब्धि दर वृद्धि गर्न,

ग) विद्यालयमा हुनसक्ने सम्भावित सबै प्रकारका शारीरिक, मानसिक, यौनदुर्व्यवहार तथा वेवास्ताजस्ता घटनाको रोकथाम तथा सम्वोधन गर्ने कार्यविधि तय गरी त्यस्ता घटनालाई यथासक्य छिटो समाधान गर्नका लागि संरचना तयार गर्ने र त्यसलाई सक्रिय रुपमा परिचालन गर्ने,

घ) कुलत, दुव्र्यसन तथा कुनै पनि प्रकारको हिंसात्मक क्रियाकलापबाट मुक्त भई बालबालिकालाई व्यक्तित्व विकासको अवसर प्रदान गर्न,

ङ) आपतकालिन अवस्थाहरु (बाढी, पहिरो, आगलागी, भुकम्प आदि) मा बालबालिकाको संरक्षण गर्न,

च) विद्यालयसँग सम्बन्धित सम्पूर्ण सरोकारवालालाई बालसंरक्षणका विषयमा चेतना बढाई बालबालिकालाई भेदभाव, दुर्व्यवहार, शोषण, यातना तथा हिंसा र डरत्रास वा दण्डसजायबाट संरक्षण गर्ने,

छ) विद्यालयको बालसंरक्षण नीतिमा तय भएका आचार संहिता सम्बन्धित सबैले पालना गरेको सुनिश्चित गर्ने ।

**ङ. बाल संरक्षण नीतिका क्षेत्रहरु**

६. यस बालसंरक्षण नीति विद्यालयसँग सम्बद्ध देहायका व्यक्तिहरुको हकमा अनिवार्य रुपमा लागू हुनेछ:

क) विद्यालयका प्रधानाध्यापक/प्राचार्य तथा सम्पूर्ण शिक्षकहरु,

ख) विद्यालयका अन्य कर्मचारी तथा स्वयंसेवकहरु,

ग) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी तथा सदस्यहरु,

घ) विद्यालयमा कुनै पनि काम वा कार्यक्रमको अवलोकन, निरीक्षण गर्न आउने अधिकारी, आगन्तुक, पत्रकार तथा अनुसन्धानकर्ताहरु

ङ) विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरु,

**च. बाल संरक्षणमा विद्यालयको प्रतिबद्धता**

७. बालबालिकाको हकअधिकार सम्मान गर्दै प्रस्तुत बालसंरक्षण नीति मार्फत यस विद्यालय देहायको प्रतिवद्धता व्यक्त गर्दछः

क) विद्यालयको अनुभव हरेक बालबालिकाको जीवनको लागि एकदमै महत्वपूर्ण अनुभव हुने हुनाले त्यसलाई सदैव सकारात्मक बनाउनु पर्दछ,

ख) बालबालिका माथि हुन सक्ने शारीरिक एवं मानसिक भेदभाव, दुर्व्यवहार, यौनदुर्व्यवहार, शोषण, यातना वा हिंसा लगायतका जोखिम घटाउने वा निर्मुल पार्ने जिम्मेवारी विद्यालयले वहन गर्दछ,

ग) विद्यालयमा बालक्लव स्थापना गरी बालबालिकालाई सचेत गराउन बालदुर्व्यवहारका कारण

अवसरका बारेमा खुला छलफल चलाउने तथा यस्ता घटनाको रोकथाम तथा सम्वोधन सँग सम्बन्धित सबै क्रियाकलापमा बालबालिकालाई सहभागिता गराइन्छ,

घ) विद्यालयमा उजुरी/गुनासो पेटिकाको व्यवस्था गरी आएका गुनासोहरु माथि आधिकारीक व्यक्तिले आवद्यिकरुपमा उचित सम्वोधन तथा कार्वाही गर्दछ,

ङ) विद्यालयमा बालबालिका माथि भएका कुनै पनि भेदभाव, दुर्व्यवहार, शोषण, यातना तथा हिंसा, वेवास्था वा हेलचक्राइँ लगायतका अन्य हानिहरुको सम्वोधनको क्रममा शुन्य सहनशीलताको सिद्धान्त आत्मसात गर्दछ।

## छ. कार्यान्वयन रणनीति

८. विद्यालयमा बालबालिका माथि हुन सक्ने सबै प्रकारका दुर्व्यवहार अन्त्यका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिका सम्बन्धी नीति, २०६९ बालअधिकार सम्बन्धी महासन्धि लगायतका बालअधिकार सँग सम्बन्धित सबै राष्ट्रिय तथा अन्तर्राष्टिय कानूनको परिधि भित्र रही विद्यालय सँग सम्बद्ध सबै व्यक्तिहरुको सहभागितामा यस बालसंरक्षण नीति कार्यान्वयको लागि देहाय अनुसारको रणनीति बनाई अगाडि बढिनेछः

क) विद्यालय सँग सम्बद्ध तथा यस नीतिको क्षेत्रले ओगटेका सम्पूर्ण व्यक्तिहरुलाई यस नीतिबारे अभिमुखीकरण गरी जानकारी गराइनेछ र बालदुर्व्यवहार रोकथाम गर्नका लागि व्यक्तिगत तथा पदीय हैसियतमा उनीहरुले वहन गर्नुपर्ने दायित्व, जिम्मेवारीहरु तथा कर्तव्यबारे स्पष्ट हुने अवसर दिइनेछ,

ख) बालदुर्व्यवहार तथा अन्य कुनै पनि गुनासाहरु उजुरी गर्नका लागि सबैको पहुँच पुग्ने गरि विद्यालयमा एक उजुरी/गुनासो पेटिकाको स्थापना गरिनेछ। सो उजुरी/गुनासो पेटिकाको सुनुवाई तथा यस नीति सँग सम्बन्धित क्रियाकलापहरु गर्नाका लागि विद्यालयमा बालसंरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) को रुपमा कुनै शिक्षकलाई नियुक्त गरिनेछ,

ग) बालबालिका माथि दुर्व्यवहार भएमा सोको सम्बन्धमा सूचना दिने प्रक्रियाबारे विद्यालय सँग सम्बन्धित सबैलाई जानकारी गराइनेछ,

घ) बालदुर्व्यवहारको घटनाबारे उजुरी परेमा वा सूचना पाएमा त्यसबारे आवश्यक छानबीन गर्न र सोको व्यवस्थापन गर्नका लागि विद्यालय भित्र एक निश्चित संरचनाको स्थापना गरिनेछ,

ङ) विद्यालयको सूचनापाटी तथा प्रत्येक कक्षाकोठामा यस बालसंरक्षण नीतिको एक एक प्रति सबैले देख्ने ठाउँमा राख्नुपर्दछ,

च) विद्यालयमा स्थायी वा अस्थायी रुपमा आउने सम्पूर्ण शिक्षक तथा कर्मचारी, आगन्तुक, निरीक्षक, स्वयंसेवक तथा अनुसन्धानकर्ता एवं यस नीतिले समेट्ने सबै व्यक्तिहरुलाई यस नीतिको बारेमा जानकारी दिई यस नीतिको पूर्ण परिपालनको प्रतिबद्धताका साथ हस्ताक्षर गर्न लगाइनेछ,

छ) यस विद्यालयमा बालअधिकारको पूर्ण कार्यान्वयन तथा अभ्यासको लागि बालक्लवको गठन गरिनेछ र बालअधिकार र बालसंरक्षण सम्बन्धी विविध विषयवस्तुलाई समेटेर विद्यालयमा समय

समयमा अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।

**ज. विद्यालयसँग सम्बद्ध व्यक्तिहरुले गर्नुपर्ने र गर्न नहुने आचारण र व्यवहार**

**९. विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीले गर्नुपर्ने र गर्न नहुने आचरण र व्यवहार**

**९.१ गर्नुपर्ने आचरण तथा व्यवहार**

क) बालबालिकासँग सधै मिठो र उत्साहजनक कुरा गर्दै सकारात्मक, स्नेहपूर्ण र आपसी सम्मानपूर्ण व्यवहार गर्ने,

ख) कक्षा कोठामा सिकाइ वातावरण विद्यार्थीमैत्री बनाउन प्रयत्न गर्ने र सिकाइ प्रक्रिया सहभागितामूलक बनाउने प्रयत्न गर्ने,

ग) कक्षाकोठामा आफूले पढाएको कुरा सबै विद्यार्थीले बुझेको सुनिश्चित गर्ने,

घ) यदि कुनै विद्यार्थीले नबुझेको कुरा सोध्न चाहेमा त्यसलाई मौका दिई त्यसको सम्बोधन गर्ने,

ङ) विद्यार्थीहरुलाई शिक्षा तथा सिकाइको महत्व बुझाई कक्षाकोठामा प्रतिस्पर्धात्मक वातावरणको सट्टा व्यावहारिक शिक्षा प्रदान गर्ने,

च) बालबालिकाको गुनासो झर्को नमानी सुन्ने र त्यसको निराकरण गर्ने,

छ) आवधिक रुपमा कक्षाशिक्षक वा अन्य कुनै शिक्षकले कक्षाका हरेक विद्यार्थी सँग वैयक्तिक बैठक राखी उनीहरुका उपलब्धी, व्यक्तिगत वा पढाइसँग सम्बन्धित समस्या, भावी योजनाहरु वा अन्य कुनै पनि विषयमा छलफल गर्ने र कुनै समस्या भए आफ्नै पहल वा अरु कसैको सहयोगबाट त्यसको सम्वोधन समेत गर्ने तर यस क्रममा विद्यार्थीको गोपनियता कायम राख्ने,

ज) आवधिक रुपमा अभिभावकसँग तिनका बालबालिकाको प्रगतिबारे बैठक राख्ने, कुनै बैठक विद्यालयमै अभिभावक बोलाएर गर्न सकिन्छ भने कुनै बैठक शिक्षकले घरभेट गरी समेत गर्ने,

झ) यदि विद्यार्थीलाई रात बस्नेगरि कुनै कार्यक्रम, तालिममा भाग लिन पठाउनुपरेमा बालक सँग पुरुष तथा बालिका सँग महिला शिक्षक वा अभिभावक नै साथ पठाउने, एवं

ञ) आफ्नो ज्ञान तथा सीपहरुलाई अद्यावधिक राख्ने र विद्यार्थीलाई समेत जिज्ञासु हुन र अन्वेषण गर्न प्रेरित गरिरहने ।

**९.२ गर्न नहुने आचरण तथा व्यवहार**

क) अनुशासनको नाममा विद्यार्थीलाई कुनै पनि प्रकारको शारीरिक वा मानसिक दण्डसजाय,

ख) शिक्षक तथा अन्य कर्मचारी र विद्यार्थीबीच कुनै पनि प्रकारको अनौपचारिक वा व्यक्तिगत सम्बन्ध,

ग) जाति, उमेर, लिंग, शारीरिक अवस्था, धर्म, यौनिकता वा राजनीतिक आस्थाका आधारमा विद्यार्थीलाई भेदभावपूर्ण व्यवहार,

घ) बालबालिकालाई अस्वभाविक तरिकाले अँगालो मार्ने, म्वाइँ खाने, धाप मार्ने, सुमसुम्याउने वा छुने, तथा उनीहरुसँग शारीरिक वा यौन सम्बन्ध राख्ने जस्ता कुनै पनि प्रकारका यौनदुर्व्यवहार झल्किने व्यवहार

ङ) आफू विरुद्ध विद्यार्थीको उजुरी नै परेका अवस्थामा पनि ती विद्यार्थीहरुसँग रिसइवी राख्ने खालको व्यवहार ।

## १०. विद्यालय व्यवस्थापन समिति वा शिक्षक अभिभावक संघले गर्नुपर्ने र गर्न नहुने आचरण र व्यवहार

### १०.१ गर्नुपर्ने आचरण र व्यवहार

क) बालबालिकाको क्रियाकलापहरुमा समय समयमा उपस्थित भई अवलोकन गर्ने,

ख) बालसंरक्षण युक्त भौतिक संरचनाको लागि आर्थिक स्रोत जुटाउने,

ग) समयसमयमा अभिभावक भेला गराई जनचेतना जगाई सचेत गराउने

घ) अनुशासनहीन शिक्षक, कर्मचारी तथा बालबालिकालाई कार्वाही गर्न निर्णय लिने, एवं

ङ) समितिको नियमित बैठकमा विद्यालयको उजुरी÷गुनासो पेटिकामा परेका उजुरी तथा तिनको सम्वोधनका लागि लिइएका कदमहरुको बारेमा बालसंरक्षण केन्द्रविन्दु शिक्षकसँग जानकारी लिने र त्यसको प्रभावकारीताको मूल्यांकन गर्ने ।

च) विचमा पढाइ छाडी बस्नेहरुलाई विद्यालय पढाउन सहयोग गर्ने,

छ) विद्यालय क्षेत्र भित्रको वातावरणलाई बालबालिका अनुकुल बनाउन आवश्यक सहयोग गर्ने ।

### १०.२ गर्न नहुने आचरण र व्यवहार

क) विद्यार्थीहरुसँग कुनै पनि प्रकारको अनौपचारिक वा व्यक्तिगत सम्बन्ध,

ख) जाति, उमेर, लिंग, शारीरिक अवस्था, धर्म, यौनिकता वा राजनीतिक आस्थाका आधारमा विद्यार्थीलाई भेदभावपूर्ण व्यवहार, एवं

ग) बालबालिकालाई अस्वभाविक तरिकाले अँगालो मार्ने, म्वाइँ खाने, धाप मार्ने, सुमसुम्याउने वा छुने, तथा उनीहरुसँग शारीरिक वा यौन सम्बन्ध राख्ने जस्ता कुनै पनि प्रकारका यौनदुर्व्यवहार झल्किने व्यवहार ।

## ११. विद्यार्थीहरुका लागि लागि गर्नुपर्ने र गर्न नहुने आचरण र व्यवहार

### ११.१ गर्नुपर्ने आचरण र व्यवहार

क) विद्यालयमा नियमित र समयमै उपस्थित भई विद्यालयका नियमहरुमो पूर्ण परिपालना गर्ने,

ख) विद्यालयको निर्धारित पोशाकको सम्मान गर्दै विद्यालय आउँदा सधै सफा विद्यालय पोशाक लगाएर आउने,

ग) विद्यालयमा शिक्षकवर्ग तथा आफू भन्दा ठूलालाई सम्मान गर्दै साना विद्यार्थी एवं साथीहरु सँग आत्मीय व्यवहार गर्ने,

घ) विद्यालय हाता तथा कक्षाकोठा स्वच्छ र सफा राख्ने,

ङ) विद्यार्थीले आफ्नो सिकाइ पूर्णरुपमा उपलब्धिमूलक बनाउन आफूले नबुझेका पाठहरु शिक्षकलाई सोध्नुका साथसाथै विद्यार्थी विद्यार्थीविच समेत सिकाइ आदानप्रदान गर्ने वातावरण तयार गर्ने,

च) विद्यार्थीलाई कसैले लोभलालच, धम्की वा डर त्रास देखाएमा बिना डर, संकोच तुरुन्त आफ्नो शिक्षक तथा प्रधानाध्यापकलाई जानकारी दिने,

छ) कुनै पनि प्रकारको बालसंरक्षणसँग सम्बन्धित कार्यको जानकारी पाएमा बालसंरक्षण केन्द्रविन्दु शिक्षकलाई जानकारी गराउने वा गोपनियता कामय गर्न चाहेमा उजुरी/गुनासो पेटिकामा उजुरी लेखेर खसाल्ने,

ज) कुनै व्यक्तिको व्यवहारलाई अवलोकन गरी मात्र विश्वास गर्ने तथा आफूलाई मन नपर्ने कुनै पनि प्रकारको व्यवहार भएमा चुप लागेर नबसी त्यसको प्रतिकार एवं उजुरी गर्ने,

झ) बालक्लवमा सहभागी भई बालअधिकारको प्रवद्र्धन तथा बालसंरक्षणको विषयमा छलफल, अन्तरक्रिया, प्रतियोगिता तथा अन्य कार्यक्रमहरु गर्ने, एवं

ञ) विद्यार्थीहरुले आफूले जानेका बालअधिकार तथा बालसंरक्षण सँग सम्बन्धित जानकारीहरु अरु साथीसँगी, आमाबाबु, भाइबहिनी, नाताकुटुम्व तथा छिमेकीलाई जानकारी गराई सहयोग गर्ने

### ११.२ लागि गर्नुपर्ने  र गर्न नहुने आचरण र व्यवहार

क) आफ्नै, आफूभन्दा साना तथा ठुला कक्षाका साथी तथा अन्य विद्यार्थीहरुप्रति कुनै पनि प्रकारको डर, धम्की वा हेपाइपूर्ण व्यवहार (bullying)

ख) अन्य विद्यार्थीहरुसँग झै झगडा तथा हिंसा

ग) विद्यालयका शिक्षक तथा अन्य कर्मचारीहरु सँग कुनै पनि प्रकारको अनौपचारिक वा व्यक्तिगत सम्बन्ध,

घ) जाति, उमेर, लिंग, शारीरिक अवस्था, धर्म, यौनिकता वा राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण व्यवहार, एवं

ङ) अन्य विद्यार्थीहरुप्रति कुनै पनि प्रकारको दुर्व्यवहार।

## १२. विद्यार्थीसँग सम्बद्ध आगन्तुक, अनुसन्धानकर्ता, स्वयंसेवक तथा अन्य व्यक्तिहरुले गर्नुपर्ने र गर्न नहुने आचरण र व्यवहार

### १२.१ गर्नुपर्ने आचरण तथा व्यवहार

क) विद्यालयको बालसंरक्षण नीतिलाई सम्मान तथा अनुसरण गर्ने,

ख) विद्यार्थीहरु सँग सम्मानपूर्ण व्यवहार गर्ने।

**१२.२ गर्न नहुने आचरण र व्यवहार**

क) जाति, उमेर, लिंग, शारीरिक अवस्था, धर्म, यौनिकता वा राजनीतिक आस्थाका आधारमा विद्यार्थीलाई भेदभावपूर्ण व्यवहार,

ख) बालबालिकालाई अस्वभाविक तरिकाले अँगालो मार्ने, म्वाइँ खाने, धाप मार्ने, सुमसुम्याउने वा छुने तथा उनीहरुसँग शारीरिक वा यौन सम्बन्ध राख्ने जस्ता कुनै पनि प्रकारका यौन दुर्व्यवहार झल्किने व्यवहार,

ग) बालबालिका सँग कुनै पनि प्रकारको छलफल गर्दा उनीहरुलाई मन नपर्ने वा असहज लाग्ने र उनीहरुको भावनामा ठेस पुग्ने व्यवहार,

घ) विद्यार्थीहरु सँग कुनै पनि प्रकारको अनौपचारिक वा व्यक्तिगत सम्बन्ध।

**झ. उजुरी तथा सम्बोधन संयन्त्र**

१३. बाल संरक्षण नीतिसँग सम्बन्धित कुनै पनि क्रियाकलापहरु गर्नको लागि जिम्मेवार व्यक्तिको रुपमा एक केन्द्रविन्दु शिक्षक (फोकल पर्सन) नियुक्त गरिनेछ। सो केन्द्रविन्दु शिक्षकले बालसंरक्षण तथा यस नीति सँग सम्बन्धित सूचना जानकारी सबै माझ पुर्याउन, आचारसंहितामा हस्ताक्षर गराउन तथा उजुरी तथा गुनासोहरुको सम्वोधनमा संयोजकको भूमिका निर्वाह गर्नेछ।

१४. बाल संरक्षणसँग सम्बन्धित उजुरी तथा गुनासोहरु संकलन गर्नाका लागि विद्यालयमा एउटा उजुरी÷गुनासो पेटिका राखिनेछ। सो उजुरी/गुनासो पेटिका विद्यालयका सबै विद्यार्थीले देख्ने तथा पहुँच पुग्ने ठाउँमा राखिनेछ। भन्नुको तात्पर्य, उजुरी/गुनासो पेटिका कुनै शिक्षक, प्रधानाध्यापक वा अन्य कर्मचारीको कोठामा नराखी या सार्वजनिक ठाउँमा (ता कि कसले खसालेको हो भन्ने कुराको कसैले ख्याल नराखोस्) वा गोप्य ठाउँमा (खसालेको कसैले नदेख्ने गरी) राखिनेछ।

१५. बाल संरक्षण सम्बन्धी कुनै पनि उजुरीको सम्वोधन गर्नाका लागि तीन सदस्यीय बालसंरक्षण समिति गठन गरिनेछ। समितिमा एक जना महिला सदस्य हुनु अनिवार्य हुन्छ। सो समितिमा विद्यालय व्यवस्थापन समितिको तर्फबाट एक प्रतिनिधि, शिक्षक अभिभावक समितिको तर्फबाट एक प्रतिनिधि तथा बालसंरक्षण केन्द्रविन्दु शिक्षक सदस्य सचिवको रुपमा रहनेछन्। यस्तो समितिमा आवश्यकता अनुसार बालक्लवका तर्फबाट एकजना बालक र एकजना बालिकालाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

१६. बाल संरक्षण समितिका सबै सदस्यको उपस्थितिमा साप्ताहिक रुपमा सो उजुरी÷गुनासो पेटिका खोलिनेछ। समितिले उजुरी/गुनासो पेटिकाको परेका उजुरीहरुको प्राथमिकीकरण तथा वर्गीकरण गरी तिनीहरुलाई अति गम्भीर, गम्भीर र कम गम्भीर गरी वर्गिकरण गरिनेछ। यस क्रममा अति गम्भीर प्रकृतिको उजुरीको सम्वोधनको लागि बाह्य तथा विशेषज्ञहरु एवं व्यवसायीहरुको पनि आवश्यकता पर्न सक्ने हुनाले बालसंरक्षण समितिको यस्तो प्रकारको उजुरीमा समन्वयकर्ताको भूमिका रहन्छ।

१७. बाल संरक्षण समितिकै कोही सदस्यको विरुद्धमा कुनै उजुरी परेको छ भने सो सदस्य सो समितिबाट तुरुन्तै निलम्बित हुनेछ र अर्को प्रतिनिधि सदस्य सहितको समितिबाट यस्तो उजुरीको सम्वोधन गरिनेछ।

१८. बाल संरक्षण समितिले गरेको कार्वाही चित्त नबुझेमा देहायका व्यक्ति वा निकाय समक्ष अपिल गर्न सकिनेछः

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/शिक्षक अभिभावक संघका अध्यक्ष

ख) सामाजिक विकास समितिका संयोजक

ग) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा र महिला तथा बालबालिका शाखा र वडा कार्यालयहरु,

घ) नजिकको प्रहरी कार्यालय,

ङ) बाल हेल्पलाइन (१०९८) एवं बालबालिका खोजतलास तथा समन्वय केन्द्र (१०४)

च) हेल्लो सरकार (१६६००११००००)

छ) जिल्ला प्रशासन कार्यालय

**ञ. बालसंरक्षण नीतिको अनुमोदन, जानकारी, प्रशिक्षण तथा कार्यान्वयन**

१९. यस बालसंरक्षण नीतिको जानकारी सबैसम्म पुर्याई त्यसको अनुमोदन र संसोधन समेतका लागि कार्यक्रम तथा प्रशिक्षण देहाय अनुसार गरिनेछः

क) सबै विद्यार्थी तथा आगन्तुकहरुको जानकारीको लागि हरेक कक्षाकोठा तथा विद्यालय हाताभित्र अन्य दुईवटा सार्वजनिक स्थानमा बालसंरक्षण नीतिको प्रति राख्न लगाउने,

ख) विद्यालयको बिहानी सभा तथा अभिभावक भेलाहरुमा यस नीतिको बारेमा जानकारी दिने,

ग) शिक्षक तथा कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ एवं बालक्लबको बैठकमा यस नीतिको बारेमा अभिमुखीकरण तथा अन्तरक्रिया गर्ने,

घ) बालसंरक्षण समितिले मासिक रुपमा आफ्नो कामको समीक्षा गर्ने,

ङ) वर्षमा दुई पटक सरोकारवालाहरुको भेला बोलाई समितिको समीक्षा प्रतिवेदन माथि छलफल गर्ने,

च) नीति कार्यान्वयनमा देखा परेका समस्या तथा अन्य व्यवहारिक पक्षलाई सुधार गर्नका लागि सरोकारवालाबीच छलफल र अन्तक्रिया गरी विद्यालय व्यवस्थापन समितिबाट पास गरी संशोधन गर्ने।

**ट. अद्यावधीकरण**

क) वर्षमा एक पटक वा आवश्यकतानुसार साझेदार संस्था र सरोकारवालाहरुको भेला बोलाई विद्यालयको बाल संरक्षण नीति, २०७८ को समीक्षा गरिने छ

ख) साझेदार संस्था र सरोकारवालाहरुको भेलाबाट विद्यालयको बाल संरक्षण नीति, २०७८ संशोधन वा परिमार्जन गर्न सकिनेछ।

## ठ. कार्ययोजना

### विद्यालयको बाल संरक्षण नीति कार्यान्वयन योजना, २०७८

**विद्यालयको नाम: ................................ ठेगाना: ...................**

| क्र सं | क्रियाकलाप विवरण | मिति | | सहभागी | प्रतिफल | नतिजा | जिम्मेवार व्यक्ति | बजेट रकम | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

विद्यालयमा कार्ययोजना पारित भएको मितिः

(**SAC Nepal** को प्राविधिक सहयोगमा निर्मित)

## शैक्षिक हब कोहलपुर : अवधारणा पत्रको प्रस्ताव (मस्यौदा)

१. **हब (HUB) के हो**

- The central part of a wheel (चक्काको केन्द्र)
- A point where many routes meet (धेरै बाटोहरु भेट हुने विन्दु)
- the effective centre of an activity, region, or network (कुनै क्रियाकलाप क्षेत्र वा सञ्जालको केन्द्र)
- संस्थागत हबहरु जस्तै मिडिया हब, आई.टी. हब, फिल्मी हब, तालिम हब, आदि ।

२. **शैक्षिक हब के हो**

- शैक्षिक हब भनेको शिक्षाको केन्द्र, विद्यालय वा शिक्षालयहरुको मुख्य केन्द्रबिन्दु वा सङ्गमस्थल हो ।
- शैक्षिक हब बनाउने भनेको वरिपरिका र टाढाका स्थानहरुबाट आएर बस्ने र शैक्षिक योग्यता हासिल गर्ने ठाउँ बनाउनु हो ।
- शिक्षामा हब बनाउने भनेको स्थानीय, स्वदेशी र विदेशी विद्यार्थी, शिक्षक तथा प्राज्ञिक व्यक्तिहरु अध्ययन अध्यापनका लागि आउन र बस्न रुचाउने ठाउँ बनाउनु पर्छ भनेको हो ।
- यो दीर्घकालीन सोच सहितको शिक्षामा लगानी पनि हो ।
- विकास मानवका लागि हो । तर विकासका लागि मानव संसाधन नभइ नहुने कुरा पनि हो । ठुलो संख्यामा र छोटो समयमा धेरै किसिमका मानव संसाधन विकास गर्न शैक्षिक हबहरु आवश्यक पर्दछन् ।
- यसले शिक्षामा गरिने लगानीलाई दिगो र मितव्ययी बनाउँछ ।

३. **शैक्षिक हबका स्वरुपहरु**

- कुनै एउटा बहुद्देशीय शैक्षिक संस्थाले आफूलाई एक शैक्षिक हबका रुपमा प्रस्तुत गर्न सक्छ ।
- कुनै एक स्थानीय तह वा शहरले स्थानीय वा क्षेत्रीय स्तरको एक शैक्षिक हबका रुपमा प्रस्तुत गर्न सक्छ ।
- कुनै एक प्रान्त वा प्रदेशले प्रदेश स्तरको एक शैक्षिक हबका रुपमा प्रस्तुत गर्न सक्छ ।
- एउटा देशै पनि अन्तरराष्ट्रीय स्तरको शैक्षिक हबका रुपमा प्रस्तुत हुन सक्छ ।
- तर यी सबै प्रकारका हबहरु एक्कासी स्थापित हुन सक्दैनन् । यसका लागि दीर्घकालीन सोच, निरन्तरको प्रयत्न तथा सरोकारवालाहरुको समर्थन र सहयोग आवश्यक हुन्छ ।

४. **शैक्षिक हबको अभ्यास**

- पुराना शैक्षिक हबका केही उदाहरणहरु

– नेपालका गुरुकूल गुम्बा मदरसा आदि जस्ता धार्मिक तथा परम्परागत विद्यालयहरु
– भोजपुरको दिङला, तनहुँको देवघाट आदि
– भारतमा रहेका नालन्दा, देहरादुन, दार्जिलिङ, वाराणशी, आदि ।

- आधुनिक शैक्षिक हब
  - भारतको राजस्थान शैक्षिक हब, बैंगलोर आइ.टी. तथा नर्सका लागि हब,
  - बंगलादेश सस्तो मेडिकल कलेजका लागि हब ,
  - चीन सस्तो मेडिकल शिक्षा र टेक्नोलोजीका लागि हब,
  - थाइलैन्ड दक्षिणपूर्वी एशियाकै शैक्षिक हब बन्ने लाइनमा छ,
  - सिंगापुर सिंगै देश प्राविधिक शिक्षाको हबका रुपमा स्थापित छ,
  - अस्ट्रेलियाका मुख्य शहरहरु विभिन्न प्रकारका शिक्षा दिने कलेज र विश्वविद्यालय भएको हब ,
  - यु.के.(बेलायत) का विभिन्न शहरमा रहेका विश्वस्तरीय शिक्षा दिने कलेज र विश्वविद्यालयहरु,
  - सं.रा.अमेरिका विभिन्न राज्य र शहरमा रहेका कलेज र विश्वविद्यालयहरु

**५. सन्दर्भ**

- कोहलपुर नगरपालिकाले शैक्षिक हब नगर बनाउने सोच ल्याएको सन्दर्भमा कोहलपुर नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले यो अवधारणा पत्र प्रस्ताव स्वरुप ल्याएको हो।

**६. नतिजा**

- कोहलपुर **"बहुसंकाय शैक्षिक केन्द्रविन्दुको शहर"** का रुपमा स्थापित हुनेछ।

**७. प्रभाव**

- आउँछन्, पढछन्, रमाउँछन् र श्रमबजारमा बिक्छन् ।
- पढन जाने भए कोहलपुर जाने भन्दै आउँछन्।
- रोजेको खोजेको शिक्षा कोहलपुरमा पाइन्छ भन्ने अवधारणाको विकास हुन्छ।

**८. उपलब्धि**

- उच्चतम सिकाइ उपलब्धि हासिल हुने
- रोजगारको बजारमा सहजै बिक्ने
- आत्मसम्मान र गौरवको परियोजना हुने
- शैक्षिक गन्तव्यको थलो बन्ने
- विदेशिने क्रममा कमी आउने
- ज्ञानमा आधारित अर्थतन्त्रको विकास हुने
- रसायनिक तथा वायुमण्डलीय प्रदुषण रहित उद्योगका रुपमा देखिने
- स्थानीयहरुमा गौरवको भावना जागृत हुने

**९. प्रतिफल**

- विद्यालयहरुको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ हुने
- शिक्षकहरुको काम गर्ने मनोबल र उत्साहमा अभिवृद्धि हुने
- एक विद्यालय एक विशिष्टीकरण स्थापना हुने

- विद्यार्थी संख्यामा वृद्धि हुने
- विद्यार्थीहरुलाई अध्ययन गर्न चाहेको संकाय र विद्यालय छनोट गर्ने अवसर प्राप्त हुने

**१० .रणनिति र कार्यनीति**

रणनीति १. प्रबोधीकरण

- शैक्षिक सम्मेलन गर्ने
- नतिजा श्रृंखला विकास गर्ने
- आदर्श नारा तय गर्ने
- ब्रोसर निर्माण गर्ने

रणनीति २. समर्थन, सहयोग र भूमिका

- साझा एजेन्डा (जनप्रतिनिधि, सबै पेसा र समुदायका जनता)
- सचेतीकरण
- जनसहभागिता
- प्रतिबद्धता
- संघीय, प्रदेश तथा स्थानीय सरकारका निकाय, जनप्रतिनिधि, सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, अभिभावक, नागिरक समाज आदि सबैको भूमिका पहिचान गर्ने

रणनीति ३. शैक्षिक नीति तथा पूर्वाधार

- निरक्षरता उन्मूलन र निरन्तर शिक्षा कार्यक्रम
- शत प्रतिशत भर्ना र विद्यालय छाडने प्रवृत्तीमा न्यूनीकरण
- उच्च ग्रेडमा उत्तीर्ण गर्ने विद्यार्थीको संख्यामा निरन्तर वृद्धि
- शिक्षकहरुको उच्चतम प्राज्ञिक तथा पेसागत योग्यता
- विद्यालय समायोजन
- अध्ययन अनुसन्धान जीवनोपयोगी सीप तथा उद्यमशीलतामा आधारित शिक्षा पद्धति
- उच्च मावि तथा उच्च शिक्षामा विद्यालयगत तथा कलेजगत सकाय वितरण
- भरच्युअल कक्षा, अनलाइन तथा दूर शिक्षा विधि
- शैक्षिक सामग्रीले सम्पन्न तथा प्रयोगात्मक कक्षाहरु
- समावेशी, बालमैत्री शिक्षा
- वैकल्पिक शिक्षाका विधि
- बालश्रमको उन्मूलन
- प्राविधिक शिक्षा र उच्च शिक्षामा अन्तर्राष्ट्रियस्तरका विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने
- विदेशमा पढाइ हुने कोर्स र त्यहाँ सञ्चालन हुने शैक्षिक कार्यक्रम ल्याउने (फ्रेन्चाइज)
- उच्च शिक्षापछि केही सेलेक्टेडलाई जब-प्लेसमेन्टमा सहयोग

- विद्यार्थीहरुलाई स्वदेशी तथा विदेशी टप कलेजमा सिफारिस
- विपन्न तथा जेहेनदार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था
- अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण
- अध्ययन तथा अभ्यास केन्द्र (Study Hubs)
- आइ टी र डिजिटल डिस्प्लेयुक्त कक्षाकोठा
- छापाका सामग्रीयुक्त कक्षाकोठा

रणनीति ४. विद्यालय तथा जनशक्ति व्यवस्थापन

- विद्यालयहरुको छनोट र प्रतिबद्धता प्राप्ति
- आवश्यकतामा आधारित आवधिक शिक्षक दरबन्दी मिलान
- वडाहरुमा शिक्षकहरुको समानुपातिक वितरण र आवधिक सरुवा
- सेवाकालीन अध्ययन र तालिमको अवसर
- विद्यालय विकास प्रस्तावका आधारमा छनौट भएका अधिकार सम्पन्न प्रधानाध्यापक
- समकालीन आवश्यकतानुसार आफूलाई अद्यावधिक गर्न नसक्ने शिक्षकलाई फूर्सद वा वैकल्पिक व्यवस्था
- आगन्तुक विशेषज्ञ र स्रोतव्यक्तिहरुको व्यवस्था
- विज्ञ र परामर्शदाताहरुको नियुक्ति
- ख्यातिप्राप्त विदेशी कलेजका शिक्षकहरुबाट शिक्षणको व्यवस्था
- क्षमता विकासका कार्यक्रम
- विद्यार्थी शिक्षक कर्मचारीलाई बीमा सुविधा
- आन्तरिक सुरक्षा प्रबन्ध

रणनीति ५. भौतिक पूर्वाधारको विकास र सुदृढीकरण

- पूराना डिजाइनका र काम नलाग्ने भवनलाई हटाउँदै जाने
- मल्टी परपोज तथा बहुतले भवन बनाउन मिल्ने जग हाली भवन निर्माण शुरु गर्ने
- विद्यालयको खाली जग्गामा जथाभावी भवन बनाउने कार्य रोक्ने
- बीग स्कुलको अवधारणा ल्याउने
- निरन्तर उपलब्ध हुने खानेपानी
- सुविधायुक्त बाहिरी र एटेच शौचालय
- विद्यालयमा सुविधायुक्त कक्षाकोठाहरु
- कुलर एसी एटेच शौचालयको प्रबन्ध गर्दै जाने
- विद्यालयमा रङशाला पोखरी पार्क आदिको व्यवस्था गर्ने
- शैक्षिक पर्यटन र गन्तव्यको थलो बनाउने
- हरेक विद्यालयमा प्राथमिक उपचार तथा स्वास्थ्यकर्मी उपलब्ध गर्ने

- स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने
- यातायातका साधन जस्तै स्कुल बस जीप बाइक आदिको व्यवस्था गर्दै जाने
- क्यान्टीन तथा सभाहलहरुको व्यवस्था गर्ने
- पुस्तकालय, म्युजियम तथा विषयगत प्रयोगशालाहरु
- संगीतशाला तथा व्यायाम हलहरु
- खेलकुद र अन्य अतिरिक्त क्रियाकलापहरु
- सुचना प्रविधिका हिसाबले सुविधा सम्पन्न बनाउने
- निरन्तर विद्युत आपूर्तिको व्यवस्था गर्ने
- होस्टलको व्यवस्था
- अपाङगमैत्री भौतिक सुविधा

रणनीति ६. शैक्षिक योजनाहरुको पुनरावलोकन पुनर्लेखन तथा अद्यावधीकरण

- विद्यालय सुधार योजनाको पुनरावलोकन तथा अद्यावधीकरण
- विद्यालयहरुको सुधारिएको वार्षिक कार्ययोजना
- शिक्षकहरुको वार्षिक विषयगत शिक्षण योजना
- शिक्षकहरुको दैनिक शिक्षण नोट वा योजना

रणनीति ७. संवाद र सहकार्य

- सामुदायिक तथा संस्थागत विद्यालयहरुसँग सहकार्य
- उद्योग वाणिज्य संघ (यातायात, होटल, कलकारखाना र फ्याक्ट्री) सँग सहकार्य
- प्राविधिक शिक्षालयहरुसँग सहकार्य
- स्वदेशी तथा विदेशी विश्व विद्यालयहरुसँग सहकार्य
- स्थानीय रोजगारदाताहरुसँग सहकार्य (विपन्नहरुलाई पढाइपछि लगत्तै रोजगारीका लागि)
- अस्पताल लगायत सामुदायिक संघ संस्थाहरुसँग सहकार्य
- सञ्चार माध्यमहरुसँग सहकार्य
- विदेशी विश्व विद्यालयहरुसँग सिधा सम्बन्ध र सहकार्य (फ्रेन्चाइज)

रणनीति ८. समन्वय

- संघीय तथा प्रदेश सरकार तथा आसपासका स्थानीय सरकारसँग समन्वय र समर्थन जुटाउने
- संघीय सरकारका निकायसहरुसँग समन्वय
- पेसागत संघ संगठनहरुसँग समन्वय
- विभिन्न राजनितिक दल तथा समुदायहरु

रणनीति ९ डकुमेन्टेसन

- आवश्यकता पहिचानका लागि अनुसन्धान गर्ने
- गुरुयोजना विकास गर्ने

- डीपीआर तयारी गर्ने
- कार्यविधि विकास गर्ने

रणनीति १०. अन्य

- तदर्थ समितिको गठन गर्ने
- सचिवालयको स्थापना गर्ने
- सचिवालयको लागि बजेट व्यवस्था गर्ने
- आर्थिक स्रोतका लागि दातृ तथा सहयोगी निकायहरुको पहिचान र पहल गर्ने

११. **कोहलपुरमा स्थापना गरिने शैक्षिक हबका विशेषताहरु**

- मापदण्ड बमोजिमका विद्यालयहरु
- व्यावहारिक र गुणस्तरीय शिक्षा
- शैक्षिक गन्तव्य
- सुविधायुक्त शैक्षिक वातावरण
- उच्चतम शैक्षिक नतिजा र सिकाइ उपलब्धि
- रोजगारी र बजारको मागमा आधारित शिक्षा
- तालिम प्राप्त र पूर्ण प्राज्ञिक योग्यता प्राप्त शिक्षकहरुबाट शिक्षण
- अन्तरराष्ट्रिय कोर्स र शिक्षा प्रणालीको उपलब्धता
- अभिभावक र विद्यार्थीहरुको सन्तुष्टि
- विद्यार्थीका लागि रोजाइको उत्तम विकल्प
- विभिन्न देशका शैक्षिक संस्थाहरुसँग अन्तरराष्ट्रिय सम्बन्ध स्थापित शैक्षिक संस्थाहरु

१२. **सम्भावना**

- स्वायत्त तथा अधिकार सम्पन्न स्थानीय सरकार
- विस्तृत भौगोलिक क्षेत्र तथा जनसांख्यिक पृष्ठभूमि
- तुलनात्मक रुपमा सस्तो मूल्यको बजार
- तुलनात्मक रुपमा उपयुक्त हावापानी
- हवाइ तथा स्थल यातायातको सुविधा
- स्थलगत परियोजना कार्य र अध्ययन अनुसन्धानका लागि उपयुक्त भौगोलिक तथा सामाजिक वातावरणको विविधता
- बिदा मनाउन उपयुक्त पर्यटकीय स्थलहरु
- स्थानीय कृषि उपज
- गुणस्तरीय शिक्षाप्रति बढदो माग
- शिक्षामा लगानी गर्ने तत्परता
- छिमेकी मित्र राष्ट्र जानेआउने सुविधा

- लगानीकर्ताहरुको तत्परता
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार
- संस्थागत विद्यालयहरुको क्षमता र शैक्षिक तथा भौतिक पूर्वाधार
- सामाजिक जैविक तथा भौगोलिक विविधता

१३. **चुनौती**

- स्थानीय सरकारसँग हुने न्यून आर्थिक बजेट
- विद्यालयमा रहेका कमजोर भवन र पुरातन भौतिक सुविधा
- जनचेतनाको कमी
- स्वदेशी शिक्षामा विश्वासको संकट
- सामाजिक तथा राजनीतिक खिचातानी र पूर्वाग्रह
- प्रतिबद्धता र इच्छाशक्तिको कमी
- चोक बजारमुखी प्रवृत्ति
- अपनत्वको कमी
- केन्द्रीय अस्थिर शैक्षिक नीति
- तीन तहका सरकारबीच शैक्षिक तथा आर्थिक अधिकारको अन्योलता

तयारकर्ता:
अनन्तकुमार पौड्याल

## मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरुको नाम र सम्पर्क नम्बर

| क्र. सं. | नाम थर | पद | वार्ड नं. | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | लुट बहादुर रावत | मेयर | | ९८५८०४०८०४ |
| २ | सञ्जुकुमारी चौधरी | उप मेयर | | ९८५८०४०८०६ |
| ३ | छविलाल नेपाली | प्रमुख प्रशासकीय अधिकृत | | ९८५८०६७१११ |
| ४ | अनन्तकुमार पौड्याल | शिक्षा प्रमुख | | ९८५८०४१०५६ |
| ५ | गोपीलाल खनाल | वडाध्यक्ष | १ | ९८५८०४४०५४ |
| ६ | कर्ण सिंह बुढा क्षेत्री | वडाध्यक्ष | २ | ९८४८०२८६२९ |
| ७ | माधव रिजाल | वडाध्यक्ष | ३ | ९८५८०३९७६० |
| ८ | तिरथराम थारु | वडाध्यक्ष | ४ | ९८४८१३३८५२ |
| ९ | विष्णु प्रसाद तिवारी | वडाध्यक्ष | ५ | ९८५८०२४८१९ |
| १० | राम शरण थारु | वडाध्यक्ष | ६ | ९८४८०२७२६३ |
| ११ | दिपक जङ्ग शाह | वडाध्यक्ष | ७ | ९८४८०३५३५१ |
| १२ | रेशम बहादुर खत्री | वडाध्यक्ष | ८ | ९८५८०२२८०८ |
| १३ | ठाकुर प्रसाद थारु | वडाध्यक्ष | ९ | ९८१६५६६०२० |
| १४ | निम बहादुर चलाउने | वडाध्यक्ष | १० | ९८५८०२०७९३ |
| १५ | कर्ण बहादुर थापा | वडाध्यक्ष | ११ | ९८५८०२१२०७ |
| १६ | कृष्ण बहादुर खड्का | वडाध्यक्ष | १२ | ९८५८०२२६७५ |
| १७ | ओम प्रकाश वली | वडाध्यक्ष | १३ | ९७४८००१६०५ |
| १८ | टेकचन हरिजन | वडाध्यक्ष | १४ | ९८४८०९५४९९ |
| १९ | पतिराम थारु | वडाध्यक्ष | १५ | ९८१६५६१४०२ |
| २० | नारायणी वली | सा.वि.स. संयोजक | | ९८४८२७४०११ |
| २१ | लिलाकुमारी पाण्डे | कार्यपालिका सदस्य | | ९८४४८५१८३२ |
| २२ | गीता सुनार | कार्यपालिका सदस्य | | ९८२२५३५१६२ |
| २३ | कल्पना शर्मा | कार्यपालिका सदस्य | | ९८४८१३४८२२ |
| २४ | शान्ति सुनारनी | कार्यपालिका सदस्य | | ९८४८१७६८९६ |
| २५ | दयाराम विक | कार्यपालिका सदस्य | | ९८४८०९५५०० |
| २७ | भीमबहादुर नेपाली | कार्यपालिका सदस्य | | ९८४८०२५३०१ |
| २८ | डिलबहादुर परियार | कार्यपालिका सदस्य | | ९८५८०२३६०६ |
| २९ | अग्नि आचार्य | कार्यक्रम तथा योजना | | ९८४८०१९४५२ |
| ३० | सुदिपसिंह सुनार | लेखा अधिकृत | | ९८५८०४२२९० |

| बालविकास केन्द्रमा दैनिक गर्नुपर्ने न्युनतम क्रियाकलापहरु (बालविकास मार्गदर्शन, २०६७) | |
|---|---|
| क्र.सं. | न्युनतम क्रियाकलापहरु |
| १ | स्वागत |
| २ | सरसफाइ अवलोकन |
| ३ | व्यायाम |
| ४ | प्रार्थना |
| ५ | दिसापिसाब गराउने |
| ६ | घेरा समय |
| ७ | हाजिरी |
| ८ | समय र मौसम मिलाउने |
| ९ | विषयवस्तु सम्बन्धी सामुहिक क्रियाकलाप (गीत, कथा, अभिनय, सिर्जनात्मक चाल, पूर्वसाक्षरता क्रियाकलाप र बालबालिकाको मौलिक क्रियाकलाप) |
| १० | पुनरावलोकन र ठुलो समुहमा छलफल |
| ११ | आराम |
| १२ | पूर्व साक्षरता क्रियाकलाप |
| १३ | सामूहिक स्वतन्त्र खेल, समूह खेल र स्वावलम्बन सिप विकास खेल |
| १४ | खाजा समय |
| १५ | बाहिरी खेल |
| १६ | पुस्तकालय तथा स्वतन्त्र लेख्ने क्रियाकलाप र पुस्तक प्रयोग गरेर कथा सुनाउने र पढने |
| १७ | विदाइ गीत |